यश्च इत्थमनाद्यनन्तस्य शब्दब्रह्मणः विवर्तं जगत् स्वीकरोति, स नहि कश्चित् क्षणिकविज्ञानवादी बौद्धः भवितुं शक्नोति । तस्य परब्रह्मणः प्राप्तेरुपायभूतो वेदश्च च येन स्वीकृतः न स वेदवाह्यो बौद्धः भवितुं शक्नोति ।
– आचार्यः शब्दं ब्रह्म, कालशक्तिं च तस्यब्रह्मणः स्वतन्त्रशक्तिं मनुते । यथा–

अध्याहितकलां यस्य कालशक्तिमुपाश्रिताः । जन्मादयो विकाराः षड् भावभेदस्य योनयः[१७] ॥

तमस्य लोकतन्त्रस्य सूत्रधारं प्रचक्षते । प्रतिबन्धाभ्यनुज्ञाभ्यां तेन विश्वं विभज्यते[१८] ॥

अत्र ब्रह्मणः शक्तेरभिन्नत्वं शक्तेराश्रयत्वञ्च स्वीकृतम् नहि सिद्धान्तोऽयं तथागतानाम् ॥

तत्र वाक्यपदीयेऽन्यानि प्रमाणानि सन्ति यैस्तस्य भर्तृहरेः वैदिकधर्मानुयायित्वं प्रमाणयन्ति । तत्र प्रसङ्गतः दिङ्मात्रमत्र प्रस्तूयते ।

तत्र वाक्यपदीये व्याकरणं स्मृतित्वेन ब्रह्मप्राप्त्युपायत्वेन च मनुते भर्तृहरिः[१९] । स्मृतयश्च वेदमूलकानि[२०] एव, व्याकरणं वेदाङ्गेषु प्रधानम्[२१], शब्दब्रह्मणःछन्दोमयीतनुत्वम्[२२], वेदशब्दादेव जगत उत्पत्तिः[२३], समस्तप्राणिषु अवस्थिता चेतनाशक्तिरपि शब्द एव[२४], समस्तागमानां सकर्तृकत्वेन विनाशशीलम्, परन्तु आगममूला वेदत्रयी नित्या व्यवस्थिता इति कथनम्[२५], वेदशास्त्रानुरोधी तर्क एव चक्षुरिति साधनम्[२६], आत्मनश्च नित्यत्वस्वीकारः[२७] इत्यादिभिः प्रमाणैः एतांश्च वाक्यपदीयकारस्य विचारान् दृष्ट्वा भर्तृहरेः वौद्धत्वे नाङ्गीकरोति चेतः सहृदयानाम् । अथवा इत्सिङ्महोदयस्य यात्राकाले कस्यचन बौद्धानुयायिनः अन्यस्य भर्तृहरेः विषयः श्रुतःस्यात् । नहि कश्चित् वाक्यपदीयं शतकत्रयञ्च विलोक्य तद्रचयितारं विद्वांसं भर्तृहरिं वौद्धं कथयेत् ? अस्तु

वाक्यपदीयस्यकारिकाणां भाष्यमूलकत्वकथनम्–

पातञ्जलमहाभाष्ये प्रसङ्गतःकुत्रचित् प्रदर्शिताः व्याकरणदर्शनमूलभूतसिद्धान्ताः महाभाष्याध्ययनाध्यापनावरोधेन नष्टप्रायाः रावणरचिताः चन्द्राचार्यैः पुनरुज्जीविताः तत्प्रचाराभिलाषिणा स्वगुरोः वसुरातात्लब्धविद्येनाचार्येण भर्तृहरिणा वाक्यपदीये समाविष्टाः । प्रत्येककारिका च भाष्यस्थवाक्यमाधृत्यैव विरचिता । भाष्ये त्रिपाद्याः यथाम्बाम्वेति शिक्षमाणो वालोऽन्यथोच्चारयति इति वाक्यमाधृत्य उक्तम् यथा- ।

अम्वाम्वेति यथा बालः शिक्षमाण प्रभाषते । अव्यक्तं तद्विदां तेन व्यक्ते भवति निश्चयः ॥[२८] इत्यादयः ।

वाक्यपदीयं नामकरणम् ।

आचार्यभर्तृहरिविरचिताः ग्रन्थाः पूर्वोद्धृताः । तेषु वाक्यपदीयमन्यतमम् । तस्य परिचयः किञ्चिदत्र प्रस्तूयते ।

वाक्यञ्च पदञ्च वाक्यपदे, ते अधिकृत्य कृतो ग्रन्थो वाक्यपदीयम् इति तस्य व्युत्पत्तिः । यस्यार्थो भवति-वाक्यस्य पदस्य च विषये विचारारम्भात्मको ग्रन्थः इति । अस्मिन् ग्रन्थे काण्डत्रयम् वर्तते, अतः त्रिकाण्डीति अपरं नामास्य । वाक्यपदयोः विषये विचारकग्रन्थत्वेन अस्य काण्डद्वयं सिद्धमिति केषाञ्चन विदुषां मतम्[२९]। तृतीयञ्च काण्डं प्रकीर्णककाण्डत्वेन ग्राह्यमिति तेषां विचारः । द्वितीयकाण्डान्ते ग्रन्थसमाप्तिकामनया प्रस्तुतेन अधस्तन श्लोकेनापि मतमिदं पुष्टम् ।

वर्त्मनामत्र केषाञ्चिद् वस्तुमात्रमुदाहृतम् । काण्डे तृतीये न्यक्षेण भविष्यति विचारणा[३०] ॥

अथ च वाक्यपदीयस्य स्वोपज्ञटीकापि काण्डद्वयपर्यन्तमेवोपलब्धा अद्यावधिः । अतः सिद्ध्यति आचार्यो भर्तृहरिरपि प्रथमद्वितीयकाण्डयोरेव वाक्यपदीयत्वं स्वीकरोति इति ।

उपर्युक्त द्वितीयकाण्डान्तस्थकारिकायां तृतीयकाण्डरचनाप्रतिज्ञामपि आचार्यस्तत्रैवाकरोत् । तृतीयकाण्डं विना काण्डद्वयमस्पष्टं भवतीति निश्चितप्रायम् ।

वाक्यपदीयस्थाः सर्वा अपि कारिकाः नैव भर्तृहरिविरचिताः, बहुशः कारिकाः संग्रहग्रन्थाच्चोद्धृताः इति

---

१६ तत्रैव १/५
१७ तत्रैव १/३
१८ तत्रैव ३/४ कालसमुद्देश
१९ यदेकं प्रक्रियाभेदैर्बहुधा प्रविभज्यते । तद्व्याकरणमागम्य परं ब्रह्माधिगम्यते । वा.प. १/२२
२० स्मृतयो बहुरूपाश्च दृष्टादृष्टप्रयोजनाः तमेवाश्रित्य लिङ्गेभ्यो वेदविद्भिः प्रकल्पिताः ॥ वा.प. १/७
२१ आसन्नं ब्रह्मणस्तस्य तपसामुत्तमं तपः । प्रथमं छन्दसामङ्ग प्राहुर्व्याकरणं बुधाः । वा.प. १/११ ।
प्रधानं च षट्स्वङ्गेषु व्याकरणम् (म.भा. १ आ.)
२२ अत्रातीतविपर्यासः केवलामनुपश्यति । छन्दस्यश्छन्दसां योनिमात्मा छन्दोमयीं तनुम् । वा. १/१७
२३ शब्दस्य परिणामोऽयमित्याम्नायविदो विदुः । छन्दोभ्य एव प्रथममेतद्विश्वं व्यवर्तत । वा.प. १/१२०
२४ सैषा संसारिणां संज्ञा बहिरन्तश्च वर्तते । तन्मात्रामनतिक्रान्तं चैतन्यं सर्वजन्तुषु ॥ वा.प. १/१२६
२५ न जात्वकर्तृकं कश्चिदागमं प्रतिपद्यते । बीजं सर्वागमापाये त्रय्येवातो व्यवस्थिता । वा.प. १/१३३
२६ वेदशास्त्राविरोधी च तर्कश्चक्षुरपश्यताम् । रूपमात्राद्धि वाक्यार्थः केवलान्नावतिष्ठते ॥ १/१३६
२७ आत्मा वस्तु स्वभावश्च शरीरं तत्त्वमित्यपि । द्रव्यमित्यस्य पर्यायस्तच्च नित्यमिति स्मृतम् ॥ वा.प. ३/ द्रव्यसमुद्देश

२८ वा.प. १/१५२
२९ वा.प. भूमिकायाम्
३० वा.प. २/४८४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केषाञ्चिन्मतम् । व्याकरणागमरक्षायै प्रवृत्त आचार्य गुरुविरचितागम संग्रहाच्चोद्धरति याः काश्चन कारिकाश्चेत् नात्र चित्रम् ।

वाक्यपदीयस्थकारिकाणां संख्या–

अद्यतनेषूपलब्धेषु पुस्तकेषु वाक्यपदीयस्य ब्रह्मकाण्डे १५६ कारिकाः, वाक्यकाण्डे ४८६ कारिकाः पदकाण्डे च १२१८ कारिका उपलभ्यन्ते । सर्वमाहत्य १८६० कारिकाणां संख्या दृश्यते । तत्र केषुचित् संस्करणेषु कारिकाणां न्यूनाधिक्यमपि दृश्यते । वाक्यपदीयस्थाः १४० कारिकाः सम्प्रति नैवोपलभ्यन्ते अथवा नष्टा इति[३१] केषाञ्चिन् मतम् ।

हरिविरचितेत्युक्ता भट्टोजिदीक्षितादिभिः स्मृता कतिपयकारिकाः उपर्युक्तकारिकासंख्या- यामपरिगणिताः । यतः ग्रन्थे ताः न दृश्यन्ते । यथा–

अपाये यदुदासीनं चलं वा यदि वाचलम् ।
ध्रुवमेवातदावेशात्तदपादानमुच्यते[३२] ॥
पततो ध्रुव एवाश्वो यस्मादश्वात्पतत्यसौ । तदाप्यश्वस्य पतने कुड्यादि ध्रुवमिष्यते[३३] ॥

वाक्यपदीयस्य द्वितीयकाण्डस्य ७९ तम्यां कारिकाया[३४] पुष्पराजो व्याख्याति–एतेषां वितत्य सोपपत्तिकं सनिदर्शनं स्वरूपं पदकाण्डे लक्षणसमुद्देशे विनिर्दिष्टमिति ग्रन्थकृतैव स्ववृत्तौ प्रतिपादितम् । आगमभ्रंशाल्लेखकप्रमादादिना वा लक्षणसमुद्देशश्च पदकाण्डमध्ये न प्रसिद्धः इति । तथा चात्रैव पुण्यराजः- यस्मादुक्तम् । संयमपरिमाणविककल्पावाधा विस्तरेण वाधासमुद्देशे समर्थयिष्यते । इति[३५] ।

उपर्युक्तव्याख्यानखण्डे उल्लिखिते लक्षणसमुद्देशः- वाधासमुद्देशश्चेति प्रकरणेऽद्यावधि- समुपलब्धसंस्करणेषु नैवदृग्गोचरी भवतः ।

वाक्यपदीयस्यटीकाः-

आचार्येण भर्तृहरिणा व्याकरणागमस्य वास्तविकं रूपमत्र वाक्यपदीये शुद्धकारिकायाःरूपेण प्रकटितम् । कारिकया एव पूर्णविषयविवेचनमसम्भवम् । तेन हरिणैव पूर्वं काण्डद्वयोः स्वोपज्ञवृत्तिरपि विहिता । आचार्यो मम्मट, न्यायमञ्जरीकारो जयन्तादिभिश्च वृत्तिसहिता कारिकाः एव वाक्यपदीयमिति स्वीकृतं वर्तते । मम्मटेन च स्वकीये काव्यप्रकाशे 'नहि गौः स्वरूपेण गौः, नाप्यगौः गोत्वाभिसम्वन्धात्तु गौरिति' वाक्यपदीयस्थपंक्तेरुल्लेखो व्यधायि ।

वाक्यपदीयकारिकायामाचार्येणैव वृत्तिर्लिखितेति पूर्वमुक्तम् । तदनन्तरं द्वितीयकाण्डस्य टीका पुण्यराजेन लिखिता । सोऽयं पुण्यराजः काश्मीराधिपतिः राजानकशूरवर्मसमयभवः शशाङ्कस्य शिष्यः सहदेवगुरोरयं लब्धव्याकरणविद्यः इति अस्यैव टीकाया अन्ते लिखितेन श्लोकेन ज्ञायते । यथा-

तत उपसृत्य विरचिता राजानकशूरवर्मनाम्ना वै ।
शशाङ्कशिष्याच्छ्रुत्वैतद्वाक्यकाण्डं समासतः[३६] । इति

वाक्यपदीयस्य टीकाकृत्सु हेलाराजो द्वितीयः । अनेन वाक्यपदीयस्य तृतीयकाण्डोपि टीकितः । कश्मीराधिपतेः मुक्तापीडस्य प्रधानमन्त्रिणः लक्ष्मणस्य वेशे भूतिराजस्य पुत्ररूपेण हेलाराजो जन्म लेभे इति तृतीयकाण्डान्तेन तल्लिखितेन श्लोकेन ज्ञायते[३७] । यथा–

मुक्तापीड इति प्रसिद्धिमगमत्कश्मीरदेशे नृपः ।
श्रीमान् ख्यातयशा बभूव नृपतेस्तस्य प्रभावानुगः ।
मन्त्री लक्ष्मण इत्युदारचरितस्तस्यान्ववाये भवो
हेलाराज इमं प्रकाशमकरोच्छ्रीभूतिराजात्मजः ॥ इति तत्र लक्ष्मणान्वये कतितमे वंशे भूतिराजस्य जन्म इति तु सन्दिग्ध एव । अभिनवगुप्त स्वकीये गीताभाष्ये भूतिराजस्य पुत्रं भट्टेन्दुराजं स्वगुरुं मनुते । एतेन भट्टेन्दुराजहेलाराजौ सहोदराविति सिद्ध्यति । अभिनवगुप्तस्याधारेण हेलाराज क्रैस्ताब्दस्य दशमशताब्दीयोत्तरार्द्धमित्यनुमीयते । महाकवेः कल्हणस्य राजतरङ्गिण्याञ्च हेलाराजस्य चर्चा दृश्यते यथा–

वद्धा द्वादशभिर्ग्रन्थसहस्रैः पार्थिवावलिः । प्राङ्महाव्रतिना येन हेलाराजद्विजन्मना ।

कल्हणस्य समयः क्रैस्ताब्दस्यैकादशी शताब्दिरिति कीथप्रभृतयः मन्वते[३८] । तेनापि हेलाराजः कल्हणादपि पूर्ववर्ती इति सिद्ध्यति ।

हेलाराजो वाक्यपदीयस्य शब्दप्रभानाम्नी टीका व्यरीरचत । तट्टीकालेखनात् पूर्वं क्रियाविवेक, वार्तिकोन्मेष, अद्वयसिद्धिनामानि त्रीणि ग्रन्थरत्नानि हेलाराजः लिखितवानिति शब्दप्रभादर्शनेन ज्ञायते ।

वाक्यपदीयस्यान्ये टीकाकृदाचार्याः ।

आचार्यस्य भर्तृहरेः वाक्यपदीयस्यान्ये व्याख्यातारो यथा-वृषभदेवः, धर्मपालः फुल्लराज, गङ्गदासः मण्डनमिश्र-भरतमिश्र, श्री सूर्यनारायणशुक्ल, द्रव्येशझा, श्रीनारायणदत्तशास्त्री-प्रभृतयः सन्ति[३९] ।

वाक्यपदीयस्य प्रतिपाद्यविषयाः ।

तत्र वाक्यपदीयस्य त्रिषु काण्डेषु प्रथमं ब्रह्मकाण्डं आगमसमुच्चयनाम्ना परिचीयते । वाक्यपदीयस्य दार्शनिकाधाररूपेण च ज्ञायतेऽयं काण्डः ।

---

३१ वा.प.भू. पृ. ७
३२ वै. सिद्धान्तकौमुदी वालमनोरमा, दीपिकाटीका, पृ. ७५५
३३ वै.सि.कौ. दीपिकाटीका टिप्पणी-१, पृ. ७५६
३४ वा.प. भूमिका-पृ. ७
३५ वा.प. भूमिका- पृ. ७

३६ वा.प.भू. पृ. ८
३७ वा.प. भूमिका पृ. ९
३८ वा.प. भूमिका पृ. ९
३९ व्याकरणशास्त्रस्येतिहासः ब्रह्मानन्द त्रिपाठी, पृ. ९३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दतत्वम्-

अत्राचार्यो भर्तृहरि: शब्दम् अनादिनिधनं, अक्षरं, जगत्कारणं, नित्यञ्चेतञ्चेति मनुते । शब्दब्रह्म स्वकीयया स्वतन्त्रशक्त्या 'कालशक्त्या' अपरनाम्न्या निखिलजगत: उत्पत्तिं अभिव्यक्तिं वा नियन्त्रयति । अत एव एकशब्दात् एकस्मिन्कालेऽनेकानि कार्याणि नैवोत्पद्यन्ते । तस्य ब्रह्मण: प्राप्तेरुपाय: वेदादेव । अथवा वेद एव ब्रह्म, एकोऽपि वेद: महर्षिभि: पृथक्पृथक् समाम्नात: ऋग्यजु: सामाथर्वाख्यभेदेन चतुर्विध इव भवति । सो हि वेद साङ्गोपाङ्ग षट्सु अङ्गेषु विभक्त: तत्र षडङ्गेषु प्रधानं व्याकरणम्, तत एव प्रत्यगात्मस्वरूपिण: शब्दब्रह्मण: साक्षात्कार: ततो मोक्षप्राप्तिश्च निश्चय: ।

शब्दार्थयो: तत्सम्बन्धस्य च नित्यत्वादिकम्

शब्दार्थौ तयो: सम्बन्धश्च नित्य: । साधुशब्दज्ञाने धर्म: । तत्र प्रकृतिप्रत्ययपरिकल्पनं तस्य शब्दसाधुत्वरूपसाक्षात्करणायैवेति । नित्यशब्दवादिनां कूटस्थनित्यता, अनित्यशब्दवादिनाञ्च प्रवाहनित्यता, उभयत्रापि नित्यत्वव्यवस्था नैव निरर्थिका । अत: साधुशब्दपरिज्ञानाय व्याकरणागमं वेदमाधारीकृत्य विरचितम् । अथवा शब्दनित्यता एव व्याकरणागमनिर्माणे हेतुरित्यत्र प्रतिपादितम् ।

प्रमाणचर्चा-

तत्र वाक्यपदीयकारमते पञ्च प्रमाणानि भवन्ति । तत्र आगम: खलु सर्वप्रामाण्ये श्रेष्ठ:, अनुमानप्रमाणे नैव तस्यान्तर्भाव भवितुं शक्नोति । अवस्था देशकालादिभेदेन शक्तौ भेद:[४०] । धर्माधर्मनिर्णयेऽपि आगमस्यैव प्रामाण्यम् । कुशलैरनुमातृभि: यत्नेनानुमितोऽप्यर्थ: अभियुक्ततरैरन्यैरन्यथैवोपपाद्यते[४१]। यथा कपिल: सयत्नमनुमानेन "जगत:कारणं प्रधानम् इति मनुते चेत्तथा तेनैव मार्गेण कणाद: परमाणु: जगत्कारणम् इति साधयति । यत: यत्नेन विवेचिता: अपि आगमानपेक्षा: पुरुषोत्प्रेक्षामात्रनिवन्धनास्तर्का अव्यवस्थिता भवन्तीति नागमगम्येऽर्थे केवलेन तर्केण प्रत्यवस्थातव्यम् इति ।

अथ अभ्यासप्रमाणमपि अनुमानप्रमाणे नान्तर्हितं भवति ।[४२] परेभ्यो बक्तुमशक्यं मणिरूप्यादिविज्ञानं तद्विदां अभ्यासादेव जायते । न प्रत्यक्षं पटुभिरिन्द्रियैरपि अभ्यासरहितैरधिगन्तुमशक्यतया इन्द्रियमात्राजन्यत्वात्, इति लौकिकप्रत्यक्षानुमानातिरिक्तं किञ्चिल्लौकिकं समाधिजन्यं भावनापरपर्यायमभ्यासाख्यं प्रमाणान्तरमाश्रितं वर्तते वाक्यपदीये ।

वाक्यपदीयकारमते लौकिकालौकिकप्रत्यक्षभेदेन द्विविधं प्रत्यक्षप्रमाणम्[४३] । लौकिकप्रत्यक्षन्नामास्मदादीनाम् । अलौकिकप्रत्यक्षं खलु ऋषीणां[४४] तपसा क्षीणकल्मषाणां निरावरणख्यातीनां योगिनां दृश्यद्रष्टृणां सिद्धानां ज्ञानमिव भवति । तच्च ज्ञानं योगजप्रत्यक्षजन्यं न लौकिकप्रत्यक्षजन्यमनुमानजन्यं वा येन लौकिकप्रत्यक्षानुमानयोर सम्भवाल्लोकानां तत्राविश्वासो भवेत् । लौकिकप्रत्यक्षे विषयेन्द्रियसम्बन्धस्य कारणत्वेऽपि योगजप्रत्यक्षे तस्याकारणत्वेनार्षज्ञानस्य प्रत्यक्षत्वे बाधकाभाव: इति ।

वाक्यपदीयकार: प्रत्यक्षातिरिक्तमनुमानप्रमाणं यद्यपि प्रमाणान्तरै न साधयति तथापि खण्डनं चापि नास्त्यतोऽप्रतिषिद्धं ह्यनुमतं भवतीति न्यायेन स्वीक्रियतेऽनुमानप्रमाणमिति । वाक्यपदीयकारो हरिरलौकिकस्यापि आर्षज्ञानस्यागममूलकत्वोपपादनायादृष्टविशेषं पित्रादीनामलौकिकमार्षज्ञानमुपस्थापयति । यथा-

प्रत्यक्षमनुमानं च व्यतिक्रम्य व्यवस्थिता: । पितृरक्ष: पिशाचानां कर्मजा एव सिद्धय:[४५] ॥

अत: हरिमतेन प्रत्यक्षानुमानशब्दाभ्यासादृष्टञ्चेति पञ्चप्रमाणानि । तथा चोपमानार्थापत्ति-अनुपलब्धि-सम्भव-ऐतिह्यादीनां प्रमाणानां चर्चा वाक्यपदीये न विहिता । तद्भिन्ना: पौरस्त्यदर्शनधौरेया अभ्यासादृष्टप्रमाणे आर्षज्ञानमिव प्रत्यक्षे एव अन्तर्भावं विदधते । अतो व्याकरणसिद्धान्ते प्रत्यक्षानुमानशब्दाश्चेति त्रीणि प्रमाणान्येव स्वीकृतानीति ।

इत्थं नित्यचेतनशब्दब्रह्मप्राप्त्यै तल्लाभसाधनभूतवेदस्य प्रधानाङ्गस्य व्याकरणस्याध्ययन- मावश्यकम्, प्रामाणिकम्, आभ्युदयिकसिद्धञ्चेति फलति । सर्वदा शब्दानां प्रतिभासाभावे किमप्यदृष्टं कारणं भवेदित्याद्याशंकानिरोधार्थं शब्दस्वरूपं किञ्चिदत्र प्रतिपाद्यते ।

शब्दस्य रूपद्वयम्

तत्र वैयाकरणै: शब्दस्य निमित्तत्वेनार्थबोधकत्वेन च द्वे रूपे स्वीकृते । स्फोटवैखरीति रूपयो:शब्दयो:

---

४० अवस्थादेशकालानां भेदाद्भिन्नासु शक्तिषु । भावनामनुमानेन प्रसिद्धिरतिदुर्लभा: । वा.प. १/३२

४१ यत्नेनानुमितोऽप्यर्थ कुशलैरनुमातृभि: । अभियुक्ततरैरन्यैरन्यथैवोपपाद्यते ॥ वा. १/३४

४२ परेषामसमाख्येयमभ्यासादेव जायते । मणिरूप्यादिविज्ञानं तद्विदां नानुमानिकम् ॥ वा.प. १/३४

४३ आविर्भूतप्रकाशानांमनुपल्पुतचेतसाम् । अतीतानागत ज्ञानं प्रत्यक्षान्न विशिष्यते ॥ १/३७ वा.प.

४४ अतीन्द्रियानसंवेद्यान् पश्यन्त्यार्षेण चक्षुषा । ये भावान् वचनं तेषां नानुमानेन बाध्यते ॥ १/३८ वा.प.
यो यस्य स्वमिवज्ञानं दर्शनं नातिशंकते । स्थितं प्रत्यक्षपक्षे तं कथमन्यो निवर्तयेत् ॥ १/३९ वा.प.
इदं पुण्यमिदं पापमित्येतत्मिन् पदये । आचाण्डाल मनुष्याणामल्पं शास्त्रप्रयोजनम् । वा.प. १/४०

४५ वा.प. १/३६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यकारणभावोऽत्र अङ्गीकृतः ।

स्फोटो ध्वनिश्च

वाचकशब्दो द्विविधः । एकस्तु श्रोत्रग्राह्यो वैखरीरूपः स्फोटप्रकाशनसमर्थः । अपरस्तु आन्तरःस्फोटोऽर्थप्रकाशनक्षमः । एवञ्चात्र स्फोटशब्दस्य व्युत्पत्तिद्वयं फलति-स्फुटति अर्थो यस्मात्, असौ स्फोटः स्फुट्यते वर्णैरिति स्फोटः । प्रथमव्युत्पत्त्या तस्य वाचकत्वम् । द्वितीयया च तस्य व्यङ्ग्यत्वं सिद्ध्यति । यथा शमीकाष्ठमध्यगो वन्हिःमन्थनादिनोद्बुद्धस्य वहिरूपलभ्यमानस्य वन्हेरुपादानं भवति, तथैव वक्तुः प्रयत्नेन विवृद्धः स्फोटो ध्वनिरूपरुपितः सन् परश्रवणग्राह्यो भवति । परेण श्रुतश्च हृत्स्थं स्फोटभिव्यज्यार्थं व्यनक्ति । नास्ति ध्वनिभिन्नोऽन्यः कश्चित् व्यञ्जक इति न भवति ध्वनिरहितस्य स्फोटस्य प्रत्यक्षम् । वाचारम्भणं विकारनामधेयं मृत्तिकेत्येव सत्यमितिवत् ध्वनिरूपोपाधिरेव भिन्नः, स्फोटस्तु एक एव । अत एव सोऽयं गकारः इति जायते व्यवहारः । अत एव ध्वनीनां क्षणिकत्वेन स्फोटस्य च नित्यत्वेन तत्र व्याकरणशास्त्रनिर्वाहकत्व पौर्वापर्यव्यवहारस्यासम्भावनाभीतिरपि दूरत एवोत्सारिता । पौर्वापर्यव्यवहारस्य तत्प्रयुक्तनिखिलव्यवहारजातस्य च केवल बौद्धिकत्वेनानुपपत्तेरेवानुदयात् ।

वस्तुतस्तु- वैयाकरणसिद्धान्तानुसारं यदनादिनिधनं शब्दात्मकं ब्रह्म तज्ज्ञानार्थमेव प्रकृतिप्रत्ययादिविभागः काल्पनिकः कृतो वर्तते। 'असत्ये वर्त्मनि स्थित्वा ततः सत्यं समीहते' इति रीत्या शास्त्रेषु प्रक्रियाभेदेनाविद्यायां एकोपवर्णनम् । तत एव च सत्यस्योपलब्धिरिति आचार्यस्याशयः ।

तत्र स्फोटवादस्य प्रेरणास्रोतांसि सन्ति वेदब्राह्मणोपनिषदमहाभारतादीनि । स च स्फोटो नित्यो ब्रह्मस्वरूपो निरुपाधिकः । तस्मादेव सम्पूर्णस्यार्थजातस्य विवर्तनम् । ध्वनिश्चायमर्थः । ऋग्वेदे–

ऋचो अक्षरे परमे व्योमन् यस्मिन् देवा अधिविश्वे निषेदुः । चत्वारि वाक. परिमिता पदानि तानि विदुर्ब्राह्मणा ये मनीषिणः ।

चत्वारि शृंगा त्रयो अस्य पादा द्वे शीर्षे सप्तहस्तासो अस्य । त्रिधा वद्धो वृषभो रोरवीति महोदेवो मर्त्यां आविवेश ।

वाणीभेदाः

अयञ्च स्फोटात्मकः

शब्दस्तत्तत्प्राणिहृदयदेशावच्छिन्नाकाशदेशस्थः, सर्वसमष्टेर्विराजो हृदयरूप-बाह्याकाशदेशस्थश्च । एवञ्च सर्वगतोऽपि स्फोटो ज्ञातमर्थं विवक्षो पुंसः इच्छया जातेन प्रयत्नेन यदा मूलाधारे संस्कृतपवनेनाभिव्यज्यते तदा परा वाग. इत्युच्यते । नाभिपर्यन्तमागच्छता तेन वायुना अभिव्यक्तः केवलं मनोविषयः सूक्ष्मतरः पश्यन्तीत्युच्यते । हृदयपर्यन्तमागच्छता तेन वायुना अभिव्यक्तः परश्रवणग्रहणायोग्यः सूक्ष्मो मध्यमावागित्युच्यते । प्रापय्य कण्ठदेशं मूर्धानमाहत्य परावृत्तेन वायुना अभिव्यक्तो हि स्फोटो वैखरीनाम्ना प्रसिद्धः । तदुक्तं वाक्यपदीयटीकायाम्परावाङ्मूलचक्रस्था पश्यन्ती नाभिसंस्थिता । हृदिस्था मध्यमाज्ञेया वैखरी कण्ठदेशगा ॥ इति सा चेयं चतुर्धा वाक् व्याकरणविषया । तत्र आचार्यचरणास्तुवाक्यपदीये–

वैखर्या मध्यमायाश्च पश्यन्त्याश्चैतदद्भूतम् । अनेकतीर्थभेदायास्त्रय्या वाचः परं पदम्[४६] ॥

अत्र विचारयामस्तावत्–

पश्यन्ती मध्यमा वैखरी, चेति त्रिविधैव वाक् । त्रिविधापि सा स्थूला सूक्ष्मा परा चेति भेदत्रयेण भिद्यते । इति वाचो नवभेदाः सम्पद्यन्ते । वर्णादीनां प्रविभागरहिता स्वरप्रधाना संगीतरूपा वाक् स्थूलापश्यन्ती, जिज्ञासारूपा सैव सूक्ष्मापश्यन्ती, जिज्ञासाहीना संविद्रूपा परापश्यन्ती । एवं चर्मावनद्धे मृदङ्गादौ करघातादिना समुद्भूता ध्वनिरूपा वाक् स्थूला मध्यमा विवादयिषारूपा सैव सूक्ष्मा मध्यमा, तादृशेच्छारहिता निरुपाधिका सैव परामध्यमा । एवं परस्परवैलक्षण्यापादनेन स्फुटीकृता वर्णरूपा वाक् स्थूला वैखरी, विवक्षारूपा सैव सूक्ष्मा, विवक्षा परसंविद्रूपा सा परा इति । पश्यन्त्येव सूक्ष्मत्वेन परा वाक् पश्यन्तीमतिक्रान्ता तद्भिन्नरूपा वा सा इति विचारस्तु व्यर्थ एव सगुणनिर्गुणादिभेदेन परापरभेदेन वा द्विविधतया वर्णितस्यापि ब्रह्मणे यथा एकत्वं न विरुद्धम्, तथा एकैव प्रत्यवमर्शिनी वाक् गुणभूमिमतीत्य कदाचित्पश्यन्तीति कदाचिच्च परेति संज्ञयोपवर्ण्यते । प्राचीनैर्वैयाकरणैः पश्यन्त्येव परा इति स्वीकृतमासीत् । अत एव–

इत्याहुस्ते परं ब्रह्म यदनादि तथाक्षयम् । तदक्षरं शब्दरूपं सा पश्यन्ती परा हि वाक् ॥

इति शिवदृष्टौ वैयाकरणमतानुवादावसरे पश्यन्त्येव परात्वेनोपवर्णिता । वार्चा त्रित्वे एव मध्यमावागिति व्यपदेश इत्युपपद्यते ।

अत्र सिद्धान्तशैवास्तु- परापश्यन्त्यादयश्चतस्रो वाचः ब्रह्म च ताभ्यो व्यक्तिरिक्तमिति वदन्ति । पश्यन्त्यादयस्तिस्रोऽपि वाचः परावस्थायां परचिदात्मना परब्रह्मणा सङ्गतिं-गतास्तदेकात्मतयाऽवतिष्ठन्ते तदानीं वाचस्पतिः परमेश्वरः स्वात्मज्योतिषा स्वाभिन्नं भावजातं नित्यं भासयते । तद्भासनादेव तत्रेच्छायाः समुद्रेको भवति यदधीनं विश्वसर्गादिव्यापारो भवति इति सिद्धान्तशैवादयः ।

नागेशमतम्

अत्र नागोजिभट्टास्तु सिद्धान्तशैवानां मतमाश्रयन्ति ।

परा वाङ्मूलचक्रस्था पश्यन्ती नाभिसंस्थिता । हृदिस्था

---

४६ वा.प. १ १४२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मध्यमा ज्ञेया वैखरी कण्ठदेशगा ॥ इति तन्त्रशास्त्रं चाश्रित्य मूलाधारस्थपवनसंस्कारीभूता मूलाधारस्था शब्दब्रह्मरूपा स्पन्दशून्या विन्दुरूपिणी परा वागुच्यते, नाभिपर्यन्तमागच्छता तेन वायुनाभिव्यक्ता मनोगोचरीभूता पश्यन्ती वागुच्यते । ततो हृदयपर्यन्तमागच्छता तेन वायुनाभिव्यक्ता तत्तदर्थवाचकशब्दस्फोटरूपा श्रोत्रगहणायोग्यत्वेन सूक्ष्मा जपादौ बुद्धिनिर्ग्राह्या मध्यमा वागुच्यते । तत आस्यपर्यन्तमागच्छता तेन वायुनोर्ध्वमाक्रामता च मूर्धानमाहत्य च तत्तत्स्थानेष्वभिव्यक्ता परश्रोत्रेणापि ग्रहणयोग्या वैखरी वागुच्यते इति वाचश्चतुर्विधत्वम् इति नागेशः ।

एतत्तु व्याकरणशास्त्रसिद्धान्तानवबोधनिबन्धनम् । आचार्यचरणभर्तृहर्यादिभिर्वाचस्त्रित्वस्यै- वोक्तत्वात् । न च 'चत्वारि वाक् परिमिता पदानि' इति भाष्योदाहृतश्रुतिमूलकं नागेशोक्तम्, अतएव माधवेन ऋग्वेदभाष्ये चत्वारि वाक्परिमितापदानीत्यनेन वैखरीमध्यमापश्यन्तीपरारूपाणि दर्शितानि व्याख्यातं चैवमेवोद्योते इति वाच्यम् । कैयटेन उक्तश्रुतेः तत्र चतुर्णाम् नामाख्यातोपसर्गनिपाताख्यानां पदजातानामेकैकस्य चतुर्थभागं मनुष्या अवैयाकरणा वदन्तीति व्याख्यातत्वेन माधवादिव्याख्यानस्य तन्त्रशास्त्रवासनामूलकतया वैयाकरणैरनुपादेयत्वात् । चतुरंशत्वञ्च वाग्ब्रह्मणः पादोऽस्य विश्वाभूतानि त्रिपादस्यामृतं दिवि इति श्रुतिसिद्धम्[४७] । अतः तिसृणामेव वाचां व्याकरणविषयत्वम् ।

प्राप्तरूपविभागाया यो वाचः परमोरसः । यत्तत्पुण्यतमं ज्योतिस्तस्य मार्गोऽयमाञ्जसः[४८] ॥ इत्यत्र आचार्येणैव व्याकरणस्याञ्जसमार्गत्वं परायाः कृते व्यवस्थापितम् । चत्वारि वाक् परिमिता पदानि इति वैदिकमान्यताप्राप्तस्य वाण्याश्चतुर्विधत्वस्य विवेचनं 'वैखर्या मध्यमायाश्चे' तिकारिकायाः स्वोपज्ञवृत्तौ स्वयं विहितम् । अन्ते चोक्तं- 'सैषा त्रयी वाक् चैतन्यग्रन्थिवदनाख्येयपरिमाणा तुरीयेण मनुष्येषु प्रत्यवभाषते' इति ।

आचार्यो भर्तृहरिणा शब्दब्रह्ण सकाशाद् जग उत्पत्तौ विवर्तः परिणामश्चेति उभयवाद प्रदर्शितः । यथा-

शब्दस्य परिणामोऽयमित्याम्नायविदो विदुः । छन्दोभ्य एव प्रथममेतद् विश्वं व्यवर्तत इति[४९] ।

अनादिनिधनं ब्रह्म शब्दतत्त्वं यदक्षरम् । विवर्ततेऽर्थभावेन प्रक्रिया जगतो यतः[५०] ।

यद्यपि शब्दस्य परिणामोऽयमित्यत्र परिणामशब्दः प्रयुक्तस्तथापि परिणामशब्दोऽयं विवर्ताभिप्रायेण एव प्रयुक्तः यतो हि तत्रैवोत्तरार्द्धे एतद् विश्वं व्यवर्तत इति विवर्तपा प्रयुक्तम् अतः भर्तृहरि जगत्सृष्टौ विवर्तवाद एव अङ्गीकरोतीति निश्चप्रचम् ॥

कायवाग्बुद्धिविषया ये मलाः समवस्थिताः । चिकित्सालक्षणाध्यात्मशास्त्रैस्तेषां विशुद्धयः[५१] ॥

'त्रिपादूर्ध्व उदैत् पुरुषः पादोस्येहा भवत्पुनः । पादोस्य विश्वा भूतानि त्रिपादस्यामृतं दिवि ॥'

मन्त्रेऽस्मिन् प्रतिपादिता ब्रह्मणः चतुरंशाना यद विवेचनं तदेव शब्दब्रह्मवादिनां सिद्धान्तः इति ।

इयं वाक् संस्कृता वाक् यस्याः ज्ञानेन पुण्यं, येन च एकःशब्दः सम्यग्ज्ञातः सुप्रयुक्तः स्वर्गे लोके च कामधुग्भवतीति ।

द्वितीयकाण्डस्य विषयसमीक्षा

तत्र वाक्यपदीयस्य द्वितीये काण्डे वाक्यस्य स्वरूपविषये मुख्यतयाचार्येण प्रतिपादितं वर्तते । वाक्यमखण्डसखण्डभेदेन द्विविधम् । अखण्डपक्षे त्रयो भेदाः । यथाः १) संघातवर्तिनी जातिः (२) एकोऽनवयवः शब्दः (३) बुद्ध्यनुसंहृतिश्चेति । सखण्डपक्षेऽपि पञ्चभेदाः- (१) आख्यातशब्दः (२) क्रमः (३) संघातम् (४) आद्यपदम् (५) पृथक् सर्वपदसाकाक्षञ्चेति ।

तत्र संघातक्रमौ चेति द्विविधौ अभिहितान्वयवादान्तर्गतौ भवतः । आख्यातशब्दाद्यपदपृथक्-सर्वपदसाकाक्षाञ्चेति लक्षणत्रयम् अन्विताभिधानावादान्तर्गताः भवन्ति । इत्थं वाक्यस्याष्टलक्षणानि, वार्तिककारमीमांसकादीनां च वाक्यलक्षणसम्बद्धमतानि चात्र प्रतिपादितानि ।

वाक्यार्थविचारः द्वितीयकाण्डस्य मुख्यः प्रतिपाद्यविषयः । यत्र च अभिहितान्वयवादान्विता- मिधानवादप्रतिभावादश्चेति त्रयोवादाः मुख्याः । तेष्वाद्ययोः द्वयोः अनेकदोषोद्भावनां विभाव्य प्रतिभावादस्यैव वाक्यार्थे स्वकीयसिद्धान्तः स्वीकृत आचार्येण ।

वैयाकरणनये प्रतिभैव वाक्यार्थः । वाक्यपदीयकारमते संज्ञावाचकशब्दैः नियतस्य सज्ञिनः एव प्रतीतिः । अतः कल्पितपदार्थैः सिद्धा प्रतिभा एव वाक्यार्थः इति निर्णयः । यथा–

विच्छेदग्रहणेऽर्थानां प्रतिभान्यैव जायते । वाक्यार्थ इति तामाहुः पदार्थैरुपपादितम् ॥

प्रतिभायाः स्वरूपम्-

इदं तदिति सान्येषामनाख्येया कथञ्चन । प्रत्यात्मवृत्तिसिद्धा सा कर्त्रापि न निरूप्यते ॥

प्रतिभायाः कार्याणिः-

उपश्लेषमिवार्थानां सा करोत्यविचारिता । सार्वरूप्यमिवापन्ना विषयत्वेन वर्तते ॥

तथा- साक्षाच्छब्देन जनितां भावनानुगमेन वा । इति

४७ वा.प. भा.प्र. टीकायाम् पृ. १५०-१५३

४८ वा.प. १/१२

४९ वा.प. १/१२०

५० वा.प. १/१

५१ वा.प. १/१४७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्तव्यतायां तां न कश्चिदतिवर्तते ॥
प्रतिभायाः प्रमाणत्वञ्च-
प्रमाणत्वेन तां लोकः सर्वः समनुपश्यति । समारम्भाःप्रतीयन्ते तिरश्चामपि तद्वशात् ॥
यथा द्रव्यविशेषाणां परिपाकैरयत्नजा । मदादिशक्तयो दृष्टाः प्रतिभास्तद्वतां तथा ॥

तृतीयकाण्डस्य विषयप्रतिपादनम्

तत्र तृतीये प्रकीर्णककाण्डे च जाति-द्रव्य-सम्बन्ध-द्रव्यलक्षण-गुण-दिक्-साधन (कारकविचारात्मक)-क्रिया-काल-पुरुष-संख्यो-पग्रह-लिङ्ग-वृत्तिनामानःचतुर्दशसमुद्देशाः उप- लभ्यन्ते । तत्र एषु समुद्देशेषु लक्षणसमुद्देशः बाधासमुद्देशश्चेति प्रकरणद्वयं उपर्युक्तातिरिक्तं अनुपलब्धञ्चेति ग्रन्थदर्शनेन ज्ञायते ।

एवं व्याकरणदर्शनस्य व्याख्याता आचार्यो भर्तृहरिः स्वकीये वाक्यपदीयाख्ये ग्रन्थे शब्दतत्त्वस्य समग्रं स्वरूपं प्रदर्शितवानस्ति । भर्तृहरेः पूर्ववर्तिभिः वैयाकरणैराचार्यैस्तथा दर्शनान्तरानुयायिभिः कुमारिलभट्ट-शङ्कराचार्य-वाचस्पति-मिश्रप्रभृतिभिराचार्यैः शब्दतत्त्वसम्बद्धा ये विचाराः प्रदर्शितास्तेषां समीक्षणमपि भर्तृहरिणा विहितम् । विशेषतः पाणिनीयव्याकरणे समागतानां सूत्राणां व्याख्यानावसरे भाष्यकारपतञ्जलिप्रतिपादितान् सिद्धान्तान् समीक्ष्यात्र व्याकरणागमसिद्धान्ताःप्रतिपादिताः । इत्थं व्याकरणसिद्धान्तस्य ललामभूतस्य शब्दब्रह्मवादस्य निरूपणाय प्रवृत्तस्याचार्यस्य भर्तृहरेःकृतिर्वाक्यपदीयाख्यं ग्रन्थरत्नं समग्रस्य व्याकरणागमस्य क्रीडापुष्करिणीव वर्तते । अतोऽयं भर्तृहरिः प्रसिद्धवैयाकरणदार्शनिकरूपेण समादृतोऽस्ति । अलं पल्लवितेन ।

नेपालीमा सारांश

संस्कृत व्याकरण सम्प्रदायमा व्याकरणागमलाई वेदाङ्गको प्रमुख अङ्गका रूपमा र दर्शनका रूपमा सम्मान गरिन्छ । व्याकरणद्वारा वेदको पद र पदार्थलाई र दुबैको सम्बन्ध समेतलाई जान्न र बुझ्न अत्यन्त सहयोगी भएकोले वेदाङ्गत्व सिद्ध हुन्छ भने शब्दसाधुत्वज्ञानद्वारा साक्षात् मोक्षप्राप्ति गर्नु व्याकरणको दार्शनिकरूपको प्रयोजन हो ।

व्याकरण शास्त्रको मान्यता अनुसार प्रथम उपदेष्टाका रूपमा ब्रह्मालाई मानिन्छ भने त्यही ज्ञान परम्परा बृहस्पति इन्द्र भरद्वाज हुँदै गार्ग्य गालव शाकटायन शाकल्य आदिको परम्पराबाट अघि बढेको पाणिनिको सूत्ररूपमा कात्यायन र पतञ्जलिको वार्तिक र व्याख्यान रूपमा आइपुग्यो । जहाँ आइपुग्दा सार्वकालिक, सार्वभौम र सार्वजनीन आफ्नो स्वरूपलाई सुस्थिर गरेको पाइन्छ ।

यस्तै व्याकरणको दार्शनिक परम्पराको विकास पनि धेरै आचार्यहरूद्वारा समयसमयमा गरिँदै आइएको पाइन्छ । त्यस्तै पाणिनीय सूत्रहरूमा दार्शनिक विषयहरूको संकेत प्रातिपदिक संज्ञाद्वारा शब्दरूप ब्रह्मतत्त्वको व्यापकत्व, कृत् तद्धित समास संज्ञाद्वारा उनै शब्दरूप परब्रह्मतत्त्वको जगत्कर्तृत्व, जगत्पालकत्व, जगत् संहारकत्वको सूचना प्राप्त हुन्छ । अव्यय शब्द अविनाशी ब्रह्मतत्त्वलाई संकेत गर्छ भने व्याकरणमा शब्दतत्त्वको संज्ञा पनि हो । त्यस्तै कात्यायनद्वारा 'सिद्धे शब्दार्थसम्बन्धे' इत्यादि वार्तिकहरूद्वारा दर्शनका विषयहरू सूचित गरिएका छन् । भाष्यकार पतञ्जलिद्वारा ठाउँठाउँमा लगाइएका दर्शनका ताँती यत्र-तत्र छरपष्ट छन् । संग्रहकार व्याडीका रचना हाल अनुपलब्ध भए पनि लक्षश्लोकात्मक सङ्ग्रहमा दर्शनका धेरै पाटाहरू केलाइएको उपलब्ध संकेतका आधारमा अनुमान गर्न सकिन्छ । कालक्रमले व्याकरणका सिद्धान्तहरू लुप्त भैसकेको र सङ्ग्रहग्रन्थ पनि अस्ताइसकेको अवस्थामा आचार्य भर्तृहरिले वाक्यपदीय ग्रन्थको रचना गर्नुभयो । जसमा रहेका ३ वटा काण्डभित्र व्याकरण दर्शन सम्बद्ध अनेक विषयहरू समेटेर प्रकाशित गरिएका छन् ।

अतः अरू शास्त्रहरूको उपकारक व्याकरणशास्त्र केवल शब्दको बाहिरी स्वरूप मात्र विचार गर्दैन, यसले त शब्दको वास्तविक स्वरूपलाई केलाउँदै शब्दब्रह्मरूप परमतत्त्वको साक्षात्कार गराउँछ । यो कुरा भर्तृहरिले आफ्नो वाक्यपदीयमा देखाएका छन् । त्यसैले यो व्याकरणशास्त्र सर्वोपकारक भैकन सर्वातिशायी दर्शन पनि हो भन्ने कुरा भर्तृहरिको वाक्यपदीय ग्रन्थबाट सिद्ध हुन्छ ।

सन्दर्भग्रन्थसूची

१. त्रिपाठी, ब्रह्मानन्द, व्याकरणशास्त्रस्येतिहासः, च.सं. १९९४, चौखम्भा सुरभारती प्रकाशन, वाराणसी ।
२. चतुर्वेदी, चक्रवर्त्ती रामाधीन, संस्कृतभाषाविज्ञानम्, द्वि.सं., १९८७, चौ.वि.भ., वाराणसी ।
३. पाणिनिः-, अष्टाध्यायी, प्र.सं., १९९२, सुदर्शन बुक एजेन्सीज, वाराणसी ।
४. पतञ्जलिः- महाभाष्यम्, चारुदेवशास्त्रीकृतहिन्दीव्याख्यासहित, प्र.सं. १९९२, मोतिलाल वाराणसीदास, वाराणसी ।
५. भट्टोजिदीक्षितः- वैयाकरणसिद्धान्तकौमुदी, बालमनोरमा-दर्पण-टीकासहिता, तृ.सं., १९९४, चौखम्भा सुरभारती प्रकाशन, वाराणसी ।
६. भर्तृहरिः- वाक्यपदीयम्, सूर्यनारायणशुक्लविरचितभावप्रदीप टीकाटिप्पण्यादिभूषितकलेवरः, ष.सं., १९९०, चौखम्भा संस्कृत संस्थान, वाराणसी ।
७. नागेशः- परमलघुमञ्जूषा, लोकमणिदाहालकृतकिरणवलिटीकासहिता, प्र.सं. १९९१, चौखम्भा सुरभारती प्रकाशन, वाराणसी ।
८. भट्ट, कौण्ड– वैयाकरणभूषणसार, दर्पणसुबोधिनीटीकासहित, प्र.सं. १९८९, चौखम्भा संस्कृत प्रतिष्ठान, दिल्ली ।
९. पाठक, पण्डित रङ्गनाथ- स्फोटदर्शन, प्र.सं., १९६७ ई., बिहार राष्ट्रभाषा परिषद्, पटना ।
१०. मिश्र, विश्वनाथ- प्रौढानिबन्धसौरभम्, प्र.सं. १९८८, विकानेर, राजस्थान ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिन्तन

"गीता"को जीर्ण वस्त्र

✍ मुकुन्दप्रसाद उपाध्याय

सनातन वैदिक धर्मग्रन्थहरूमा सवैभन्दा चर्चित, सवैभन्दा गहन र जीवनोपयोगी तथा सवैभन्दा व्यावहारिक धर्मदर्शनको सार नै 'श्रीमद्भगवद्गीता' हो । वेद अपौरुषेय हो, अनि वेदान्तका १०८ लहरहरू नै १०८ उपनिषद्हरू हुन् । अनि ती उपनिषद्हरूको सार नै 'गीता' हो । १०८ उपनिषद्हरूलाई अलौकिक ज्ञानमौरी मान्ने हो भने ती मौरीहरूबाट निःसृत स्वादिष्ट मह नै 'गीता' हो । 'गीता' का हरेक श्लोक, हरेक पाद र हरेक पद विलक्षण महका छिटाहरू हुन् । प्रत्येक श्लोकले एउटा महासागरवरावर ज्ञानरस प्रवाहित गरिरहेको हुन्छ । यो १८ अध्यायको 'गीता' भित्रका १४०० श्लोकहरूमध्ये १५-२० वटा श्लोकहरू त कति धेरै गहन र लोकप्रिय छन् भने तिनको प्रयोग धेरै ऋषि-महर्षि र ज्ञानीहरूले हजारौँपटक गरेका छन् । त्यस्ता श्लोकहरूमा 'कर्मण्येवाधिकारस्ते', 'सर्वधर्म परित्यज्य', 'नैनं छिन्दति शस्त्राणि', 'यदा यदा हि धर्मस्य', 'अक्षरम् ब्रह्मपरमम्', 'अन्तकाले च मावेव', 'समोऽहम् सर्वभूतेषु', 'सर्वयोनिषु कौन्तेय' आदि रहेका छन् । त्यस्तै अति लोकप्रिय र गहन एक श्लोकको यहाँ चर्चा गर्न खोजिएको छ । त्यो हो 'गीता' को दोस्रो अध्यायको बाइसौँ श्लोक –

वासांसि जीर्णानि यथा विहाय
नवानि गृह्णाति नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णा-
न्यन्यन्नि संयाति नवानि देही ॥

अर्थात् जसरी मनुष्यले पुरानो लुगा त्यागेर (फेरेर) अर्को नयाँ लुगा (वस्त्र) लगाउँछन्, त्यसरी नै जीवात्मा पुरानो (जीर्ण भएको) शरीरलाई त्यागेर अर्को नयाँ शरीर धारण (प्राप्त) गर्दछ ।

सनातन वैदिक धर्मलाई सामान्य भाषामा हिन्दूधर्म भनिन्छ । यसका मुख्य विशेपताहरूमध्येको खास विशेषता पुनर्जन्मको सिद्धान्त हो । यसलाई पुष्टि गर्न श्रीकृष्णले अर्जुनलाई निमित्त बनाएर उक्त श्लोकको उद्घोप गर्नुभएको हो ।

पुनर्जन्मको सिद्धान्तमा प्रवेश गर्नुपूर्व मुमुक्षुहरूले जान्नुपर्ने कुरा के हो भने पुनर्जन्म कसको हुन्छ ? यही चुरो कुरोको मर्म बुझाउनलाई नै यस श्लोकमा हेर्दा उस्तै देखिने तर सारमा ठूलो भिन्नता भएका दुई पात्रलाई उभ्याइएको छ । एउटा पात्र मनुष्य छ भने अर्को पात्र जीवात्मा । एउटा पात्रलाई वुझ्न शरीरलाई वुझ्नुपर्छ, जुन माटो, पानी, तेज, वायु र आकाशतत्वले बनेको छ, अनि जुन माताको गर्भबाट जन्मन्छ, वढ्छ, जीर्ण हुन्छ र मृत्युपछि माटोमै मिल्छ । अर्को पात्र छ जो शरीरलाई धारण गर्छ, त्यसैले जसलाई शरीरी भनिन्छ । त्यसले यस शरीरभित्र रहेर साक्षीका रूपमा यो शरीर जन्मेको, हुर्केको, वढेको, रोगले ग्रस्त भएको, जीर्ण भएको र ढलेको हेरिरहन्छ । हाड-मासु र अस्थि-मज्जाले चलायमान शरीरलाई देह भनिन्छ भने यस्तो देहलाई चलाउनेलाई देही भनिन्छ । कसैले ('गीता' ले पनि) शरीरलाई क्षेत्र र शरीरीलाई क्षेत्रज्ञ (क्षेत्रलाई जान्ने) भनेका छन् ।

पुनर्जन्म जन्मने, हुर्कने र वढ्ने पञ्चतत्वले वनेको विकारी शरीरको हुँदैन । त्यो त माटो हो, जड हो, अणु हो । जडको पुनर्जन्म हुँदैन । जडभिन्न पदार्थ अर्थात् चैतन्यस्वरूप त शरीरभित्र सदा विद्यमान रहने सूक्ष्मशरीरको हुन्छ । यस सूक्ष्मशरीरलाई नै शरीरी, जीवात्मा, आत्मा, देही, क्षेत्रज्ञ (कसैले कारणशरीरलाई क्षेत्रज्ञ मान्दछन्) भनिन्छ । युद्धमा मर्ने, मार्ने वा घाइते हुने त यो देह हो । देहीले त न मार्दछ, न त त्यो मर्छ नै । एउटा शरीरले धेरैपटक वस्त्र फेर्दछ, दर्जनौँ भोटो, कमिज अनि बर्को फेर्दै जान्छ तर शरीर उही रहन्छ । एउटा वस्त्र फाटेपछि, लगाउन लायक नभएपछि त्यसलाई त्यागेर नयाँ वस्त्र धारण गरिन्छ । त्यसरी नै सूक्ष्म रूपले हाम्रो हृदयाकाशमा बसेको यो शरीरी अर्थात् जीवात्मा (त्यो आत्मा पनि हो) को यो पिण्ड वा हाडमासुले बनेको शरीर वस्त्रजस्तै हो । यो शरीररूपी वस्त्र कालखण्डले जीर्ण भएपछि आत्माले पनि हामीले लुगा फेरेझैँ बूढो र जीर्ण शरीरलाई त्यागेर अर्को शरीर धारण गर्दछ, अर्थात् पुनर्जन्म लिने गर्दछ ।

यहाँ कसैले अवुझ प्रश्न गर्न सक्छन् – "वस्त्रधारण त मनुष्यले मात्र गर्छन्, अन्य जीवजन्तु, पशुपक्षी, जलचर, नभचर (कीरा-फट्याङ्ग्रा) आदिले गर्दैनन् । के पुनर्जन्म मनुष्यको मात्र हुन्छ ? अन्य जीवको चाहिँ पुनर्जन्म हुँदैन त ?"

त्यसो होइन, पुनर्जन्म सबैको हुन्छ । गुरुले शिष्यलाई गूढ रहस्यका कुरा सम्झाउँदा उदाहरण दिएर, उपमा दिएर सम्झाउँछन्, ताकि उसले राम्रोसँग बुझोस् । वच्चालाई सम्झाउनुपर्दा खेलौनाहरूको उदाहरण दिइन्छ । गृहस्थहरूलाई सम्झाउँदा ढिकी-जाँतो र कुटो-कोदालोको उदाहरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिइन्छ । त्यसरी नै अर्जुन वस्त्रधारी मनुष्य भएकाले र यो गीताज्ञान अज्ञानी मनुष्यहरूका लागि प्रवाह गरिएको हुँदा सजिलै बुझुन् भनेर मनुष्यको उपमा दिइएको हो र यस्तो भ्रम नपरोस् भनेर यही श्लोकको अन्त्यमा चाहिँ 'जीवात्मा' भनेर सबै प्राणीहरूलाई लक्ष्य गरिएको हो ।

यो श्लोक पढेपछि मुमुक्षु वा जिज्ञासुहरूलाई अर्को कुन प्रश्न पनि उठ्न सक्छ भने जीर्ण भएपछि नै नयाँ शरीर धारण गरिन्छ भने जीर्ण शरीरधारी वृद्धहरू मात्र मर्नुपर्ने हो, लक्काजवान अनि बालकहरू पनि मर्ने गर्दछन्, त्यो किन त ? बच्चाले त शरीर विकसित भएपछि मात्र मर्नुपर्ने होइन र ?

वास्तवमा हाम्रो यो शरीर संस्कारमय छ । यो शरीर संस्कारहरूमा आधारित छ । जब संस्कार जीर्ण हुन्छ, तब शरीर छुट्टिन्छ । संस्कार दुई दिनको मात्र छ भने अर्को दिन नै शरीर जीर्ण भयो र दुई दिनमै बालक मर्‍यो भनेर बुझ्नुपर्ने हुन्छ । आत्माले संस्कारहरूवमोजिम नै नयाँ शरीर धारण गर्दछ र त्यस संस्कारकै कारण आगामी शरीर मनुष्यको हुन्छ कि जीवजन्तु वा कीराको हुन्छ भनेर निश्चय गर्छ । यस संस्कारसङ्ग्रहलाई सामान्य भाषामा आयु भन्ने गरिन्छ । कसैले यसलाई प्रारब्ध वा प्रारब्धकर्म भनेर व्याख्या गरेका छन् । अल्पायु मृत्युलाई उनीहरू प्रारब्ध भन्दछन् । हिन्दूमान्यताअनुसार प्राकृतिक प्रकोप, दुर्घटना आदिमा मृत्यु हुँदा त्यस्ता जीवहरूले कही समय प्रेतयोनिमा बस्नुपर्छ । प्रारब्धवमोजिम अर्को जन्मको समयपूर्व नै देहत्याग हुँदाको स्थितिमा प्रेतयोनि वा पितृलोकमा बस्नुपर्ने मान्यता छ । रेलवे-टिकटसम्बन्धी भाषामा भन्नुपर्दा निश्चित गन्तव्यको रिजर्भेसन कन्फर्म भएन भने यात्रीले प्रतीक्षालय (वेटिङरुम) मै रात काट्नुपर्ने हुन्छ भनेझैं अर्को जन्मको रिजर्भेसन कन्फर्म नहुँदै देह छुटेमा प्रेतयोनिरूपी प्रतीक्षालयमा बस्नपर्ने हुन्छ । यस्तो भएमा रिकन्फर्मेसनका प्रावधानहरू पनि हाम्रा कर्मकाण्डमा विद्यमान छन् । तर त्यतातिरको चर्चा यहाँ नगरौं ।

'गीता' को त्यही श्लोकका आधारमा अर्को एउटा प्रश्न पनि आउन सक्छ । त्यो के हो भने सामान्यतया मान्छे पुरानो वस्त्र त्यागेर नयाँ लगाउँदा खुसी हुन्छ, प्रसन्न हुन्छ । तर प्राणी त्यो जीर्ण शरीर त्याग्नुपर्दा किन दुःखी हुन्छ ? किन भयभीत हुन्छ ? किन रुन्छ-कराउँछ ?

यसका दुई कारण छन् । हामी मृत्यु हुने कुराले दुःखी नभई अझ बढी बाँच्ने इच्छाका कारण दुःखी हुन्छौं । हामीले शरीरसँग एकात्मकता गरेका हुन्छौं, यस शरीरलाई नै 'म' वा 'आत्मा' मानेका हुन्छौं, अनि दुःखी हुन्छौं । जसले यस शरीरलाई आफ्नो मानेका छैनन् र असुविधायुक्त, पानी नआउने, ढल गनाउने डेरा मात्र ठानेका छन्, त्यस्ता ज्ञानीहरू मृत्युमा भयभीत हुँदैनन् । बरू डेरा परिवर्तन गर्दा खुसी नै हुन्छन् । अर्थात् जीवात्मा अज्ञानवश देहलाई आत्मा मान्दछ अनि आफ्नो शरीरप्रति आसक्त हुन्छ । शरीरलाई नै प्रेम गर्न थाल्छ । अनि त्यो मायालु शरीर छाड्नुपर्दा दुःखी हुन्छ । हामी कहिलेकाहीँ पुरानो वस्त्र त्याग गर्नुपर्दा पनि दुःखी हुन्छौं । आफूलाई असाध्यै मन परेको लुगा छ, कसैले मायाको चिनोका रूपमा उपहार दिएको कपडा छ वा विवाहको सारी वा सुट छ भने हामी त्यो वस्त्र त्याग्दा दुःखी हुन्छौं । किनभने त्यो वस्त्रप्रति हाम्रो आसक्ति गढेर बसेको हुन्छ । त्यसरी नै यो देहप्रतिको आसक्ति नै दुःखको कारण हो । अनि अर्कोथरि अज्ञानका कारण पनि हामी दुःखी हुन्छौं । यो मनुष्यचोला मात्रै सुखमय छ, मृत्युपछिको जीवनचाहिँ दुःखमय छ वा आफ्नो अस्तित्व नै रहँदैन भन्ने अध्यासका कारण हामी जीर्ण वस्त्रको त्यागमा दुःखी भएका हुन्छौं । अर्को कुरा, बिलकुल अज्ञानी पनि दुःखी नै रहन्छ, जस्तै बालक । नबुझ्ने अबोध बालकलाई उसले लगाइरहेको कपडा फुकाल्दा पनि रुन्छ, अनि नयाँ कपडा लगाउँदा पनि रुन्छ । अबोध बालकका लागि रुनु नै धर्म हो । त्यसैले होला अज्ञानी मानिसहरू वस्त्र त्याग गर्दा वा मर्दा पनि रुन्छन् र नयाँ वस्त्र लगाउँदा वा जन्मँदा पनि रुन्छन् ।

'गीता' मा भगवान् श्रीकृष्णले लाक्षणिक रूपमा के पनि बताउन खोज्नुभएको छ भने हामी जीर्ण वस्त्र त्याग गर्न अनि नयाँ वस्त्र धारण गर्न पूर्ण स्वतन्त्र छौं । तर यो जीवात्मा पुरानो शरीर छाडेर नयाँ शरीर ग्रहण गर्न त्यति स्वतन्त्र छैन, परतन्त्र छ । 'पर' भनेर भावी, विधाता वा सञ्चित कर्म (प्रारब्ध) लाई बुझ्नुपर्ने हुन्छ ।

वस्त्रको उपमा भगवान् श्रीकृष्णले दिनुको कारणचाहिँ के हो भने हामीले अनेकौं थरिका, अनेकौं रङ्गका, अनेकौं डिजाइनका न्याना वस्त्र, शीतल वस्त्र, पारदर्शी वस्त्र, बाक्ला वस्त्र आदि परिवर्तन गरिरहे पनि शरीरचाहिँ उही हो, एउटै हो, परिवर्तन (नयाँ र जीर्ण) हुने होइन । त्यसरी नै हाम्रा भावी वस्त्रहरू जुनसुकै योनिमा (पशुपक्षी, कीटपतङ्ग) भए पनि यो जीवात्माचाहिँ उही रहन्छ । त्यसको परिवर्तन हुँदैन । त्यो नित्य नूतन नै रहन्छ । चौरासी लाख वस्त्र धारण गर्ने शरीरीचाहिँ उही हो । त्यो न जन्मन्छ, न मर्दछ । यस कुरालाई जिल्लाको सिडिओको उपमाद्वारा पनि बुझ्न सकिन्छ । जिल्लामा सिडिओहरूको सरुवा भइरहन्छ, स्थानान्तर भइरहन्छ । कहिले काले आउँछ, कहिले गोरे । कहिले पुड्के आउँछ, कहिले मोटे । कहिले बाहुन आउँछ, कहिले नेवार । कहिले पुरुष आउँछ, कहिले महिला । तर जिल्ला सिडिओविहीन हुँदैन । किनकि सिडिओ व्यक्ति नभई पद हो, सत्ता हो । त्यसरी नै हामीभित्रको म, जीवात्मा वा आत्मा पनि अविनाशी र अजर-अमर सत्ता हो ।

काठमाडौं विश्वविद्यालय
धुलिखेल, काभ्रे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असल सन्तानदाता सन्तानेश्वर महादेव

✍ सीजु अर्याल



उपत्यकालाई विदेशीहरुले मन्दिरै मन्दिरको उपत्यका भन्ने गर्छन् । हुन पनि उपत्यका धेरै हिन्दु देवी देवताहरुले श्रृंगारिएको छ। उपत्यकामा रहेकै देवतामध्ये सन्तानेश्वर महादेव पनि प्रख्यात छन् । ललितपर जिल्लाको सदरमुकाम पाटनवाट ७ कि.मी दक्षिणमा सन्तानेश्वर महादेव अवस्थित छ । भरुवारासी गा.वि.स १ को कैलास पर्वतमा रहेको सन्तानश्वेर महादेवको बारेमा धेरै किम्वदन्तीहरु पाइन्छ । सो महादेवको बारेमा स्कन्दपुराणको हिमवत खण्ड शिवशक्ति महिमामा वर्णन गरिएको छ। स्कन्दपुराणमा सतीदेवीको उपल्लो ओठ पतन भई सन्तानेश्वर महादेव उत्पति भएको बताइएको छ। यस महादेवको श्रद्धापूर्वक भक्ति गरेमा सन्तान नभएकाहरुले सन्तान प्राप्त हुने सन्तान हुनेको पनि सुसन्तान हुने भनाइ रहेको छ । सन्तान नभएकाहरु आज पनि महादेवको दर्शन गरि सन्तानप्राप्त गरेको बताउछन् । इन्जिनियर कुल बहादुर मगरलाई भगवान प्रति खासै विश्वास थिएन। तर संयोगवश मन्दिर सिंढीं निर्माणको लागि सहयोग गर्न साथी विनोद खड्काको सल्लाहअनुसार उनले १०वटा सिढि निमाणको जिम्मा लिए । त्यसको वर्षदिनमा नै उनको छोरो जन्मियों । साथीलाई पुत्रलाभ भएपछि स्थानिय विनोद खड्कालाई सन्तानेश्वरप्रति विश्वास बढ्यो । इन्जिनियर खड्काले सानोमा सो मन्दिरको बारेमा धेरै सुनेका थिए तर पनि खासै मोह थिएन । मन्दिरमा सिंढी निर्माणको जिम्मा उनले लिएका थिए । आफ्नै घरगाँउको मन्दिर निर्माणमा पेशाको आधारमा उनी मन्दिरसगं आवद्ध थिए । तर अहिले मन्दिरसँग हृदयदेखि नै समर्पित छन् । आषाढको अन्तिम साता उनले सन्तानेश्वर महादेव संरक्षण सम्वर्द्धन संघको अध्यक्षको कार्यभार सम्मालेका छन्। मन्दिर पूनर्निर्माण, पर्खाल निर्माण लगायतका धेरै कार्य गर्नु छ। "युवा वर्गलाई नेतृत्व दिनपर्दछ । युवाहरुलाई धर्ममा लगाव हुनु राम्रो पक्ष पनि हो । उनीहरुले गर्न पनि सक्छन्" मन्दिरका सल्लाहकार खड्कबहादुर के.सीले वताउनभयां। स्कन्दपुराणमा उल्लेखित क्षेत्र भएपनि मन्दिरको व्यवस्थापन भने २०४६ सालपछि शुरु भएको मन्दिर सेवा संघका सस्थापक माधव प्र पौडेलले जानकारी दिए। मन्दिर प्रवेशको लागि पूर्व दिशा बाहेक अन्य तीनतिर सिंढीहरु निर्माण गरिएको छ । भरुवारासी गा.वि.स को सिमानाभित्र करिब बीच भागमा प्राकृतिक तीन थुम्काहरु रहेका छन् । पश्चिमपट्टि ठूलो थुम्कोलाई भुसको रास, बीचमा रहेको मध्यम आकारकोलाई धान र पूर्वपट्टि रहेको थुम्कोलाई चामलको रास भनिने किम्वदन्ती रहेको छ।

मन्दिरको जति धार्मिक महत्व छ पर्यटकीय सम्भावना त्यो भन्दा बढी रहेको छ। यहाँबाट उपत्यका सुन्दर शहर देखिन्छ । मन्दिर परिसरमा रुद्राक्ष,समी ,वर,पीपल,पारिजात ,अमला लगायतका धार्मिक महत्वका वृक्षले सुशोभित देखिएको छ। घुम्नको लागि पनि यो क्षेत्र त्यतिकै लायक छ।

यस मन्दिरमा रहेका शिलामा चढाइएको पानी जति धेरै भएपनि नभरिने र गर्मी मौसममा नसुख्ने अनौठाको विशेषता रहेको छ। मन्दिर पूनर्निर्माणको लागि २०५८ सालमा धान्यन्चल महायज्ञ लगाइएको थियो । यसपटक पनि श्रावणी बोलबम कार्यक्रम २०६८ सम्पन्न गरिएको छ । 'शिवजीलाई श्रावण महिनामा जलधारा लगाई स्नान गराउन उत्तम मानिने भएकोले बोलबम कार्यक्रम आयोजना गरेको हौ 'मेला कार्यक्रमका संरक्षक किशोरकुमार गौतमले बताउनुभयो। २०६० सालदेखि श्रावणी मेला सम्पन्न हदै आएको छ । मन्दिरको महत्वको बारेमा स्वस्थानीमा सुनेकी पोखराकी सत्यदेवी चापागाई पनि यसपटक श्रावणमा सन्तानेश्वर महादेवको दर्शन गर्न पुगिन् । आफ्नो सन्तानको सफलता र दीर्घायूको लागि मन्दिरमा दर्शन गर्न आइपुगेको उनले बताइन् ।

यस्ता क्षेत्रहरुको संरक्षणमा स्थानीयको साथसाथै सरकारको सक्रियता बढाउनुपर्दछ । आफ्नो बलबुताले भ्याएसम्म स्थानीय व्यक्तिहरु मन्दिरको महत्व बढाउन लागिरहेका छन् । तर सरकारको चासो बिल्कुलै देखिदैन । यस्तो ऐतिहासिक महत्व बोकेको मठ मन्दिर सरकारका अपार निधि हन् । यस क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकसित गर्न सरकारको ध्यान पुगोस ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनले चिताएको पूरा हुने: कल्पेश्वर महादेव मन्दिर



श्रावण मास शुरु भएको छ । देशभरका शिव मन्दिरहरुमा भीड लाग्न थालेको छ । भगवान शिवको प्रिय श्रावणमासका सोमबारमा पछिल्ला वर्षमा अधिक संख्यामा नेपाली हिन्दू महिलाहरु व्रत उपासना गर्न थालेका छन् । तराई र पहाडको संगमस्थल धनुषा जिल्लाको तुलसी गा.वि.स. दुधपानीस्थित श्री कल्पेश्वर महादेव मन्दिरलाई यतिबेला सबैले सम्भनुपर्दछ । सुख, शान्ति, समृद्धिका दाता भगवान शिवका अनेकानेक नाममा मन्दिरहरु बनेका छन् । कतिपय मन्दिर यस्ता छन् त्यहाँ पुगेर स्वच्छ मनले आराधना गर्ने बित्तिकै परिणाम तत्काले देखिन थाल्छ । धनुषाको कल्पेश्वर महादेव मन्दिरमा यस्तो शक्ति रहेको छ कि शुद्ध र स्वच्छ मनले यहाँ पुगेर आराधना गर्ने जो कोहीको कल्पना यथार्थमा रुपान्तरण भैहाल्छ । गत फाल्गुणमा कल्पेश्वर महादेवको नवनिर्मित मन्दिरको उदघाटन गर्न पुगेका एमालेका दुई जना सभासद एक महिना नबित्दै मन्त्री हुने सौभाग्य पाएको र स्थानीय बासिन्दाले कल्पेश्वरको शिवप्राङ्गणमा सभासदद्वयलाई मन्त्री हुने कामना गरेको कुरा तुलसी चुरेका समाजसेवी डोरकुमार श्रेष्ठले ॐकारवाणीलाई बताउनुभयो । मन्दिर निर्माण गर्न सक्रिय भएर लाग्ने भोजबहादुर वढुवालको पनि केही वर्ष पहिले भन्दा कल्पेश्वरकै प्रतापबाट आर्थिक स्थिति अहिले निकै माथि पुगेको स्थानीय जनताको भनाइ छ । यो मन्दिरमा गएकर एकपटक मात्रै पवित्र मनले पूजा आराधना गर्दा पनि मनले चिताएको कामना पूरा हुन्छ भन्ने विश्वास रहेको बताउनुहुन्छ चुरेकी आशा श्रेष्ठ । कल्पेश्वरकै सेवाबाट सवारी चालकबाट ट्यांकर व्यवसायी भएको चुरेका प्रदीप श्रेष्ठको भनाइ छ । चुरे क्षेत्रमा जो जतिले आर्थिक र नैतिकस्तर माथि उठाएका छन् त्यो सबै बाबा कल्पेश्वर महादेवको कृपाबाट भएको हो भन्ने स्थानीय भक्तजनको भनाइ छ । पुरानो शिवमन्दिरलाई भौतिक रुपमा नयाँ बनाउन सहयोग पुऱ्याउने एमाले सभासद् रघुविर महासेठ अहिले सिंचाई मन्त्री भएका छन् । त्यस निर्वाचन क्षेत्रबाट निर्वाचित सभासद शत्रुघन महतो अहिले स्थानीय विकास राज्यमन्त्री हुनुहुन्छ । दुवै जना मन्दिरको समुद्घाटनमा भक्तिभावपूर्वक जानुभएको थियो र फलस्वरुप एक महिना नबित्दै मन्त्री हुने सौभाग्य प्राप्त गरेको डोरकुमार श्रेष्ठ 'काजी'को भनाई छ । नाम कल्मेश्वर रहनु र नामअनुसार कल्पना गरेको कुरा पूरा गरिदिनू नै कल्पेश्वर महादेव मन्दिरको मुख्य शक्ति हो । राम्रा कुराको संकल्प गर्ने जो कोहीले पनि एकपटक धनुषाको तुलसी गा.वि.स.मा पर्ने त्यो मन्दिरमा श्रावण महिनामा त एकपटक पुग्नै पर्दछ ।

विपश्यना साधना

झुम्मिएर अधिराज्य भरिका विदेशी लगायत
मौन वर्तालु तपस्वीहरु
जीवनसारको मूक्तिद्वार मुहान पोखरी खोज्दै
इच्छुक साधक-साधिका पुग्छन्
धर्म श्रृंगारस्थल विपश्यना शिवपुरी
शीतल जल थलमा कलकल निर्झर
पवित्र जलका फैलिन्छन् ज्ञानका मधुरस
नखंनख कान्ति हृदय नसामा
सुनौला भित्र धर्म श्रृंगारका
विपश्यना साधना हर सन्ध्यामा
श्री सत्य नारायण प्रवचन घन्किन्छन्
मन मस्तिष्कमा मंगलधुन
विवेकीजनका ज्योतिपुञ्ज दिलमा
राग, द्वेष विहीन
बोधिसत्व दिव्य धर्नी

हत्या हिंसा मारकाट हरी
बनोस नयाँ नेपाल
शान्ति निकुञ्ज पिरती
मानवता बीचबीच
इख, पेच हीन
अङ्ग अंङ्ग गुञ्ज उठुन्
अन्तर हृदय निरति
प्रफुल्ल होऊन् जीवनधर्तिमा
मौन व्रतालु तपस्वीका ज्ञान
ममता फैलिरहोस् अदृष्य मनभरि
जागृत भैदियोस्
विश्वका मनमा नित्य ध्यान

।मनभित्रको चुलवुले छचल्किएको मन वदल्नु छ,
सुरुवात समाधिभित्रको समाधिवाटै चम्काउनु छ,

✍ उत्तम थापा
(ध्यान सर्वदानन्द)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0, In Public Domain. Digitization by eGangotri

श्री आशुतोष वचनामृत

स्वस्तिक एक मंगलकारी आव्हान

हाम्रो संस्कृतिमा यस्ता अनेक प्रतिक र चिन्ह छन्, जसले बहुमुल्य सम्पदालाई समेटेको छ। यी प्रतिकहरु देख्नमा साधारण जस्तो लाग्न सक्छन् तर यिनीहरुको गुढ रहस्य र अर्थ जानेपछि मात्र हामीलाई लाग्न सक्छ जीवनका कयौं उल्झनहरुबाट समाधान पाउन सक्छौं। यो प्रतिकहरुमध्येमा एक मंगलकारी चिन्ह हो "स्वास्तिक"।

हिन्दू परम्परा अनुसार हाम्रो सम्पूर्ण शुभ अनि नविन कार्यको शुरुवातमा स्वस्तिक चिन्ह चित्रित गरिन्छ। आजसम्म यसको भिन्न भिन्न अर्थ निक्लिरहेका छन्। तर यसको अनेक अर्थहरु मध्ये सर्वश्रेष्ठ अर्थ कुन चाहि हो ? वास्तवमा, स्वस्तिकले जीवनको कुन चाहि मंगलमय पक्षतर्फ संकेत गरिरहेको छ ? यीनै सम्पूर्ण रहस्यहरुको उद्घाटन गरिरहनु भएको छ, दिव्य ज्योति जागृति संस्थानका संस्थापक एवं संचालक हाम्रो पूज्य गुरुदेव श्री आशुतोष महाराज जी।

<u>शास्त्रीय दृष्टिकोण</u>

"आरम्भ गरौं, स्वस्तिकको शाब्दिक अर्थबाट। यसको व्युत्पत्ति यस प्रकार भएको छ - "सु+अस्+क"। "सु" उपसर्गको अर्थ हुन्छ - शुभ, मंगलप्रद, "अस" धातुको अर्थ हुन्छ - अस्तित्व वा सत्ता अनि "क" प्रत्ययको अर्थ हुन्छ - कर्ता (गर्नेवाला)। यस प्रकार स्वस्तिक चिन्हको अर्थ हुन्छ - मंगल गर्ने वाला। अमरकोशमा स्वस्तिकलाई यसरी परिभाषित गरिएको छ - **"स्वस्तिक : सर्वतो ऋद्ध :"** अर्थात सबै दिशाहरुमा सबैको कल्याण होस्।

निरुम्तमा वर्णित गरिएको छ - **"स्वस्तिक क्षेमं कारयति कथयति इति स्वस्तिक :"** अर्थात जो कुशल अनि क्षमा गर्ने वाला छ, त्यसलाई स्वस्तिक भनिन्छ। यसैप्रकार वेदमा स्वस्तिकलाई शुभ अनि कल्याणकारी भनिएको छ। यजुर्वेदको यो ऋचाले स्वस्तिकको मंगलमय पक्षको उजागर गर्दछ -

स्वस्ति नऽइन्द्रो ब्वृद्धश्रवा : स्वस्ति न : पूषा विश्ववेदा :।
स्वस्तिनस्तार्क्ष्योऽअरिष्टनेमि : स्वस्ति नो बृहस्पति दधातु ॥

अर्थात हे मंगलकारी ईश्वर, हाम्रो जीवन मंगलमय होस्। हे सम्पूर्ण सृष्टिको रचयिता, हाम्रो कल्याण होस्। ईश्वरले हाम्रो जीवनमा मंगल अनि समृद्धि प्रदान गर्नुहुन्छ। यस श्लोकमा "मंगल", "कल्याण", "समृद्धि" आदि शब्द "स्वस्ति" को अर्थबाट लिइएको छ। यसबाट यो स्पष्ट हुन्छ कि स्वस्तिक मंगलमय अनि लाभको प्रतिक हो। प्रायः केही विद्वानले यस चिन्हलाई हिटलरको नाजी पार्टीको चिन्हको समान ठहराए, किनकी बनावटमा दुई विल्कुल समान छन्। तर ध्यान राख्ने कुरा यो हो कि हिटलरको त्यो चिन्ह "हुक्ड क्राँस" कहलाउँछ अनि यहुदिहरु र समाजको विरुद्ध घोर अत्याचार र वैमनस्यताको द्योतक हो। त्यसलाई हिन्दु संस्कृतिको महिमावान "स्वस्तिक", जसमा सम्पूर्ण विश्वको कल्याणको भावना निहित छ, जसलाई तुलना गर्नु सरासर गलत हो।

यहि हामीले आफ्नो शास्त्र ग्रन्थलाई हेर्ने हो भने स्वस्तिक चिन्हको विराट महत्व उजागर हुन्छ। उदाहरणको सन्दर्भमा पाणिनी व्याकरण, रामायण आदिमा कयौं स्थलहरुमा स्वस्तिक चिन्हको बारेमा वर्णन पढ्ने अवसर मिल्दछ। मत्स्य, अग्नि, पद्म, वराह, हरिवंश पुराण आदिमा यसको अत्यन्तै मार्मिक विवरण दिइएको छ। तर यसको अलावा स्वस्तिक चिन्हको एक अन्य महत्वपूर्ण पक्ष पनि छ। त्यो हो कि हाम्रो शास्त्रमा **स्वस्तिकलाई श्रीगणेशको निराकार स्वरुप मानिएको छ**। गणपति देवको प्रतिमा स्वस्तिकको साकार रुप हो। यो सच्चाई यहाँबाट पनि प्रकट हुन्छ कि श्रीगणेशलाई प्रथम पूजनीय देवता मानिन्छ। त्यसैकारण सबै धार्मिक अनुष्ठानमा सबैभन्दा पहिला प्रतिकको रुपमा पूजाको थालमा, कलशमा स्वस्तिक चिन्ह अंकित गर्ने प्रथा छ। नयाँ घरमा प्रवेश गर्ने समयमा वा कुनै नयाँ वाहनको प्रयोग पूर्व यसै चिन्हलाई गृहदार वा वाहनमा वनाइन्छ। व्यापारीजनले पनि शुभ-लाभ अनि समृद्धिको लागि आफ्नो खाताको पहिलो पृष्ठमा स्वस्तिक चिन्ह वनाउँदछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर यहाँ शास्त्रले एक अन्य कुरामाथि ध्यान राख्न प्रेरित गर्दछ । शास्त्रको अनुार स्वस्तिक आकृतिलाई दुई प्रकारले मानिन्छ । हेरौं (चित्र १ र चित्र २) र (३) मा ।

चित्र नं. १



चित्र नं. २



चित्र नं. ३

चित्र नं. १ वाला चिन्हलाई त मंगल अनि कल्याणकै प्रतिक मानिन्छ । तर अर्को आकृतिलाई हाम्रो शास्त्रमा "वामावर्त स्वस्तिक" भनिन्छ । हिन्दु संस्कृतिमा यसलाई अशुभ, अमंगलको प्रतिक मानिन्छ । भन्नुको तात्पर्य यो हो कि जहाँ पहिला स्वस्तिक सकारात्मक श्रोत हो भने त्यही अर्को (उल्टो) आकृतिवाला स्वस्तिकले नकारात्मक उर्जालाई दर्शाउछ । त्यसैले यसको रुपरेखा अनि आकृतिको विशेष वैज्ञानिक महत्व अनि प्रभाव हुन्छ (जसलाई हामी अगाडी जान्दछौं) ।

ऐतिहासिक दृष्टिकोण

स्वस्तिक चिन्हमाथि गहन अध्ययन अनि शोध पछि थाहा भयो कि यो एक ऐतिहासिक चिन्ह हो । पुरातात्विक आंकलनबाट यो ज्ञान हुन्छ कि स्वस्तिक चिन्ह प्राचिन वास्तुकलाहरु, शिल्पकलाहरु, मुर्तिकलाहरु अनि मुद्राहरुमा पनि अंकित थियो । उदाहरणमा - मोहनजोद्डोको एक मुद्रामा हात्ती स्वस्तिकको सामुन्ने झुकेको दर्शाइएको थियो । हस्तिनापुरको कालमा बनेको माटोको भाडाँमा पनि स्वस्तिक चिन्ह चित्रित भएको पाइयो । अयोध्या, कोशांवी जस्ता पुराना नगरहरुको खुदाई गर्नमा जे अवशेष प्राप्त भए, त्यसमा पनि स्वस्तिक चिन्ह अंकित पाइयो । यसबाट यो स्पष्ट हुन जान्छ कि स्वस्तिक चिन्हलाई मात्र आजको समयमा मान्यता दिइएको होइन । यो चिन्हले त इतिहासको पृष्ठभूमीमा पनि आफ्नो एक अमुल्य छाप छोडेको छ ।

स्वस्तिक चिन्हलाई केवल हिन्दु संस्कृतिमा मात्र विशेष स्थान प्रदान गरिएको छैन । यो चिन्ह त सार्वभौमिक हो । यसको झलक हरेक धर्म, हरेक मतमा देख्न सकिन्छ । जसरी जैन-मतमा आठ मंगल द्रव्य मानिएको छ । जसमा स्वस्तिकलाई एक विशेष स्थान प्राप्त छ । यस चिन्हको झाँकी हामी वौद्ध धर्ममा पनि देख्न सक्छौं । बौद्ध स्तुपहरु, विहार, अशोकको शिलालेख अनि स्तम्भहरुमा स्वस्तिकको स्पष्ट आलंकन गरिएको हुन्छ । यहाँ यस चिन्हलाई धर्म, भाइचारा, मंगल अनि शुभको प्रतिक मानिन्छ । कयौं देशहरुमा, जस्तो कि कोरिया, ताईवान, आदिमा स्वस्तिक चिन्हको प्रयोग मान चित्रमा मन्दिरलाई दर्शाउनको लागि गरिन्छ ।

वैज्ञानिक दृष्टिकोण

वैज्ञानिक विचारपद्धति अनुसार पनि यो चिन्हले प्रतिकात्मक अर्थप्रति इशारा गर्दछ । जसरी हाम्रो सौर्यमंडल (Solar System) को चारैतर्फ इलेक्ट्रोम्यानेटिक उर्जा क्षेत्र (Electromagnetic energy field) विद्यमान हुन्छ । ठीक त्यसै गरी स्वस्तिकको बनावट पनि त्यस्तै छ, यसको पनि चारैतर्फ एक उर्जामंडल बन्दछ ।

यसको एक कारण यो हो कि स्वस्तिक चिन्हले ब्रम्हाण्डलाई प्रतिविम्बित गर्दछ । यस गुढ टिप्पणीलाई सम्झनको लागि यस सौर्यमंडलको रचनाकाल तर्फ लाग्दछौं । वैज्ञानिकहरुको अनुसार यस सृष्टिको रचना Big Bang नाम विस्फोटद्धारा भयो । यस विस्फोटको समयमा अथाह उर्जा निक्लियो अनि चारौं दिशामा फैलिन लाग्यो । यसको परिणामस्वरुप सम्पूर्ण पृथ्वी, ग्रह नक्षत्रहरुको निर्माण भयो । स्वस्तिक चिन्हले विस्फोटको पछाडि यसै विसर्जित उर्जालाई प्रतिकात्मक ढंगमा दर्शाउँछ । स्वस्तिकको केन्द्रविन्दुले Big Bang नामक विस्फोट केन्द्रको तर्फ संकेत गर्दछ । जस्तो कि विस्फोटको समयमा केन्द्रबाट उर्जाको फैलावट चारौं दिशामा भयो । त्यसै पनि स्वस्तिकले चारै दिशाहरुमा जादै गरेको रेखाहरु जसको विसर्जित उर्जालाई चित्रांकित गर्दछ । यसबाट यो सिद्ध हुन्छ कि स्वस्तिक चिन्ह सम्पूर्ण सृष्टि अनि त्यसैको वैज्ञानिक संरचनाको द्योतक हो । अनि यो पनि कि स्वस्तिकले केन्द्र त्यस "आदि ब्रम्हा-सत्ता" अनि उहाँको चतुर्दिक जाती रेखाहरु "संसार" लाई दर्शाउँदछ ।

दार्शनिक र आध्यात्मिक दृष्टिकोण

निःसन्देह, शास्त्रीय, ऐतिहासिक अनि वैज्ञानिक विवेचनाहरुमा स्वस्तिकको मान्यता अनि महानताको झलक स्पष्ट देख्न सकिन्छ । यी संम्पूर्ण दृष्टिकोणले स्वस्तिकको विभिन्न पक्षहरुको उजागर गर्दछ । तर स्वस्तिकको केही अत्यन्त गुढ व्याख्या पनि छ - दार्शनिक अनि आध्यात्मिक रहस्यलाई लिएर ! यस्तो व्याख्या, जसले स्वस्तिक चिन्हको महान प्रतिकात्मक अर्थलाई आफ्नो सामुन्ने राख्दछ तथा जसलाई जानेर एक मनुष्य जीवनको पूर्णताको तर्फ अग्रसर हुन सक्छ । किनकी स्वस्तिक केवल मात्र एक चिन्ह अनुपम अध्यात्मिक धरोहर हो, जसले हाम्रो भित्र अनेक अमुल्य प्रेरणाहरुलाई संचित गर्दछ ।

यस कुरालाई गुढतासँग बुझ्नको लागि आऔं हामी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वस्तिक चिन्हको वनावटलाई ध्यान सँग हेरौं (चित्र १)। यसमा दुई विपरित भावको एक साथ दर्शन हुन्छ। यसको एक रेखा, जुन वाँया माथि तर्फवाट दाँया तल्लो (Top Left to Bottom Right) तर्फ गएको छ, त्यसैले एक भाव वा पक्षलाई दर्शाउछ। त्यही अर्को रेखा, जुन दायाँ माथि तर्फबाट बायाँ तल्लो (Top Right to Bottom Left) तर्फ गएको छ। त्यसले अर्को भाव वा पक्षको तर्फ इशारा गर्दछ। अत: यी दुवै रेखाहरुले विपरित पक्षको इंगित गर्दछ। त्यसैले यस चिन्हलाई चीनी Ying-Yang चिन्हको समान ठहराइएको छ। केवल चीनी मात्र होइन, हिन्दु संस्कृतिमा पनि यस्तो अनेक जोडिएको छ, जसले श्रृष्टिको द्वैतभावको सिद्धान्त प्रदशित गर्दछ। जस्तो:- पुरुष-प्रकृति, प्रवृत्ति-निवृत्ति आदि। यी सम्पूर्ण पक्ष एक अर्कोको विपरीतात्मक छ। जस्तो कि प्रवृत्ति पक्ष गृहस्थ आश्रमको पथ हो, यसमा जीवन निर्वाहको लागि धन अनि वस्तुहरुलाई संग्रहित गरिन्छ। यसको विपरित निवृत्ति पक्ष त्याग, संगम अनि सन्यासको मार्ग हो। अत: हामी भन्न सक्छौं कि स्वस्तिक चिन्हले प्रकृतिको यस द्वैतभाव अर्थात दुई विपरित पक्षको एक साथ उजागर गर्दछ। यस प्रकार प्रकृतिको सम्पूर्ण चित्रण स्वस्तिक चिन्ह आफैमा सजिएको छ। तर यहाँ एक अन्य महत्वपूर्ण कुरा छ। त्यो यो हो कि स्वस्तिक चिन्हमा दुई विपरित रेखाहरुको साथमा एक केन्द्र विन्दु (Centre) पनि छ। यो केन्द्र विन्दुले सम्पूर्ण सृष्टिको आधार ब्रम्हलाई दर्शाउछ, जुन द्वैत पक्षबाट पर छ, अद्धैत छ। अत: स्वस्तिकले हामीलाई सन्देश दिन्छ कि हामीले सृष्टिको द्वैतवादमा नउल्झिएर, अद्धैत आधार-ईश्वरमा केन्द्रित रहनुपर्दछ। यो मनुष्य जीवनको लागि एक गुढ मार्गदर्शन हो।

स्वस्तिक चिन्हले समन्वयको आध्यात्मिक प्रेरणा पनि दिन्छ। हिन्दु दर्शनको अनुसार हाम्रो जीवन शैली यस्तो हुनुपर्दछ कि सांसारिक दायित्वलाई पूर्ण गर्दै हामी अध्यात्मको तर्फ पनि अग्रसर हुनुपर्दछ। स्वस्तिक चिन्हले हाम्रो लागी समन्वयको यसै उत्तम जीवनशैलीको सटीक वर्णन गर्दछ। उदाहरणत: हामी चित्र-३ मा हेरौं, जुन रेखाहरु सादा रंगका छन्, तिनीहरुको दिशा वाहिर तर्फ छ अनि तेर्सो रेखाहरुको पनि बाहिरी रुख छ। यी सम्पूर्ण बहिर्मुखी सलेटी लेखाहरुले यो दर्शाउँछ कि हामी सांसारिक स्तरमा जागरुक रहनु पर्दछ। हरेक शुभ दिशामा हाम्रो बुद्धिको पूर्ण विस्तार हुनुपर्दछ। तर यहाँ विचारणीय कुरा यो छ कि केवल वाहिरी विकास नै पर्याप्त छैन। यस्तो जीवन अपूर्ण छ जो मात्र बहिर्मुखी छ। पूर्ण अनि सफलता जीवनको के रहस्य हो - यसको प्रेरणा हामीलाई स्वस्तिकले प्रदान गर्दछ। तपाई देख्न सक्नुहुन्छ कि चित्रमा चार वाहिरी। सलेटी। रेखाहरुको साथ साथ चार काला रेखाहरु यसै पनि छन्। जसको दिशा भित्र तर्फ छ। त्यो केन्द्र विन्दु तर्फ प्रशस्त भैरहेको छ। यो भित्र तर्फ गएको रेखाले सम्झाउँछ जहाँ व्यक्तिको वाह्य जगतको विस्तार गर्नुछ, त्यहाँ उसलाई ध्यान साधनाको मार्गमा प्रशस्त भएर अंतर्जगत अर्थात ब्रम्हको तर्फ पनि निरन्तर अग्रसर हुनुपर्दछ।

तर हाम्रो जीवनमा एक ठुलो भारी समस्या छ। मनुष्य सांसारिक कार्यलाई पूर्णता प्रदान गर्दै त्यसमा यति धेरै अल्झिन्छ कि उसले आफ्नो जीवनको यस सर्वेसर्वा केन्द्रको तर्फ ध्यान नै दिन सक्दैन। उ ब्रम्हको तर्फ कसरी केन्द्रित हुनसक्छ ? यस प्रश्नको समाधान पनि हामीलाई स्वस्तिकद्धारा नै प्राप्त हुन्छ। स्वस्तिक चिन्हको मुख्यत: चार रेखाहरु हुन्छन्। ती रेखाहरुको प्रतीकात्मक अर्थ अत्यन्त रहस्यमयी छ। वास्तवमा, अध्यात्म-दर्शनमा "चार" को अंक अत्यन्त महत्वपूर्ण मानिएको छ। स्वस्तिकको यी चार रेखाहरुले चार वेद (सामवेद, ऋग्वेद, यजुर्वेद, अथर्ववेद), विष्णु जी को चार भुजाहरु अनि ब्रम्हाजीको चतुर्मुख रुपको संकेत गर्दछ। यी रेखाहरु ब्रम्हाज्ञानद्धारा प्राप्त अन्तर्जगतको चार दिव्यानुभूतिहरुको पनि प्रतिक हो। सद्गुरुको कृपाद्धारा ब्रम्हाज्ञान प्राप्त हुने वित्तिकै यी चार पदार्थ- प्रकाश, अमृत, अनहद, नाम हाम्रो अतसभा स्वत: प्रस्फुटिकरण हुने गर्छ। अत: स्वस्तिकको यी चार रेखाहरुले दर्शाइरहेको छ कि अंतर्मुखी वन्नको लागि ब्रम्हलाई जान्नको लागि हामीलाई ब्रम्हज्ञान प्राप्त गरेर यी चार दिव्य पदार्थको अनुभूमि प्राप्त गर्नुपर्छ। त्यस पश्चात निरन्तर ब्रम्हाको ध्यान गर्दै, उहाँसँग (अर्थात स्वस्तिकको केन्द्रसँग) पूर्ण एकाकार स्थापित गर्न सकिन्छ।

अन्तमा, म यही भन्दछु कि हाम्रो हिन्दु संस्कृतिको यो श्रेष्ठ चिन्ह - "स्वस्तिक" ले आफ्नो वनावट र चित्रणद्धारा हामीलाई अध्यात्मको सर्वोत्तम सनातन विज्ञान- "ब्रम्हज्ञान" को तर्फ नै प्रेरित गर्दछ। ब्रम्हज्ञानद्धारा ब्रम्हमा लय नै सर्वमंगलको आव्हान हो। यही स्वस्तिकको वास्तविक प्रेरणा हो। स्वस्तिकको यस गुढ रहस्यलाई बुझेर अनि आफ्नो जीवनमा क्रियान्वित गरेपछि नै कालिदास जी को यो वाणी साकार हुन्छ -

सर्व स्तरतु दुर्गाणि सर्वो भद्राणि पश्यतु
सर्व: कामानवाप्नोतु, सर्व: सर्वत्र नन्दतु

(विक्रमोवंर्शीय ५ २५)

अर्थात सवै मानवले कठिनाईहरुलाई पार गरुन। सम्पूर्ण मानवले पूर्ण कल्याणलाई देखुन। सवै शुभ मनोकामनाहरु पूर्ण होऊन। सवै मानव सर्वत्र आनंदित होउन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवेचना मूलकः संविधान सुझाव

करूणानिधि अर्याल

संविधानको मूलस्रोत र प्रारुपको केन्द्रविन्दु नै त्यस देशको प्राकृतिक सम्पदा भूवनोट धर्म संस्कृति र परम्परा रीतिरिवाजका तन्तुहरुमा आवेष्टित भएको प्राचीन र अर्वाचीन मूल र मान्यताका श्रृखंलामा आवद्ध अवधारणाले प्रभावित पारेको हुन्छ। नेपाल प्रागऐतिहासिककालदेखि नै आफ्नै प्रकारको इतिहास र गरिमालाई बोकेर रमाइलो जगतमा अवस्थित छ।

यद्यपि समस्त विश्व नै परिवर्तित भूराजनैतिक प्रवाहले प्रवाहित पार्न पछि परेन। तथापि नेपाल अनादिकाल देखि नै अखण्ड रुपमा रही आएको छ। विश्वमा लगभग एकसयभन्दा अधिक हिन्दू राष्ट्रहरुको प्रतिनिधित्व प्रदान गर्ने एकमात्र हिन्दु अधिराज्य हो। समस्त हिन्दुहरुको प्रेरणाको मूल स्रोत र नैतिक दायित्वको आधारस्तम्भका रुपमा रहेको सर्वमान्य राजतन्त्रात्मक (सवैधानिक) राष्ट्र भएकोले संविधान पनि त्यसप्रकारको भावनालाई प्रतिविम्बित पार्न अनिवार्यता रहनुपर्नेछ।

धर्म सापेक्ष र निरपेक्षताको विवादमा अल्मलिनु भन्दा हिन्दु अधिराज्य व्यवधान नआउने गरी इतरधर्मको अस्तित्व कायम राखी समयकाल परिस्थितिको मूल्यांकन गरी हिन्दुत्वको गरिमालाई मूर्तरुप दिने किसिमको संविधान तर्जुमा गर्नु वेस हुनेछ। निर्धारित संविधान हिन्दु धर्मप्रतिको प्रतिवद्धता, मर्यादा, एवं आदर्शको स्पष्ट विवेचना हुनुपर्नेछ।

अन्य पक्षीय धर्मको अस्तित्व स्वीकार गर्ने तर प्रलोभन, त्रास र बाध्यता सिर्जना गरी धर्म परिवर्तन गर्ने जस्ता दुष्परिणामजनक विषयवस्तु समावेश नगर्ने र सवै धर्महरुलाई स्वतन्त्रतापूर्वक मौलाउने व्यवस्था प्रदान गर्नेछ।

हाम्रो राष्ट्रिय परम्परा शास्वत वैदिक धर्मानुकुल सदाचार, सहविचार, सदगुण र सदव्यवहारको प्रतिपादन गरी तदनुशरण गर्नु हो। धार्मिक सहिष्णुता यस धर्मको मूल विशेषता हो। राजभक्ति ईश्वरभक्ति यस धर्मको राष्ट्रिय परम्परा हो। बसुधैव कुटुम्बकम यसको मानवतावादी मूल दर्शन हो। संगच्छ ध्वं सम्वदध्वं हिन्दु वैशिटयताका एकात्मक भावनाको आविष्कार हो। पक्षमा समस्तमानव समुदायको भावनालाई कुण्ठित गरी पाशविक अवथामा परिणत गर्ने लक्ष चिन्तन गरिएको छ। खगोल र भूगोललाई परिक्रमा गर्ने अति आधुनिक तथा सशक्त सहृदय मानव हृदयलाई लागे समय सापेक्षित र कामयाव हुन सक्तैन। यस प्रकारको संविधानलाई बौद्धिक जगतले लङ्गडो अनुभूति गरेका छन्। वस्तुगत रुपमा अध्ययन मनन् र चिन्तन गर्ने हो भने भौतिकवाद र अध्यात्मवादको तुलनात्मक विवेचनाद्वारा व्यवहारिक पक्षलाई आधारशिला कायम गरी बहुसंख्यक जनभावनालाई प्रतिविम्वित पार्ने खालको संविधान तयार गर्न श्रेयष्कर हुनेछ।

प्राचीनकालदेखि अर्वाचीन अवस्थामा पनि दक्षिणपूर्व एशियाका धर्म सापेक्षित देशहरु, इरान, इराक, लेवनान, सिरिया, तथा अफगान, पाकिस्तान आदि मुलुकमा आफ्नो सम्प्रदायिक विषयलाई लिएर अन्तरद्वन्द चलिरहेको छ। यदाकदा युरोप र अमेरिकामा पनि इशाई धर्मावलम्बीहरुको बीचमा भएको नरसंहारको इतिहास हाम्रो अगाडि जीवित छ।

धर्म निरपेक्ष देश भारलमा पनि शिवाजी, औरंगकोव, अकवर र विरवल, लक्ष्मीवाई र अग्रेज वर्तमान अवस्थामा पञ्जावका शिख र काशमिरका मुसलमानहरु तथा गुरुनानक एवं स्वामी दयानन्द सरस्वती एवं रामजानकी मन्दिर र बाबरी मस्जिद आदि क्षेत्रहरुमा हिन्दु र मुसलमानहरुको भीषण साम्प्रदायिक युद्ध निरन्तर रुपमा अगाडि वढीरहेको कुरा विश्वका तमाम प्रबुद्ध वर्गको मष्तिष्कबाट लुकेको छैन।

संविधान निर्माण गर्दा धर्म सापेक्षित र धर्मनिरपेक्षीत विषयबस्तुलाई गौणरुपमा स्वीकार गरी हाम्रा पूर्वजहरुको प्रतिपादन गरेको श्रुति, स्मृति र पुराणहरुको सर्वमान्य नीतिगत आदर्शलाई प्रतिबिम्बित गर्ने र राष्ट्रिय रीतिस्थितिलाई बर्णाश्रम व्यवस्थाको आधारमा आधारित मौलिक प्रतिभालाई विकासमूलक हुनुपर्ने मूख्यरुपमा मानिएको छ।

एकातिर लोकतन्त्रात्मक विशाल मुलुक भारत भने अर्कोतर्फ साम्यवादी मुलुक चनि छ। दुवै राष्ट्को वीचमा आफैं प्राकतिक सौन्दर्यता आफैं विशेषता र पनको गौरवमय इतिहास बोकर एशियाको माझमा अवस्थित सुन्दर शान्त नेपालमा संविधानले पनि आफ्नै प्रकारको भावना र विशेषताको झझल्को बोकेको हुनुपर्ने र राष्ट्रिय प्रतीकको रुपमा रहनु पर्नेछ।

अत एव राज्यको सर्वोच्च शक्ति जनतामा निहित भएको सर्वमान्य लोकतन्त्रात्मक संविधान तयार गर्ने दायित्व र जिम्मेवारी बर्तमान संविधान सभाले वहन गर्नुपर्नेछ।

(चितवनका स्व. लोकतन्त्रवादी नेता करुणनिधि अर्यालले २०४७ सालको संविधान लेखनपूर्व संविधान सुझाव आयोगलाई दिनु भएको सुझाव हो। उहाँले उतिबेलै दिनु भएको सुझाव अहिले पनि उत्तिकै सान्दर्भिक रहेको छ। उहाँको २०५४/६/१९ मा हृदयघातबाट निधन भएको थियो। -सम्पादक)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफूलाई सामान्य भन्दा सामान्य बनाउनु आध्यात्मिकताको गन्तव्य हो

स्वामी वेद चैतन्य वेदान्त दर्शनलाई प्रयोगात्मक रुपमा मानव जीवनमा उतार्न विश्वभर अभियानको नेतृत्व गर्दै हुनुहुन्छ । विशेषगरी क्यानडाको ओटावामा धेरै समय साधना गर्नुभएका नेपाल आमाका सुपुत्र स्वामीजी यतिवेला मातृभूमिमा लागि केही योगदान पुर्‍याउने अठोट लिएर आउनुभएको छ । विश्वका ४८ देशमा उहाँको वेदान्तको प्रयोगात्मक अभ्यास गर्ने लाखौं अनुयायीहरु छन् । खानदानी राणा परिवारमा जन्मिएर पनि भगवान बुद्धले जस्तै सबै भौतिक सुखसुविधा त्याग गरेका वेद चैतन्य स्वामीज्यू बाल्यकालदेखि नै आध्यात्मिक चेतनाको संवाहक बन्नुभयो र बाल्यकालमै स्वामीका रुपमा स्थापित हुनुभयो । अहिले सनातन धर्मभित्र अनेकौं सम्प्रदायहरुको उदय भएर यसको विराट् ऊर्जा नष्ट हुँदै गएकोमा स्वामीज्यू चिन्तित हुनुहुन्छ । त्यसैले सबै सम्प्रदायको मूल ॐकार भएकाले ॐकार आश्रमका माध्यमले सबै धार्मिक जगतलाई सर्वत्र ॐकारमय बनाउन गृहकार्य गर्दै हुनुहुन्छ । स्वामीज्यूको यो अभियानका विषयमा गरेको संवादलाई प्रस्तुत गरेका छौं ।



स्वामी वेद चैतन्य

ॐकार आश्रमको कुरा उठेको छ यसबारेमा अहिले के के भइरहेको छ ?

यसपटक ॐकार चैतन्य सभा गर्न खोजेको छु । नेपालमा जति आध्यात्मिक संस्थाहरु छन् ॐकारसँग आस्था राख्ने सबैलाई एक वनाउने अभियान थाल्दैछु । ससानो टुक्रामा रहँदा आफैंमा कमजोर र दृष्टिकोणविहीन भैसकेका छन् । सबै संस्थालाई एउटै विधान र कार्यशैलीमा लैजान सक्यो भने अध्यात्मको विराटस्वरुप हुन सक्छ । हामीले भागवत कथा आदि जस्ता कार्यक्रम आयोजना गरेर मात्रै समाजको परमार्थको सुधार होलाजस्तो लाग्दैन । आध्यात्मिकतालाई चिनाउने र ज्ञानलाई जीवनशैलीमा उतार्न सकिएन भने त्यो ज्ञान सूचना मात्रै हुन जान्छ । अहिलेसम्म भएका गतिविधिहरुलाई हामीले जीवनमा कति उतारियो ? वेदान्त, शास्त्रहरुमा भएका कुराहरुलाई हामी प्रयोगमा कति ल्यायौं ? हरेक दिन मन्दिरमा गएर घण्टी बजायौं तर आवरणमा गरेकोले केही अर्थ राख्दैन । हाम्रो महा सनातनभित्र १६६ सम्प्रदायहरु छन् । शुरुमा पनि यी सबै एकै थिए भविष्यमा पनि एकीकरण हुनैपर्छ । टुक्रिएर हैन मूलश्रोतमा नगैकन विकास गर्न सकिँदैन ।

सबैलाई जोड्ने सूत्र के हो त ?

सबैलाई जोड्ने ॐकारले हो । बुद्ध मान्ने मान्छेले हिन्दू भन्दा अलग सम्झन्छन् तर ऊ ॐकारित हो नि । धेरैले एकताको आवश्यकता बुझेका छन् तर उनीहरुको विधि, पद्धति र एउटा आवरण छ तर त्यसबाट बाहिर निस्कन चाहिरहेको छैन । आफूले पाइरहेको प्रतिष्ठा गुम्छ कि आफू सामान्य स्तरमा पुग्छ कि भन्ने आवरणले रोकेको छ तर आध्यात्मिकताको रहस्य नै आफूलाई सामान्य भन्दा सामान्य बनाउनु हो । जमीनमा नटेकी आफ्नो उचाइ कसरी बढाउने ? सबभन्दा पहिले तपाईं मनुष्यको रुपमा आफूलाई बुझ्नुहोस् । भौतिक र आध्यात्मिकताको समावेशी जीवनशैली वनाउनुहोस् । लुगा लगाउने हो तर त्यसमा अल्झिने हैन । मूल जरो के हो त त्यसलाई समाउने हो । मूलश्रोतमा जाने हो भने सबै एकैनास हौं । त्यो एकरुपता देखाउन सकियो भने सबै जोडिन्छन् । बुद्ध, जैन, शिख जो जस्तो सम्प्रदाय हुन् सबैले एक ॐकारलाई मान्छन् । अब समग्र सम्प्रदायलाई एक ठाउँमा राख्छौं ॐकार आश्रमका रुपमा लैजान्छौं । आखिर सबैको मूल एउटै हो भने आँपको वृक्षका सबै हाँगामा आँप नै फल्छ । सबै एकै छौं भने फरक देखाउनुपर्ने आवश्यकता किन ? मैले जे बोले त्यो सत्य हो भन्ने हैन अब सत्य मैले वोल्ने हो भन्ने भाव आएपछि एकताको सूत्र त्यहीं वन्छ ।

कार्यक्रमका चरणहरु के के छन् ?

शुरुमा हामी ॐकार आश्रमको संयोजन गर्ने समूह तैयार गर्छौं । त्यो समितिले नेपाल भरीका मठ मन्दिरहरुका संघसंस्थाहरुलाई ॐकार आश्रमसंग आवद्ध गराउने विधि विधान तैयार गर्छौं । हामी देशभरी आ-आफ्नै ढंगले भागका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धार्मिक आध्यात्मिक गतिविधिलाई एक ॐकारमय बनाउन प्रयास गर्छौं । हाम्रोमा शाखा र केन्द्र भन्ने हुँदैन । सवैतिर एकनाश र एकरुपता रहन्छ । सवै एक ॐकारमय हुनेछन् । सवैतिर ॐकार आश्रम रहन्छन् । सवले एकै समयमा प्रवचन गर्छन् एउटै समयमा ध्यान हुन्छ ।

यसको नेतृत्व कसले लिन्छ त ?

शुरुमा मैले नै संयोजन गर्छु तर जब धर्मपरिषदको पहिलो चरण पूर्ण भैसकेपछि यस राष्ट्रको अधिपतिका रुपमा जो आउनुहुन्छ उहाँले नै धर्माचरणको काम सम्हाल्नु हुन्छ । म अन्य राष्ट्रहरुमा जान्छु हरेक पाँच वर्षमा म देश देशको ॐकार आश्रमको हाल बुझ्न पुग्नेछु । धर्म परिषद्को प्रतिवेद न हेरेर कार्यक्रम थपघट गर्छु । हाम्रोमा आठवटा मण्डलाधिपति हुन्छन् । मण्डलाधिपति मातहतका राष्ट्रहरुमा के कस्ता कार्यक्रम चलाउने हो सवै काम उनीहरुले गर्छन् र मलाई जानकारी गराउँछन् । सोही अनुसार कार्यक्रम थपघट हुन्छन् ।

अहिले कतिवटा देशमा तपाईंको यो अभियान भैरहेको छ ?

अहिले ४८ वटा देशमा हामीले काम गरिरहेका छौं । यो संख्या बढ्दै गइरहेको छ । कतिपय देशमा अधिपति छैनन् दिक्षित भएर गएका संयोजकहरु छन् जसलाई मण्डलाधिपतिले पठाएका छन् । अहिले म धेरै समय नेपालमा वसेका हुनाले वाहिरको कार्यक्रमको निगरानी गर्न पाएको छैन तर सिस्टममा रहेकोले इन्टरनेटवाटै सबै रिपोर्टिङ्ग भैरहेको छ ।

यसको केन्द्र चाहिँ कुन देशमा छ ?

हामीले केन्द्र भन्ने गरेका छैनौं । केन्द्र वा शाखा भनिदिंदा विशेषाधिकारको कुरा उठ्दो रहेछ । केन्द्र फलानो देशमा छ भन्दा यो विदेशी संस्था रहेछ भन्ने भान पर्छ त्यसैले हरेक देशमा त्यहींको ॐकार आश्रम सञ्चालन गरेपछि त्यो नै केन्द्र हुन्छ । प्राचिन गुरु परम्परामा रहेर यो काम हुन्छ । सवै आश्रम स्वतन्त्र छन् तर जहाँ जतिबेला म पुग्छु त्यही आश्रमलाई मुख्य आश्रम मानिन्छ ।

साधना पद्दति के छ ?

वेदान्तलाई म अभ्यास गराउँछु यही तन्त्र हो र यही साधना हो । हरेक वर्ष ४५ दिनको चारवटा साधना हुन्छ । प्रत्येकमा तीन पक्ष रहन्छ, शुक्ल पक्षको प्रतिपदावाट शुरु गरेर दोश्रो पूर्णिमामा त्यसको समापन हुन्छन् । त्यसको प्रविधि विविध छन् ।

यो आध्यात्मिक अभियानलाई जीवनशैली बनाउँदा जीवन निर्वाहको पेशासँग कसरी जोड्न सकिएला ?

हाम्रोमा आठवटा परिषद् हुन्छ त्यसमध्ये एउटा अनुसन्धान र विकास परिषद हो उसले आफ्नो क्षेत्रमा रहेका आध्यात्मिक र भौतिक विकासको अनुसन्धान गर्छ र योजना बनाउँछ । नेपालमा ॐकार गोधामको स्थापना गर्दैछौं । त्यसको काम भैरहेको छ र मूर्त रुप लिन केही समय लाग्नेछ । नेपालमा दैनिक ३८ लाख पोका दुध आवश्यक पर्छ तर उत्पादन २ लाख पनि हुँदैन । त्यसैले अझै पनि धेरै माग छ । गोधाममा दुध दिन नसक्ने गौमाताहरुलाई पनि आरामसँग पालन पोषण हुन्छ । गौमाताहरुको सन्यास जीवनका बेलामा गहुँत र गोवरको लाभ उठाएर गौमाताको रक्षा गर्न श्रोत जुटाउनेछौं । दिनदिनै अब रासायनिक मललाई प्रतिबन्ध लगाइनेछ । धेरै देशमा यस्तो भइसक्यो कारण के हो यसले माटोलाई निर्जीव बनाउँदो रहेछ । त्यसैले गौमाताको गोवर गहुँतको कृषिमा ज्यादै महत्व हुनेछ । हामीले कृषकहरु आफैंलाई लगानी गर्न उत्प्रेरित गर्छौं । अरुको लगानीले स्वाभिमान गराउन सक्छ ।

कृष्ण तिमीले

✍ शिला पन्त
अध्यक्ष
सनातन धर्म सेवा समिति

सनातन धर्म सेवा समिति
नसमाउने लौरो थियो न त टेक्ने थलो
कृष्ण तिमीले अघि सरी गर्‍यौं हाम्रो भलो ।
तिम्रो आशिर्वादले सबको
सेवा गर्न पाएँ
तिम्रै भजन लेखी लेखी
अर्पण गर्न पाएँ ।
नसमाउने.......................
जिन्दगीको यात्रा सँगै
मैले सबथोक पाएँ
आफन्तको भीडमा चाहिँ
सँधै एक्लो भए ।
नसमाउने.......................
खाली हात पठाएथ्यौ
यस धर्तीको आँगनमा
भक्ति पुष्प ल्याएको छु
प्रभु तिमीलाई चढाउन ।
नसमाउने.......................

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्योम सृष्टि चर्चा

- ज्यो.पं. भैरवराज शर्मा कौशिक

यो संसार सृष्टिकर्ता सत्व रज तम सब ।
सृष्टि बारे म लेख्दैछु मिलोस सिद्धि नै अब ॥१॥
सुतेका विष्णुका साथ वेदले खुब स्तुति गरे ।
यिनैका स्तुतिले गर्दा विष्णु जागा भई उठे ॥२॥
साकार रुपको लागि जब माग भयो त्यहाँ ।
इच्छाबाटै महामाया सृष्टि गर्नुभयो जहाँ ॥३॥
माया सव्या महाशक्ति प्रादुर्भाव भइन् जब ।
अनि पछि वहाँबाट सर्वशक्ति महत् अब ॥४॥
एक भाग महाकाश अर्को भाग् इन्द्रियै बने ।
इन्द्रियैका एक भाग देवता मान बन्छ रे ॥५॥
ति सबै मिलि नै इन्द्र विराटैमा प्रवेश गरे ।
पछि उठ्यो जुरुक्कै त्यो विराट सब छक् परे ॥६॥
इनैका नाभिमा ब्रह्मा सृष्टि भै सृष्टि तर्फको ।
वर प्राप्त हुँदा सृष्टि ब्रह्माले सृष्टि गर्नु भो ॥७॥
प्रथम सृष्टि चतुसन्को दोश्रो मारिच आदिको ।
तेश्रो दक्षहरु आदि अष्ट प्रजापतिजीको ॥८॥
यसरी विश्वको सृष्टि गर्न मन्सुव भै कन ।
अर्ध नारी रुप लिई गरे सृष्टि दनादन ॥९॥
अनादि कालमा सृष्टि ब्रह्माले जब गर्नु भो ।
आकाश् पातालका वीच पञ्च तत्व र जीवको ॥१०॥
रवि र चन्द्रको सृष्टि तारा पुञ्ज खगोलमा ।
इन्द्र वरुण गोलार्ध चक्र छ शिशु मा र जाँ ॥११॥
पूर्व उत्तरी गोलार्ध दुरिद नगिच अनि ।
ताराको चम्किलो दृश्य उदय अस्तको पनि ॥१२॥
आकाश पिण्डको रेखा उत्तरी पूर्वीय तिर ।
चन्द्र सूर्य ग्रह तारा यिनका वरिपरि नि र ॥१३॥
स्थान मान भई साथ यिनका वाहन् त्यहीं गई ।
गोलाकार खगोलभित्र वसेका चम्किला भई ॥१४॥
दिनमा रविको दृष्य रात्रीमा चन्द्रमा कन ।
उदय अस्त हुनेछ उत्तर दक्षिणायन ॥१५॥
दिनमा सूर्य र रात्री चन्द्रमा भोग गर्दछन् ।
यिनैका गतिले गर्दा खगोल ज्ञान पाउँछन् ॥१६॥
वेदोक्त तारका पुञ्ज गोलाकार भएर जाँ ।
मेपदेखि मीनसम्म राशिवार छन् भए यहाँ ॥१७॥
नक्षत्र योग करण ऋतुपक्ष वरिपरि ।
रातमा दृश्य हुनेछन् दिनमा मधुरा पनि ॥१८॥
दृष्य र अदृष्य दुवै पक्षले छुट्याउँदछ ।
दिन र रात्रीको मान रवि चन्द्र देखाउँछ ॥१९॥
यो सबै खगोल ज्ञान कसरी जानकारी भो ।
के आधार शक्तिले शून्यवीच सबै अड्यो ॥२०॥
यो भित्री विचार् गर्दा आश्चर्य मान्नु पर्दछ ।
दिव्य दृष्टि आध्यात्मिक खगोल् ज्ञान कुन पर्दछ ॥२१॥
दिव्य दृष्टि हुने ध्यानी अनुभव गर्ने यिनी ।
निम्न नाम ऋषि देवद्वारा ज्ञान भयो पनि ॥२२॥
स्वधा, व्यास, वशिष्ट र अत्रि, पराशर अरु ।
कश्यप, नारद, गर्ग, मरिचि, अंगिरा मनु ॥२३॥
लोमश, पौलीम, च्यवन्, यवन, भृगु शौनक ।
यिनै ज्ञानी ऋषि पैले अन्वेषक थिए जब ॥२४॥
आकाश पिण्ड रेखामा दिव्यदृष्टि दिइकन ।
कहिले पूर्ण विम्व र कहिले खण्डित हुन ॥२५॥
उदय अस्त क्षणिक आध्यात्मिक् विचारि रचे ।
दार्शनिक आधार यै हो भन्ने प्रमाण यो दिये ॥२६॥
गर्गादि भृगु आदिले अन्वेषण गरिकन ।
विभिन्न आधार मानी संगठित भइ कन ॥२७॥
केले थाहा भयो होला सूर्यमा जलन छ रे ।
हाइड्रोजन हिलियम् पदार्थ अक्सिजन छ रे ॥२८॥
मिलेर बनेको भन्ने यो ज्ञान कसरी भयो ।
लोहा र कार्वन मिली बस्दैन घुमिरन्छ त्यो ॥२९॥
यस्तो अनभिज्ञ वस्तु के ले नाम लिए होलान् ।
भविष्य यही नै हुन्छ भन्ने ज्ञान दिने होलान् ॥३०॥
मनै मन विचार गर्ने आध्यात्मिक गुरु नभै ।
बुझ्न गाह्रो छ यो संसार श्रृष्टिको गणना सबै ॥३१॥
आधार मानी यसैलाई निर्णय ति गरे होलान् ।
समय कालको ज्ञान छायाबाट लिए होलान् ॥३२॥
सबैको मत यहि हो भनि शास्त्र रचे होलान् ।
रवि चन्द्र र ताराको गति विचार् गरे होलान् ॥३३॥
जुन समय साधन्को प्रादुर्भाव थिएन त्याँ ।
प्राचीन वैदिक काल गणित् ज्ञान थिएन त्याँ ॥३४॥
आकाश पिण्डको ज्ञान कालचक्र अरु पनि ।
अरुण वरुण तारा राश वार अरु अनि ॥३५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सवै तथ्य वताएर प्रकाश मनुले गरे ।
वेद शास्त्र मनुस्मृति भूगोलमा पठाए अरे ॥३६॥
तीन लाख् वर्ष पहिलेको वेदकालीन व्योमको ।
सप्तर्पि ध्रुव र तीन नाग रे गुजमुज्ज त्यो ॥३७॥
नक्षत्र मण्डल पक्ष क्रान्ति वृत्त भएर जाँ ।
कदम्वा त्रिमुख योग रेखाको दक्षिण महाँ ॥३८॥
उत्तरायणको रेखा षट्कोण ऋतुको भयो ।
सप्तकोण पनि बारको अरु योगादिको छ त्यो ॥३९॥
रवि माथि शिशुमार सर्पाकार भएर जाँ ।
तेसका वरिपरि त्यस्तै नवग्रह अरु त्यहाँ ॥४०॥
यस्तो आकोशको वारे तथ्य पैलाउने जुन ।
ऋपिहरु थिए धेरै पूर्वोक्त जुन तिनै हुन् ॥४१॥
चार वेद भयो श्रृष्टि अपौरुषेयले पनि ।
महाज्ञाननिधिद्वारा भयो ज्ञान ठूलो अनि ॥४२॥
ऋग्वेद र यजुर्वेद साम अथर्व नै अनि ।
चार वेद अरु शास्त्र पूर्व श्रृष्टि भयो पनि ॥४३॥
यिनैबाट भयो ज्ञान अन्तर्दृष्टि हुँदा महाँ ।
ऋपिका मतमतान्तरले भविष्य निर्णय महाँ ॥४४॥
पूर्व श्रृष्टि यहि होला मूलमा अनुमानको ।
नत्र आधार अरु छैन खगोल र भूगोलको ॥४५॥
सत्व रज तम तीन वेद चार गोलार्ध दुई ।
तारा र ऋक्ष्य योगादि विचारे गणना त्यही ॥४६॥
वनाए अंकको संख्या एक नौ शून्यको अनि ।
पिरामिड् पृथ्वीमा दाँजे वन्यो संख्या गणित पनि ॥४७॥
मानिसले श्वास फेर्दा दिन रात्री गने हुनन् ।
यसैवाट हिसाव मिल्छ भन्ने मत दिए हुनन् ॥४८॥
चन्द्र रविश्वर साथै शिवश्वर विचारी मन ।
गति र दुरीको मान संख्यामा वनाई कन ॥४९॥
परस्परमा दुवै लोक दुरीको गणना सवै ।
मत मतान्तर सवको समायोजन गरे यसै ॥५०॥
भूगोलदेखिको गणना गरेको ग्रहको दुरी ।
ज्योतिषशास्त्रको मत्मा अरुको मत हो उहि ॥५१॥
भूगोलवाट खगोलसम्म ग्रहको ज्योतिले गरि ।
चन्द्रदेखि शनिसम्म कति लम्वाई छन् पनि ॥५२॥
खगोलवाट आएको ग्रहको ज्योतिले गरि ।
भूगोल वासी जीवमा फल दिने सँधै भरि ॥५३॥
जन्म मृत्यु सुख दुःख लाभ हानी गराउने ।
भोग्नुपर्ने सवै कर्म यो गर्ने ग्रह नै हुने ॥५४॥
ग्रहादिहरुको संख्या पुराणादि र ज्योतिप ।
वताएको छ यो संख्या पृथ्वीवाट खगोल छ ॥५५॥
भूगोलवाट रविसम्म किलोमिटरमा अनि ।
गणना गर्दा सवको निम्न संख्या छ रे पनि ॥५६॥
पन्ध्र करोड एक्काइस लाख किलोमिटर छ रे ।
वाह्रै मास भ्रमण गर्ने रवि लोक ठूलो अरे ॥५७॥
तेस्तै सोम पनि संख्या तीन लाख हजारमा ।
वयालिस चार सय टाढा छन् अनि चन्द्रमा ॥५८॥
समुन्द्र मन्थन पश्चात् मेरो घर नजिकै भनि ।
भन्ये रे चन्द्रले सवमा तेस्तै छ गणना पनि ॥५९॥
पृथ्वीवाट वुध पनि उनानव्वे करोड र ।
सत्र लाख किलोमिटर दुरीमा बुधको घर ॥६०॥
वैसठ्ठी करोड अनि लाखमा सतासी कन ।
साठी हजार टाढा रे गुरुको लोकमा छन् ॥६१॥
एक चालिस करोड चालिस लाखको अनि ।
किलोमिटर टाढा छ दैत्यका गुरुको पनि ॥६२॥
शनिको गणना गर्दा निम्न संख्या छ रे पनि ।
बाह्र अर्व सतहत्तर करोड चालिस अनि ॥६३॥
लाख किलोमिटर छ रे पृथ्वीवाट शनि पनि ।
राशीका स्थानले गर्दा पिर्छ धेर् निष्ठुरी बनि ॥६४॥
राहु र केतुको संख्या दुरीको बारेमा अनि ।
यति भनि किटान गर्न खोज्दैछन् शास्त्रकार पनि ॥६५॥
अरुण वरुण तारा र कालचक्र शिशुमारको ।
यत्ति नै भनिने ग्रन्थ होला कैं थाह छैन त्यो ॥६६॥
सबभन्दा पनि टाढा शनिको लोक रे दुरी ।
पश्चिममा ग्रहलोक् छन् रे शास्त्रको मत हो यही ॥६७॥
देवको श्रृष्टिमा पैले आकासी पिण्डमा कन ।
चन्द्रादि तारिका दृश्य हेरेर कर्मको जन ॥६८॥
गर्दथे चाडका कर्मको जो जाँ कर्म परे पनि ।
पञ्चाङ्ग बनेका थेनन् स्वयं दृष्टि दिंदा अनि ॥६९॥
सारा कर्महरु गर्थे दिव्य दृष्टि भइकन ।
पछि अनुभव भई जान्ने भए सबै जन ॥७०॥
श्रृष्टिदेखि लयसम्म जग मान दश सवै ।
देव पितृ नर सबको कर्म मान बल सवै ॥७१॥
सबैका मतमा युगको श्रृष्टिको गणना जति ।
ज्योतिष शास्त्र बताउँछ संसारको फल हो त्यति ॥७२॥
रविमाथि शिशुमार चक्रको छ वरिपरि ।
नक्षत्र राशि आदि छन् आधार त्यसको लिई ॥७३॥
यिनीबाट चयन हुन्छ संसार सबको गति ।
यिनी विना अरु छैन ज्योतिष विषय जति ॥७४॥
केही अंश कुनै शब्द शास्त्रीय गणना जति ।
सुने देखे पढि बुझ्दा जानेसम्म यथा मति ॥७५॥
यो लेख काशीमा मैले बाउन्न दश बिसमा ।
भेट्टाएको थिएँ नक्सा कादम्बरी किताबमा ॥७६॥
तेसमा लेखिएको नक्सा आकाश पिण्डको कुनै ।
रेखा गोल ग्रह राश तारा पुन्जहरु सवै ॥७७॥
तेहि लेख अनुसार हिन्दीको नेपाली महाँ ।
श्लोक लेखिदिएँ मैले छन्दोवद्ध गरिकन ॥७८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शालि बाहनीय शाके पन्ध्र सौ अस्सीमा यहाँ ।
इन्दौर वेदशालाका प्रोफेसर थिए त्यहाँ ॥ ७९॥
दिनानाथ चुठेल र शास्त्री अर्का चुठेल थे ।
तीन सय एकाउन्न वर्ष पैले यी दुईले ॥८०॥
आकाश पिण्डको रेखा नक्सा अनादिको पनि ।
तीन् लाख वर्ष पैले गोलाकार चित्रको अनि ॥८१॥
अक्षांश रेखाका अंक कान्ति वृत्त सहितको ।
चित्र समेत वनाएर प्रकाश गरेको छ त्यो ॥८२॥
हिन्दीमा छापेको पुस्तक कादम्वरी छ नामको ।
तेसमा खगोलको बारे केही अंक रेखाङ्को ॥८३॥
आकाश पिण्डको रेखा अक्षांश गतिको अनि ।
तारादिहरुको रुप गोलाकार् भित्र नै पनि ॥८४॥
वाहनादि को छ चित्र अनेक रुप त्यहाँ ।
जलचर थलचर देखिन्छ व्योम गोलमा ॥८५॥
खगोल वर्णन पश्चात् ज्योतिष विषय अनि ।
कुण्डली भएको त्याँ छ महापुरुषको पनि ॥८६॥
राम कृष्ण र कुवेर यम रावण आदिको ।
जनम कुण्डली उनको फल आदि छ केहीको ॥८७॥
अजय प्रताप शास्त्रीको लेख नाम भनिएको ।
भृगु संहिता लेखेको भृगुको मत नामको ॥८८॥
उन्नाइस सौ चौरासीमा नवम्वर छापेको मिति ।
तप सिद्धि भृगुजीको भविष्य फलको स्थिति ॥८९॥
जो जति छन्दमा लेखें व्योमको वारेमा कन ।
यदि गल्ति भए माफ भूगोल वासीका जन ॥९०॥
जो यस विषयका शास्त्री हुनुहुन्छ सबै कन ।
भुल छुट भए माफ सूचना मिलेमा पुनः ॥९१॥
सच्याई लेखने नै छु दिनेको सम्झना गरि ।
दृष्टि दोष कलम दोष ईश्वरमा शरणागति ॥९२॥
गौशाला घर हो मेरो लुईटेल थर हो अनि ।
भैरव राज हो नाम ज्योतिषी पण्डित पनि ॥९३॥

हिन्दू धर्ममा नारीको स्थान

✍ चूडाप्रसाद कोइराला
पोखरीचौरी-३, काभ्रे

सृष्टिको आरम्भदेखि वर्तमानसम्म नारी र पुरुषको सामिप्यता अकाट्य छ । जवसम्म जीवको अस्तित्व रहन्छ तबसम्म यो सम्बन्ध कायमै रहन्छ । लक्ष्मीनारायण, गौरीशंकर, सावित्रीब्रह्मा सृष्टि, थिति र प्रलयकर्ता निःपुरुष पत्निहरु कहाँ कतै अपमानित भएको पाइँदैन । महाकाली, महालक्ष्मी, महासरस्वती क्रमशः शक्ति, धन र वुद्धिका अधिष्ठात्रीका रुपमा हिन्दू जगतमा पूज्य छन् । पृथ्वीलाई समेत माताको रुपमा स्वीकार गरेर हिन्दूत्वले नारी सम्मान गरेको छ । अहिल्या, द्रौपदी, कुन्ती, तारा, मन्दोदरीहरुको व्यक्तिगत विधि व्यवहारलाई गौण गर्दै उनीहरुको शील र गुणको कदर गर्दै पञ्चकन्याको रुपमा स्वीकारिएको छ । सीताको पतिव्रताको कदर राधाको भगवद्‌भक्ति गार्गी मैत्रेयी, विद्योत्तमाको साहित्य साधना हिन्दूमार्गीहरुले आदर्श मानिरहेकै अवस्था विद्यमान छ । देवीका विभिन्न नाममा गरिने पूजा सबै नै नारी आस्थाका प्रतीक हुन् । वेदले कतै नारीको न त अपमान गरेको छ, न तिरस्कार र विभेद नै ।

युग परिवर्तनसँगै समाजका धारणा र मान्यतामा परिवर्तन हुँदै गयो । शारीरिक वनोट, परम्परागत कार्यपद्धतिका कारण पुरुषहरुसँगै नारीहरुको प्रगति हुन सकेन । नारीहरुको मातृसत्तात्मक राज गुम्दै गयो । पितृसत्तात्मक गज चल्दै जाँदा नारीहरु हेपिन पुगे, निरीह र कमजोर वन्दै गए । समयसँगै वढ्दै गएको तामसी र स्वार्थी प्रवृत्तिको पिडा महिलाले भोग्नुपऱ्यो । पिडक पुरुषहरु वन्दै गए । ठूलाठूला तपस्वीहरुवाट नारीहरुको अपमान कमै भएको पाइन्छ । जब राजसी परिपाठबाट मानव समाज अघि वढ्यो, तब भेदभावहरु बढ्न थाले । लैङ्गिक, जातीय र वर्गीय भेदभाव हिन्दुत्वले गराएको होइन हिन्दूत्वको आडमा समाजमा भित्रिएको बीच तामसी र स्वार्थन्धताले गराएको हो । विभिन्न ऋषिमुनिहरुको मतथमा आधारित शाश्वत दर्शन हिन्दू धर्म आफैंमा उदार छ ।

यस उदारताभित्र मातृशक्ति हेपिने प्रश्नै उठ्दैन । समाजका अन्धधर्मभिरुहरुले आफ्नो स्वार्थपूर्तिका लागि गर्ने प्रवचन, लेख र दर्शनहरुले यसलाई विभेदकारी वनाएको छ । कतिपय नारीहरुका विरुद्ध घरेलु हिंसामा नारीहरु नै वढि उद्यत हुन्छन् । हिन्दू धर्ममा नारीको स्थान हिजो पनि उच्च थियो । अहिले पनि छ । भोलि पनि रहनेछ । नारी हरुले पनि आफू सबै क्षेत्रमा सक्रिय हुँदै विद्वत रुपवाट अघि वढ्न हिन्दूत्वले कतै रोकेको छैन । दोष हिन्दूत्वमा हैन कार्य व्यवहारमा छ । कार्य व्यवहारलाई सबैले सुधार्ने हो भने हिन्दू धर्म लैङ्गिक समानता कै पक्षपोषण गर्दछ । हिन्दू धर्म जसले मातृ समानको रुपमा नारीलाई स्वीकार्छ र सोही अनुसार व्यवहार गर्छ । "या देवी सर्वभूतेपु मातृरुपेण संस्थिता" यसरी नारीलाई उच्च महत्व दिने हिन्दूत्वभित्र नारी सम्मान उच्च रहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दैवत्व अनि अवतार

✍ कुलचन्द्र भट्टराई

भगवान साईको मन्दिरमा हामी छौं । काठमाडौं-१० वुद्धनगर । शिरडि साई, पर्ति साई अनि सञ्जय साई वावाको जप, ध्यान, पूजा, भजन, किर्तन, प्रवचन गरेर हामी आफ्नो अध्यात्मिकताको उठान यस मन्दिरवाट गर्दै आएका छौ । यस स्थानमा स्वयमं भगवानको उपस्थिति भौतिक रुपमा नै पाइन्छ ।

श्रीमद् भागवत गीतामा "यदा यदाही धर्मश्य................. " को अर्थसंग नै मिल्दोजुल्दो "म यहाँ छु तर डर किन" शीर्षक दिएर वावाको दिव्यहस्तद्धारा लिखित साई गुरु उपदेश नामक पुस्तकमा 'तिमीहरु ईश्वरप्रति समर्पित होउ । तिमीहरुको रक्षा ईश्वरले स्वयम् गर्नेछन् । म यहाँ छु, निश्चिन्त होउ । म वारम्वार यस धर्तिमा अवतरित भए भक्तहरुको रक्षा गर्नेछु । धर्मको पुनर्स्थापना गर्नेछु ।'

यसरी भगवानका दिव्यहस्तवाट लेखिएको पुस्तक हेर्दाहेर्दै पनि हामी भगवानलाई चिन्ह गाह्रो मान्छौ । हामी कस्ता मानिस । काम, क्रोध, लोभ, मोहले मात्तिएर जीवन गुजार्नु र यो मानव चोला यसै समाप्त पार्नु सट्टा दया, करुणा, प्रेम, आनन्द, सहनशीलता, शितलता प्रदान गर्न सक्ने शिक्षाको खोजी हामी गर्दैनौं । त्यसले पो हाम्रो जीवनलाई माथि माथि पुर्‍याउँछ छ त यो कुरा कसरी वुझ्ने । पानीले ढुङ्गालाई रुझायो तर ढुङ्गो भिजेन - वावाले ज्ञान त दिएको हो तर वुझ्नेले वुझेन । हामीले वुझेनौं ।

समय, काल, परिस्थितिलाई हेरेर ईश्वर कुनै न कुनै मिसन लिएर पृथ्वीमा अवतरित हुन्छन् । मत्स्य, कुर्म, वराह, नृसिंह सवै अवतारहरुमा एकातिर दैवत्व छ भने अर्कोतर्फ मिशन पूरा गर्ने उद्देश्य सहितको अवतार हुन्छ ।

दैवत्वलाई वहाँहरुका जीवनी, लिलाहरु र वहाँहरुवाट प्राप्त हुने शिक्षावाट ईश्वर हुन् भन्ने कुरा चिन्न सकिन्छ । अवतरित मानवलाई चिन्नका लागि अवतरित मानवको मिशन कस्तो छ त्यो पुरा गर्ने उद्देश्य के हो । त्यो वुझेर अवतारलाई चिन्न सकिन्छ । तर मानवले न त दैवत्वलाई वुझ्दछ न त अवतारलाई नै चिन्दछ ।

दैवत्वलाई चिन्न भगवान वुद्धले जन्मनासाथै सात पाइला हिड्नु, क्राइष्ट मृत्यु पछि जीवीत देखिइनु, कृष्णको कारागारको जन्म, नन्दगाउँ जाँदा वाटामा यमूनाजीले चरण स्पर्श गर्नु, नन्दवावाको सक्रियता, माता यशोदाको वात्स्यल्यता अनि प्रेम, सुदामा जस्ता मित्रको मित्रता आदिलाई भगवानको जीवनीमा लिइन्छ । गोवर्धन पर्वत कान्छी औंलाले उठाउनु, १६१०८ गोपिनीहरुसंगको संयुक्त रासलीलामा सवैमा भगवान श्रीकृष्ण देखिईनुलाई भगवानका लीलामा लिइन्छ भने ५११२ वर्ष अघि कुरुक्षेत्रको मैदानमा भएको कृष्ण अर्जुन सम्वाद श्रीमद्भागवत गीताको रुपमा आज विश्वका धेरै भाषामा धेरै मुलुकमा ज्ञानको रुपमा सवै मानवले ग्रहण गर्नुलाई शिक्षामा लिन सकिन्छ ।

त्यस्तै भगवान साईले पनि आफू गर्भावस्था देखि मानव शरीर रहँदाका अवस्थासम्म गरिएका सम्पूर्ण कार्यहरु जो जीवनीका रुपमा हामीले पनि पाइरहेका छौ । विभिन्न वस्तुहरु श्रृजना गरेर दिने ति वस्तुवाट, ठूलाठूला रोगहरु हरण गरी गराई दिने, लड्डु, पेंडा जस्ता मिष्ठान्न खाद्य वस्तुहरु, अमृत वर्षा, लिङ्गगोद्भव आदि लीलाको रुपमा देखिन्छन् भने वाल्यकालदेखि नै भजन, कीर्तन, प्रवचन गर्नु गराउनु, साई गुरु उपदेश दिव्यपथ गामिनी जस्ता पुस्तकहरु आफ्नै द्रिव्यहस्तवाट लेखेर भक्तलाई दिनु जस्ता कार्यहरु शिक्षामा पर्दछन् ।

मर्यादापुरुषोत्तम राम पनि दैवत्वसहित आफ्नो मिशन लिएर पृथ्वीमा अवतरीत हुनु भएको थियो । दैवत्व वुझ्नेलाई दैवत्व र ईश्वरीय शक्ति वुझाउनु भयो । माता कौशल्या, लक्ष्मण, शवरी, विभिषण, हनुमान जस्ता व्यक्तित्वहरुले त्यो दैवत्वलाई बुझे । रावण राज्यमा भएको रावणको क्रोध र अहंकार त्यतिवेलाका प्राणीलाई सह्य थिएन । कारण आफ्नै अर्धांगिनी सीतालाई वनाएर अहंकारी रावणलाई राज्य समेत नै ध्वस्त गरी दिनु भयो । यो भगवान राम को मिशनको उद्देश्य थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दैवत्व र अवतारभित्र वावाले हामीलाई पनि त्यो अवस्थामा पुऱ्याई दिनुहुनेछ। समय आउँदैछ। भगवान श्री कृष्णले कान्छी औंलाले गोवर्द्धन पर्वत उठाए झैं, भगवान रामले सेतुवन्ध निर्माण गरे भन्दा पनि कठिन कार्य वावाले गरेर देखाउनु हुनेछ। यस्मा सवैले विश्वस्त हुँदा फरक पर्दैन।

समयको पावन्दी र निश्चिततालाई वुझेको हुन्छ साईले। सत्य साई सेवा संगठनको पहिलो विश्व अधिवेशन भारतीय विद्या भवन मुम्वईमा १६ मई १९६८ मा भयो। भगवान वावा वाट समुद्घाटन गरी वक्सेपछिको सम्वोधनमा वावावाट विश्मयजनक घोषणा भयो। जुन घोषणाले त्यहाँ उपस्थित मानवलाई मात्र चकित पारेन यो सन्देश संसारको एक कुनावाट अर्को कुनासम्म तुरुन्तै फैलियो। त्यसमा वावावाट आज्ञा भयो - "सत्य के हो भने तिमीहरुले मेरो वास्तविकता न त आज न त पछि हजारौ हजार वर्षपछि कठोर वा साहसपूर्ण कठोर परिश्रम वा विवेचना गरेर पनि वुझ्न सक्ने छैनौं। समस्त मानव जातीले नै यस दिशामा प्रयत्न गरे तापनि पत्ता लगाउन नै सक्ने छैनन्। तर त्यस वास्तविकतावाट उत्पन्न भएका वा त्यस वास्तविकतावाट प्रदान गरिएका परम आनन्द पृथ्वीका सवै देशका सवै मानवले प्राप्त गर्न सक्नेछन्। त्यसवेला तिमीहरुले पनि यसलाई ग्रहण गर्न वा वुझ्न सक्नेछौ। ऋषिहरु, सन्तहरु, महन्तहरु अनि दिव्यतातिर अग्रसर भएका व्यक्तिहरुले प्राप्त गरेका अवसरहरुभन्दा तिमीहरुका असल भाग्यका कारणले पाएको यो सुयोग्य अवसर अझ महान छ। प्रत्येक दिव्य अस्तित्व, प्रत्येक दिव्य तत्व अर्थात मानिसले भगवान सम्वन्धी वर्णन गरेको समस्त नाम अनि आकार यो मेरो मानव शरीर रुपी अवतारमा व्यक्त छन्। यो मानव आकारलाई त्यागेपछि भविष्यमा आउने कुनै दिनमा होइन आज भाग्यवश यो आकार तिमीहरुसित छ। तिमीहरु अघि हुँदा नै तिमीहरुले यो सत्यतालाई ग्रहण गर्न सक्ने भाग्य तिमीहरु सवैलाई प्राप्य छ। यो सत्य हो। यसलाई राम्ररी वुझ र सधैं सधैं हृदयमा राख।"

भगवान सञ्जय साईवाट पनि यस्ता महान घोषणा हुने दिन नजिक नजिक आइरहेको छ। वुद्ध पूर्णिमाको अघिल्लो दिन वावावाट आज्ञा भएछ "म यो जगतका समस्त प्राणीहरु भन्दा माथि छु। तिमीहरु यो कुरा वुझ्दैनौ। समयले त्यतिखेर मलाई अझ माथि धेरै माथि पुऱ्याई सकेको हुन्छ। तिमीहरु छोडिदै जानेछौं। त्यसैले मलाई सधै हृदयमा राख। जस्ले मलाई हृदयमा राख्छ म सधै तिमीहरुसंगै हुन्छु। यसको प्रमाण मैले तिमीहरु धेरै धेरैलाई दिइ पनि सकेको छु।

माथि हामीले दैवत्व र अवतारका वारेमा केही जानकारी गरायौं। दैवत्व र अवतार एउटै मानवमा कसरी हुन्छ र त्यसलाई सर्वसाधारणले कसरी वुझ्ने कसरी चिन्ने। वुझ्ने र चिन्ने वाटो कुन हो ? यो प्रश्न सवैका मनमा जिज्ञासाको रुपमा उठ्दछ। जवाफ सरल छ। आफूमा भएको दैवत्व र अवतारको पुष्ट्याई गर्न भगवानले अध्यात्म क्षेत्रवाट मानव जगतलाई उठाउन खोजेको हुन्छ। राधे राधेका कृपालुजी महाराज, ॐ शान्तिका दादा लेखराज, वालयोगेश्वर, श्री रविशंकर महाराज, सतपालजी महाराजहरुमा पनि दैवत्व देखिन्छ तर अलिक फरक छ साईको दैवत्वको भन्दा। साईमा दैवत्व र अवतारको पूर्णता प्रष्ट रुपमा पाइन्छ र यसलाई उठाउन अध्यात्मिकताको विकास गरेको देखिन्छ जसरी भगवान राम र कृष्णको मिसनमा देखिन्थ्यो।

एउटा सानो उदाहरण- भगवान श्रीकृष्णले आफ्नो दैवत्व देखाउन द्रौपदीलाई स्वरुप ध्यानमा समाविष्ट गराएर सधै आफू द्रोपदीको हृदयमा रहनु हुन्थ्यो। एकदिन द्रोपदीको स्वरुप ध्यान भंग भयो। ध्यानमा भगवानलाई नपाउँदा द्रौपदी भगवान श्रीकृष्ण कहाँ गईन्। भगवान श्रीकृष्ण वारीमा कुश भेला पार्दै हुनुहुन्थ्यो। त्यतिवेला कुशले वहाँको औंला काट्यो। औंलावाट रगत वग्यो। त्यही समयमा द्रौपदी टुप्लुक्क पुगिन्। त्यो रगत वगिरहेको औंलालाई आफ्नो सारीको आँचल च्यातेर वाँधी दिइन। भगवान श्रीकृष्णले भन्नु भयो - द्रौपदी १ आज तिमीले मलाई ठूलो गुन लायौं यो गुन म कसरी तिरौंला।

समयले द्रौपदीलाई यस्तो अवस्थामा पुऱ्यायो। दुशासनले चिरहरण गरेर द्रोपदीको वेइज्जत गर्न लाग्दा त्यही आँचल च्यातेर रगत वगिरहेको औंला वाँधी दिएको गुन तिर्न भगवान श्रीकृष्ण हजारौं हजार गज सारी लिएर द्रौपदी समक्ष पुग्नु भयो र त्यो गुन तिर्नु भयो।

वावाले साई गुरु उपदेशमा भन्नु भएको छ - "म जे गर्छु केवल तिमीहरुका लागि गर्छु। तिमीहरुको राम्रोको लागि मात्र गर्छु। कसैले मलाई नराम्रो गर्न खोजे पनि म उसलाई पनि राम्रै गर्छु। कसैले मेरो वारेमा नराम्रो गफ गर्दै हिड्यो भने पनि म उसको नराम्रो चाहन्न। आखिर तिमीहरु विना यो संसारमा मेरो भन्नु नै को छ र !" यति भन्दा भन्दै पनि हामीले ति कुरा वुझ्न सकेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छैनौं । हामी भित्रै प्रश्न चिन्ह खडा हुन्छ । दैवत्वको भिजिटिङ्ग कार्ड स्वरुप वावाले हामीलाई प्रशस्त भौतिक वस्तुहरु दिइवक्सन्छ । वावा आज्ञा हुन्छ - चमत्कार त केवल मसम्म पुग्ने एउटा भिजिटिङ्ग कार्ड मात्र हो । जस्को मार्फत तिमीहरु म सम्म आइपुग्छौं । प्रेम निराकार वस्तु हो । त्यस्तैमा म विभिन्न वस्तुको श्रृजना गरेर आफ्नो प्रेमलाई साकार स्वरुप दिएको हुन्छु । मेरो चमत्कार कुनै किसिमको प्रदर्शन होइन र जादुगरको जस्तो धन आर्जनका लागि पनि होइन । यो त तिमी र म विचको पवित्र प्रेम हो । हृदयको प्रेम हो । ईश्वर र भक्त वीचको प्रेम हो ।

जीता जागता दालभात खाने मानव कसरी ईश्वर हुन्छ । यो हुनै नसक्ने कुरा हो भनेर वावाका वारेमा कुरा काट्छौ । साथी संगीसंग हाँस खेल गर्दै वावालाई सत्य देखि वाहिर दैवत्वदेखि वाहिर राख्ने ठट्टा गर्ने गर्छौं । त्यतिमात्रै नभएर आफूसंग भएको नराम्रो लतको वानी वावाका चरणमा विसाउन खोज्छौ तर अमृत वर्षा गरेर अघाउञ्जेल अमृत खुवाई दिने ईश्वरसंग चुरोट मादक पदार्थ जस्ता वस्तुको लत छुटाइ दिन वावासंग ठट्टा गर्छौं । जिद्दी गर्छौं । यो भन्दा चिन्न नसक्ने अवस्थामा हामीलाई के ले पुऱ्याएको हो । किन वुझ्दैनौ हामी । ठट्टा गर्नै हुँदैन, भगवानसंग भन्ने कुराको होस हामीमा कहिले आउला ? प्रेम र आनन्द हामीमा कहाँ लुकेको छ । त्यो हामी किन खोज्दैनौं ।

स्वामी विवेकानन्द अग्रजहरुको मुलुकमा हुने धर्मसभामा भाग लिन जाँदा एउटै जहाजमा भएका अन्य धर्मका मानिसले वहाँलाई जिस्क्याए र सोधे तपाई कुन धर्मका वारेमा वोल्न जाँदै हुनुहुन्छ । स्वामी विवेकानन्दले भने म मानव धर्मका वारेमा वोल्न जाँदैछु । सवै धर्म भीरुहरु गललल हाँसे । के हो मानव धर्म भनेको ? सवैवाट प्रश्न आयो । स्वामी विवेकानन्दले जवाफ दिए । आफ्ना धर्मका प्रणेताले राज्य गरेको मितिवाट उठाइएका सम्वतहरुले तिमीहरु सवैको धर्मको आयु वताई रहेको छ भने मेरो मानव धर्म त पहिलो अवतारवाट नै जोडिएर आउँछ । तिमीहरुसंग समय छ सुन्न चाहन्छौ भने म भन्छु भन्दा सवै धर्मभीरुहरु छक्क परे ।

हो, त्यही धर्म मानव धर्म साईको धर्म अनि सनातन धर्म हो । यसले सवै धर्मको रक्षा गर्छ । सवै धर्मले एउटै ईश्वरसम्म पुऱ्याउँछ । शान्ति र सुखसंग जीवन विताउनु छ भने समुदायमा सनातनी भएर रहनु पर्छ । सनातन संस्कृति भित्र रहनु पर्छ । सनातन धर्मको उत्पत्ति कुनै व्यक्ति विशेषद्वारा भएको होइन । यद्यपि यसको जन्म भारत वर्षमा भएको हो र यसको सम्वन्ध विश्वका समस्त मानवसंग छ र यो सवै धर्मको सार पनि हो । सनातन धर्मको यही कुरालाई साई संगठनको समता र समृद्धिको शिक्षाको मुख्य आधार पनि हो ।

साईको मिशन शिरडी, पर्ति, शंखमुलमा अलग र फरक उद्देश्यको नभई एउटै उद्देश्य लिएर स्थान मात्र अलग अलग चुनिएको पाइन्छ । समयको पावन्दी अनि भक्तहरुको चापलाई मनन गरेर संसारलाई साइमय वनाउन भगवानले मानव शरीरमा साइको अवतार लिएको हो । साईको स्थान र भौतिक शरीर अलग तर आत्मा एउटै हो । किनभने वहाँहरुको जीवनी र लीला एकै किसिमको देखिन्छ । हामीले त्यो वुझ्नपट्टि लाग्नु भन्दा भक्तिपट्टि आफूलाई समपर्ण गर्न उचित हुन्छ । भक्ति गरौं, सेवामा समर्पित होऔं, जन्म जन्मान्तर भगवानका चरणमा रहन पाउँ भनि भगवानसंग प्रार्थना गरौं ।

युवाहरुलाई प्रेरित गरौं :

- उत्तम थापा

तीनथाना नैकाप

सुरेन्द्र कार्की थानकोटको मिनिवस सेवा संघमा एक दशकदेखि अनवरत रुपमा आवद्ध हुनुहुन्छ । युवावस्थादेखि नै आफ्नो जीवनको वास्तविक उद्देश्यको ख्याल राखेर सामाजिक सेवा र आध्यात्मिक धार्मिक क्षेत्रको उत्थानमा लाग्नुभएको छ । विन्ध्यावासिनी मन्दिरमा आयोजना हुने धान्याञ्चल महायज्ञ होस् या विष्णुदेवी मन्दिर तीनथानाको सहयोगका लागि होस् उहाँले हरठाउँमा सक्रिय भएर आर्थिक शारीरिक वौद्धिक जिम्मेवारी निर्वाह गर्नुभएको छ । नैकाप हनुमान मन्दिर निर्माणमा पनि उहाँको कर्मयोगी हात अघि वढेकै छ । भोलिको वुढेसकालको ख्याल गरेर उहाँले पशुपतिनाथका वृद्धवृद्धालाई आमावुवा ठानेर मिठाई वितरण गर्न पनि छुटनुभएको छैन । सवैमा यस्तै धार्मिक एवं सेवामूलक भावना आइदिए यहाँ कहिल्यै युद्ध हुने थिएन । सुरेन्द्र कार्की जस्ता युवाहरुले पुऱ्याएको योगदानलाई खोजेर ॐकारवाणीले प्रकाशन गरिदिए युवापुस्तालाई धर्म संस्कृति र सेवा कार्यमा प्रेरित गर्न सजिलो हुन्थ्यो भन्ने मेरो विश्वास छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐकार वाणी मासिक

कृति चर्चा

भगवती सहस्र नाम



धर्ममा शान्ति लुकेको हुन्छ,
शान्तिले हृदय खुलेको हुन्छ,
कष्टमा पाप लुकेको हुन्छ,
उसको शिर सधैं झुकेको हुन्छ ।

प्रस्तुत कविताका हरफ ८५ वर्षीय रत्न राज्य लक्ष्मीको हो । कलंकी मन्दिर संरक्षण तथा समाज सुधार संस्था कलकीको आयोजनामा शनिवार एक कृतिको लोकार्पणको अवसरमा रत्न लक्ष्मीले समयमागेर बोलिन् र 'यो उमेरमा ज्वाईले यति राम्रो किताब छपाउनु भयो । साहै खुशी लागेको छ । भगवतीका नामहरु संकलन गरेर ठूलो पूण्य कमाउने '। रत्न लक्ष्मीका ज्वाई भने पूर्व कप्तान चन्द्रबहादुर थापा हुन् । उनकै संकलन तथा लेखनमा शनिवार भगवती सहस्रनाम कृतिको कलकीमा विमोचन गरिएको थियो । एक सय सात पृष्ठमा देवीको नामहरु समेटिएको पुस्तकमा कलङ्की देवीको प्रसङ्ग खप्तड बाबाको बारेमा केही पनि लेखेका छन् । जनश्रुति र पुराणको आधारमा मात्र नभई आफै मुलुक भरि र भारतका क्षेत्रहरुका देवीस्थानहरुमा पुगेर कृति तयार पारेकाले पनि प्राय सबै देवी स्थानहरुको नाम, ठेगाना कृतिमा उल्लेख छ । पहिलो खण्डमा श्री देवी भगवतीका नाम र स्थान उल्लेख छ । जस अन्तरगत एक पृष्ठ देखि ४३ पृष्ठसम्म नेपाल र भारतका भगवतीका नामहरु छन् । वर्णक्रमानुसारमिलाएर देविका नाम उल्लेख गर्न सक्नु लेखकको अर्को सहानिय पक्ष हो । सो सहस्र नाम पुस्तकमा श्री स्वस्थानी व्रत कथा पीठमा रहेका देवीका नाम र स्थान, भगवान् शिवजीले पार्वतीलाई बताउनुभएका दुर्गा भगवतीका नाम, दुर्गा कवचमा उल्लेख भएका देवी भगवतीका नामहरु, श्री देवीका सहस नाम ,कुमारी अवस्थामा सम्पन्न भगवती गायत्रीका १००८ नामसवै भगवान कृष्णका ८पटरानीहरु,देवीपीठको नाम र स्थान संकलन गर्नुभई किताबलाई गहकिलो पार्नु भएको छ । त्यसो त कलंकी मन्दिर संरक्षण तथा समाज सुधार संस्थाका अध्यक्ष समेत रहेका लेखक थापाको यस कृतिमा कलंकीमाईको बारेमा र खप्तड बाबाको बारेमा आलेख किताबमा समेटी आफ्नो लेखकिय क्षमता उजागर गर्नुभएको छ । पुस्तकको बिच पृष्ठहरुमा केहि प्रख्यात देवीहरुको सुन्दर तस्विर छ जन टतस्विरले किताबकै सौन्दर्यता बढाएको छ । किताब मूल्य पनि कहिं तोकिएको छैन । स्वेच्छाचले जति रकम दिन्छन् श्रद्धाले दिएको सो रकम कलकी मन्दिरमा सहयोग गरिने प्रकाशक समेत रहेका लेखकका छोरा किरण वावले बताएकाछन् ।

बूढो भइयो के गर्न सकिन्छ र भन्नेहरुका बिच, आफ्नो वृद्ध बाबुआमाको भावना नबुझ्ने सन्तानलाई थापा परिवार एक उदाहरणिय नै भएका छन् । जहाँ इच्छा त्याहाँ उपाए भने जस्तै ८दशक पार गरेका चन्द्रबहादुर थापाले गरेर देखाएकाछन् । २वर्ष अघि निधन भएकी धर्मपत्नि राजेश्वरी थापाको समपर्णमा कृतिलेखिएको लेखक थापाले मन्तव्यक्रमा बताएका छन् ।

सेनामा रहेका बेला नेपालका ७५ जिल्ला पुगेकोले पुस्तक प्रकाशनमा सजिलो भएको लेखक थापाले बताए । कृति इतिहासविद्ध प्रा.डा ज्ञानमणि नेपालले विमोचन गरेका हुन् । कार्यक्रमका प्रमुख अतिथि समेत रहनुका इतिहासविद्ध नेपालले मन्तव्यको क्रममा भने 'सृष्टिको आदिकाल देखि नै देवीको उपाशना हुने गर्थ्यो । आज थापा जीले नेपालको मात्र नभएर भारतका पनि शक्ति पिठको सहस्र नाम प्रकासीत गरेर प्रशंशनीय कार्य गर्नु भएको छ '। सो कृति विमोचन कार्यक्रमा अन्तराष्ट्रिय विश्व हिन्दु महासंघका पर्व अध्यक्ष भगत केशर सिहं, पर्व सचिव माधव घिमीरे , प्रा.डा मोहन तिमल्सिना र रामचन्द्ध लम्साल,भोला लइटेल, रामशरण खड्का, लगायतकाले कृतिको महत्वमाथि प्रकाश पारेका थिए ।

यो कृतिमा यति धेरै देवीका नामहरु स्थानहरु समेटिएका छ. छत्र नै साथसाथै केहि देवीका फोटो पनि राख्न सक्षम लेखक छन् । पुस्तकमा रहेको देवीका सुन्दर फोटोले सेनामा हुदा उनले गर्ने गरेको फोटो पत्रकारीतालाई सम्झाउँछ । उनकै पहलले नेपाली सेनामा फोटो पत्रकारिताले स्थान पाएको थियो । नाम भन्दा कर्ममा विश्वास राख्ने लेखक अझ पनि समाज सेवामा नै समय खर्चिरहेका छन् । कृति विमोचन कार्यक्रमा बोल्ने क्रममा पूर्व सचिव माधव घिमिरेले भने आजसम्म कसैले यस्तो कृति लेख्न नसकेको बताउदै लेखक थापाको लगनशिलता धार्मिक भावनाले कृति प्रकाशीत हुन सकेको बताएका थिए । सो अवसरमा सचिव घिमिरेले छिमेकी पनि रहेका लेखक थापाको जीवनका रमाइला क्षणहरु भन्दै गर्दा लेखकको सामाजीक भावना छर्लङ भएको थियो ।

पुस्तकमा भुमिका लेख्ने क्रममा प्रा.डा मोहन तिमल्सिनाले कृति बारे यसो भनेकाछन् 'यस कृतिले भगवतीका अन्वेषणमा संलग्न अन्वेषक, जप पूजामा संलग्न भइरहनेका लागि मात्र होइन राष्ट्रिय क्षेत्रमा यो एउटा नित्य नवीन खोज ,अनुसन्धान र सङकलन बन्न गएको छ । संङकलन थापाको यो कार्य अत्यन्त मननीय , चिन्तनीय र विचारणीय बन्न गएको छ । प्रा.डा तिमल्सनाले भनेजस्तै यो कृति अध्यन ,अनुसन्धान लगायन सबैको लागि उपयोगी छ ।

धर्म संस्कृतिको वहानामा महिलाई माथि अन्याय भएको वहस चलिराखेको छ । हिन्दु धर्म वाट महिला प्रताडित भएको भनिन्छ । । यसैको आडमा उभिएर महिलालाई दोस्रो दर्जा नागरिक समान बनाइदैछ भन्ने समाज छ । तर पूर्व कप्तानको यस कृतिवाट एकातिर हिन्दु महिलाका प्रतिक देवीहरु मुलुक भरि कति पूजनिय रहिछन् भन्ने आंकलन गर्न सकिन्छ अर्कातिर यति सम्मानित देवी स्वरुप महिला वर्ग अझै उपेक्षित भएको वारेमा सोच्न वाध्य बनाउँदछ ।

• सृजना अयाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धार्मिक गतिविधि

वृहत् सत्संग सम्पन्न

धार्मिक गुरु श्री अच्युतप्रसाद पौडेल "चिन्तन" को संयोजनमा ललितपुरस्थित ओमकारेश्वर शिव पांचायन मन्दिरको वार्षिकोत्सव एवं वृहत् संगीतमय सत्संग कथा प्रवचन हालै सम्पन्न भएको छ ।

माता भूवनेश्वरीको संकल्पमा स्थापित ओमकारेश्वर मन्दिरको वार्षिकोत्सव समारोहमा डेढ दर्जन ब्राह्मणहरुवाट लघु रुद्राभिषेक, सर्वकल्याण हेतु विशेष हवन एवं लक्षवर्तिका दान तथा संगीतका पारखीहरुवाट भजन किर्तन एवं नृत्य प्रस्तुत भएको थियो । गुरु अच्युतप्रसाद पौडेल "चिन्तन" बाट शिवशक्ति एवं गुरु महिमा वारे कथा प्रवचन प्रस्तुत भई स्थानीय अर्जुन गौतमको व्यवस्थापनमा संपन्न सो कार्यक्रममा काठमाडौं उपत्यका भक्तजनहरुको ठूलो भीड लागेको थियो ।

शंखादेवी नवटारमा नियमित अध्यात्म जागरण

सनातन हिन्दू राष्ट्र नेपालमा रहेका धार्मिक सांस्कृतिक मूल्य मान्यताको संरक्षण गर्दै अध्यात्म जागरणका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने उद्देश्यले ल.पु. लुभु लामाटार शंखादेवी क्षेत्रका भक्तजनहरु संगठित भएको समाचार छ । गत जेठमा श्रीमद्भागवत कथा प्रवचन् सम्पन्न भएपछि सो क्षेत्रका वासिन्दामा ठूलो जागरण आएको छ फलस्वरुप अब सनातनदेखि चलेका धार्मिक पर्वहरु एकादशी, श्रीकृष्ण जन्माष्टमी लगायतका तिथिपर्वमा सत्सङ्ग एवं भजन कीर्तन आयोजना हुने भएको छ । लोककल्याण सेवा प्रतिष्ठानले देशव्यापी रुपमा अध्यात्म जागरणका लागि आयोजना गर्दै रहेको एक सय आठ महायज्ञ अन्तर्गत गत जेठ १९ देखि २६ गतेसम्म सो क्षेत्रमा पं. भुवन प्रसाद घिमिरेको मुखारविन्दबाट श्रीमद्भागवत कथा प्रवचन सम्पन्न भएको थियो । यज्ञपश्चात् गठन भएको लोकसेवा प्रतिष्ठानको उपसमितिले यो सवै अध्यात्म जागरणको अभियान सञ्चालन गर्दै गरेको कुरा उपसमितिका सचिव सुरेशकुमार थापाले ॐकारवाणीसँगको कुराकानीमा वताउनुभयो ।

उपसमितिका अध्यक्ष कृष्णवहादुर थापा, उपाध्यक्षद्वय सरस्वती खत्री र अर्जुन व. थापा, सचिव सुरेश कु. थापा, सहसचिव अल्का थापा, कोषाध्यक्ष मनोहर थापा र सदस्यहरुमा कुमार थापा, राधाकृष्ण थापा, दिपेन्द्र व. थापा, अञ्जली थापा र गीता थापा रहनुभएको छ भने सल्लाहकार संयोजक पण्डित तुलसीराम नेपाल र सदस्यहरुमा भवानी थापा, इन्दिरा नेपाल, उद्धव थापा, श्रीमति भुवन आचार्य, गोविन्द वहादुर थापा र गोकुल खड्का रहनुभएको छ । नवटारका भक्तजनहरुले सो क्षेत्रमा माता सरस्वती थापाको सत्संकल्प अनुसार जटेश्वर महादेव मन्दिर वनाउने योजना समेत शुरु गरिसकेका छन् ।

श्रावणमासमा महिन्द्रेश्वर मखनमा विशेष भीड

काठमाडौं मखन पशुपतिनाथ महिन्द्रेश्वर महादेव मन्दिरमा श्रावणका सोमवारहरुमा विशेष रुपमा भक्तजनहरुको भीड लाग्ने गरेको छ । ऐतिहासिक हनुमानढोका परिसरमा रहेको महिन्द्रेश्वर महादेवको आकर्षण पछिल्ला वर्षहरुमा निकै वढ्दै गएको छ । स्थानीय धार्मिक अभियन्ता एवं संस्कृति चिन्तक राजन महर्जनको पहलमा मन्दिर परिसरमा सरसफाईका साथै मूलगेट निर्माण, गणेश भैरवको मूर्ति स्थापना, नन्दिसहितको शिवमूर्ति स्थापना, सांस्कृतिक झाँकी सहित नगरपरिक्रमालगायतका अनेकौं प्रयासहरु र स्वयं भोलेनाथका सदिच्छा एवं प्रेरणाबाट अहिले मखन पशुपतिनाथको मन्दिरमा भक्तजनहरुको भीड लाग्न थालेको कुरा धर्मप्रेमी उषा सुवेदीको भनाइ छ । सो क्षेत्रलाई धार्मिक आकर्षणको केन्द्र वनाउन सबै भक्तजनको सहयोग लिई २०५७ सालमा शिवमहापुराण, गतवर्ष ५०४ कुमारी पूजा र यसवर्ष कोटी पार्थिव शिवलिङ्ग पूजन एवम् शिवमहापुराण महायज्ञको आयोजना गर्दै आउनुभएका राजन महर्जनको प्रयासलाई सबैले सघाउनुपर्ने स्थानीय भक्तजनहरुको प्रतिक्रिया छ ।

कुशका कलाकार, हस्तकलाको नयाँ आविष्कार

हिन्दूहरुको पवित्र वनस्पति कुशको प्रयोग गरी आकर्षक हस्तकलाका सामग्री निर्माण गर्दै आएका तनहुँका खेमराज पौडेलको कला अझै उपभोक्तामाझ जान सकेको छैन । अझसम्म कसैले पनि नवनाएका कुशनिर्मित हस्तकलाहरुले नेपालको हस्तकलाको सामानलाई राष्ट्रिय अन्तर्राष्ट्रिय वजारमा विशेष आकर्षण वढाउने सम्भावना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहँदारहँदै पनि पौडेलका आविष्कार सवैसामू आउन सकेका छैनन् । बहत्तर वर्षीय पौडेलले २०४७ देखि नै यस्तो कुशकला वनाउन शुरु गरेको र २०६० सालदेखि धेरै सामग्री उत्पादन गर्न थालेको वताएका छन् । यस वर्ष कुशे औंसीको दिन पोखरा वृद्धाश्रमले कुशवाट निर्मित पौडेलका हस्तकलाको सामग्री प्रदर्शन गरिदिने तैयारी गरेको र यस्तो हस्तकलालाई आमजनतासमक्ष पुऱ्याइदिन वृद्धाश्रमले सञ्चारमाध्यमलाई अनुरोध गरेको छ । पौडेलले गर्मीमा लगाउन मिल्ने घाम छल्ने टोपी, भानुभक्तीय टोपी, कम्मरपेटी, श्रीपेच, वाला लगायतका धेरै सामान कुशवाट निर्माण गर्नुभएको छ । पौडेलको कलाकृति नेपाली धार्मिक जनहरुले पवित्र कुशको सामग्रीहरुको महत्व बुझेर प्रयोग गरिदिए नेपाली हस्तकलाको प्रचार र व्यापार दुवै हुने विदुषी कान्ता भट्टराईको धारणा छ । भट्टराई भन्नुहुन्छ वृद्ध पौडेलले आफूले जानेको कुशकला नयाँ पुस्तालाई पनि सिकाउनुपर्छ अन्यथा उहाँको जीवनकालपछि यस्तो महत्वपूर्ण कला लोप हुन सक्छ ।

हिन्दू राष्ट्रका लागि शंकराचार्यको समर्थन

जगन्नाथपुरी भारतका अनन्तश्री विभूषित शंकराचार्य निश्चलानन्द सरस्वतीले नेपालमा हिन्दूराष्ट्रको निरन्तरताका लागि भैरहेको अभियानलाई समर्थन गर्दै शान्तिपूर्ण आन्दोलन गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको छ । प्रा.डा. माधव भट्टराई, संहिताशास्त्री अर्जुनप्रसाद बास्तोला लगायतका धर्मनायकहरुको नेतृत्वमा असार ५ र ६ गते वीरगञ्जमा आयोजित कार्यक्रममा शंकराचार्यले धर्म निरपेक्ष राष्ट्र नेपाल वनाउने षड्यन्त्रका विषयमा चर्चा गर्दै हिन्दू संस्कृति र सभ्यता मास्ने अभियान पश्चिमा शक्तिहरुले गर्दै आएको वताउनुभयो ।

राष्ट्रिय धर्मसभाका अध्यक्ष प्रा.डा. माधव भट्टराईले हिन्दू राष्ट्र नेपालको महत्व र हिन्दूत्वप्रतिको चेतना जागरण गर्दै विगत चार वर्षदेखि व्यक्तिगत र संस्थागत रुपले काम गर्दै आएको सन्दर्भमा हिन्दू धर्म रक्षा गर्ने प्रमुख अधिकारीका रुपमा संस्थापित जगद्गुरु शंकराचार्यवाट समर्थन र सहयोग प्राप्त गर्ने उद्देश्यले यो कार्यक्रम आयोजना गर्नुपरेको वताउनुभयो । भारतका साधुसन्तको प्रेरणा र समर्थनले हिन्दू राष्ट्रको अभियानलाई थप ऊर्जा प्राप्त गर्ने डा. भट्टराईको भनाइ छ । यसैक्रममा नागा वावा पूर्णम गिरी, महामण्डलेश्वर श्यामसुन्दर दास शास्त्री, प्राचार्य पद्मप्रसाद सुवेदी, तुलसी मानस पीठका अर्जुन पुरीजी महाराज, विभिन्न मन्दिरका लालमोरिया नेपाली पण्डाहरु लगायत धेरै साधुसन्तसंग नेपालमा हिन्दूत्वको चर्चा र विचारविमर्श गरिएको र भारतीय साधुसन्त रचनात्मक समर्थन प्राप्त भएको कुरा डा. भट्टराईले वताउनुभयो ।

झण्डै एक महिना लामो भारत भ्रमणको क्रममा डा. भट्टराईले भारत उत्तरा खण्डका वद्रीनाथ, केदारनाथ, गंगोत्री, यमुनोत्री आदि तीर्थहरुको दर्शन भ्रमण गरेको र वद्रीनाथमा भट्टराईका साथमा विदुषी श्रीमती कान्ता भट्टराईले श्रीमद्भागवत सप्ताह पाठ पारायण गर्नुभएको वताउनुभएको छ । भट्टराई दम्पतीको साथै पं. देवीप्रसाद खनाल दम्पत्ति भ्रमणमा संलग्न हुनुभएको थियो ।

शंखविनायकमा झूलन महोत्सव

वार्नेश्वर शंखमूलस्थित शंखविनायक मन्दिरमा यही श्रावण १ देखि १० गतेसम्म तेश्रो राधाकृष्ण झूला महोत्सव आयोजना भएको छ । झूला महोत्सवमा राधाकृष्ण पूजा कथा वाचन, भजन कीर्तन एवं प्रसाद वितरण भएको छ । पं. गोकर्ण खनालद्वारा दैनिक प्रवचन एवं झूलन महोत्सवको व्यासत्व ग्रहण गर्नुभएको छ । झूलन महोत्सवमा दैनिक रुपमा कर्ताहरुको व्यवस्था गरी प्रतिव्यक्ति रु. ११११ राशीको सहयोग लिने व्यवस्था गरेको कुरा स्थानीय समाजसेवी कलाधर पन्तले वताउनुभयो । शंखविनायक मन्दिर व्यवस्था समिति र महिला समितिको सक्रियतामा मन्दिरको सुन्दर भवन निर्माण मात्रै भएको छैन सनातन धर्मभित्रका पर्व संस्कारहरुलाई वार्षिक तालिका बनाई मनाउने गरिएको छ । तालिका अनुसार नयाँ वर्षका दिन शुभकामना आदानप्रदान, अक्षय तृतियाका दिन सातु, सर्वत वितरण, वुद्ध जयन्तीको कार्यक्रम, मंगल चौथी कार्यक्रम, हरि शयनी एकादशीमा तुलसी रोपण कार्यक्रम आयोजना गरिन्छ । यस्तै गरी श्रावणमा राधाकृष्ण झूलन महोत्सव नागपञ्चमी पूजा, जनैपूर्णिमामा जनै मन्त्रणा, कृष्ण जन्माष्टमीमा भजन कीर्तन, कुशे औंशीमा कुश वितरण, तीज एवं ऋषि पञ्चमी पूजा, दशैं महोत्सव, टिकाजमरा वितरण, तिहारमा दीपावली एवं लक्ष्मीपूजा, हरिवोधनी एकादशीमा तुलसी विवाह, श्रीपञ्चमीमा सरस्वती पूजा, शिवरात्रीमा शिवपूजा भजनकीर्तन, होलीपर्व रामनवमी पूजा लगायतका पर्वतिथिहरुमा विधिपूर्वक पूजाअर्चना, व्रत उपासना, भजनकीर्तन आयोजना गरिने तालिका निर्माण गरिएको छ । हरेक वर्ष माघ १७ गते मन्दिरको वार्षिक उत्सव कार्यक्रम आयोजना गर्दै आएको कुरा कोपाध्यक्ष गंगा पन्तले जानकारी गराउनुभयो ।

झुला महोत्सवकै अवसरमा श्रावण सात गते नायव वडागुरुज्यू, नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा.डा. माधव भट्टराई एवं विदुषी कान्ता भट्टराईले विशेष प्रवचन दिनुभयो। सो दिनको राधाकृष्ण झूलनका कर्ताहरुमा मिरा तिमल्सिना, राधा वोहरा, तारा तिमल्सिना, पार्वती अर्याल, गंगा पन्त, लक्ष्मी पाण्डे, सुष्मा घिमिरे र नन्दकला अधिकारी रहनुभएको छ।

बुद्ध जयन्तीमा सामाजिक सद्भावका लागि मितेरी

तेश्रो नेत्र नेपालको आयोजनामा वुद्धपूर्णिमाका दिन जेठ ४ गते काभ्रेपलाञ्चोक जिल्लाको नमोवुद्ध चैत्य परिसरमा शान्तिका कामना गर्दै मितेरी कार्यक्रम समेत आयोजना भएको छ। भगवान गौतम वुद्धको देश नेपालमा पछिल्लो समयमा जातीय दुष्मनी र सामाजिक असहिष्णुता फैलाउँदै लगेको सन्दर्भमा सनातन धर्म राष्ट्र नेपालको प्र ाचीन मितेरी परम्पराले जाति जाति वीचको र धनी गरीव वीचको अन्तर्द्वन्द्व कम गर्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरेको कुरा संस्थाका अध्यक्ष मधु आचार्यले वताउनुभयो। संस्थाका पदाधिकारी सहित २३ जोडी मितेरी सम्वन्धमा अनुवन्धित रहेको कार्यक्रममा स्थानीय लामा गुरु सोनाम ग्याल्वो लामाले जातीय सद्भावको कामना सहित टीका प्रसाद र आशिर्वचन प्रदान गर्नुभयो। काभ्रेको वनेपावाट शान्तिका लागि युवा भन्ने नाराका साथ मोटरसाइकल र्‍याली गर्दै नमोवुद्ध पुगेका २०० जना भन्दा वढी संहभागीहरुले नमोवुद्ध क्षेत्रका सांस्कृतिक ऐतिहासिक एवं प्राकृतिक स्थलहरुको दर्शन एवं अवलोकन गरेका थिए। नमोबुद्धमा अध्ययन गर्दै गरेका लामा गुरुहरुले शान्ति पाठ गरी सवैलाई स्वागत अभिवादन गर्नुभएको कार्यक्रममा निःशुल्क रुपमा प्रसादी वितरणको व्यवस्था गरिएको थियो। कार्यक्रम संस्थाका अध्यक्ष मधु आचार्यले नमोवुद्धकै दया लामासँग, सचिव अरुण कुमार पाण्डेले डाँडापारीका लालवहादुर थिङसँग मितेरी सम्वन्ध जोड्नुभएको छ भने काठमाडौंवाट नमोवुद्ध दर्शन गएकी व्युटिसियन निलम तिवारीले संस्थाकी सदस्य सुनिता लामासँग मितिनी सम्वन्ध लगाउनुभएको छ।

धर्म जागरणको अदौमा प्रदर्शन

राष्ट्रिय धर्म जागरण अभियानले सनातन हिन्दू राष्ट्रको पक्षमा जनमत निर्माण गर्ने क्रममा देशव्यापी दौडाहा कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ। गत वैशाख १,२,३,४ गते काठमाडौंमा शाशास्त्र एवं विशेष सभा आयोजना गरेपश्चात विराटनगर, वुटवल, चितवन, पोखरा र अर्घाखाँची लगायतका स्थानमा आमसभा गरिसकेको र श्रावण सात गते देवीघाट नुवाकोट, श्रावण ११ गते पाल्पा, १३ र १४ गते गुल्मीमा जागरण कार्यक्रम आयोजना हुने वताइएको छ। हालसम्म देशव्यापी दौडाहासँगै १७ वटा जिल्लामा जिल्ला शाखाहरु गठन गरिएको छ। सवै जिल्ला शाखा गठन गर्दै जाने कुरा राष्ट्रिय धर्मजागरण अभियानका अभियन्ता भरतराज पौडेलले वताउनुभयो। पूर्वसांसद एवं कांग्रेस नेता शंकरप्रसाद पाण्डेको नेतृत्वमा सनातन हिन्दू राष्ट्र नेपालको अस्तित्व रक्षाका लागि धर्मजागरण अभियान मार्फत् काम भइरहेको छ। अभियानमा डा. वासुदेव कृष्ण शास्त्री कोइराला, पूर्वप्रशासक जनार्दन अधिकारी, स्वामी सम्वुद्धदेव लगायतका व्यक्तित्वहरुको ज्यादा सक्रियता रहेको छ।

सत्सङ्ग परिवारको ३४ औं स्थापना दिवस

सत्सङ्ग परिवार जाउलाखेलको ३४ औं स्थापना दिवस आषाढ २७ गते हरिशयनी एकादशीका दिन एक विशेष कार्यक्रमका वीच सत्सङ्ग भवन जाउलाखेलमा सम्पन्न भएको छ। १००८ स्वामी रमेश भारतीको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रममा प्रा. शिवगोपाल रिसाल, विष्णुगोपाल रिसाललगायत सत्सङ्ग परिवारसँग आवद्ध भक्तजनहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा प्रवचन गर्दै श्री १००८ स्वामी रमेश भारतीले हाम्रा सनातन धार्मिक ग्रन्थहरु, धार्मिक आध्यात्मिक चिन्तनहरु हाम्रा पुर्खाहरुले अनेकौं दुःख गरेर प्राप्त गरेको ज्ञानको भण्डार हो भन्नुहुँदै यस्तो भण्डारको हामीले संरक्षण गर्न सकेनौं भने भोलि हाम्रा सन्ततिले हामीलाई धिक्कार्नेछन्। भोलि त्यस्तो ज्ञान प्राप्त गर्न कठिन हुन्छ भन्नुभयो। उहाँले कर्म, भक्ति र ज्ञानको विनियोगद्वारा जीवन उत्थान गर्न आग्रह गर्नुभयो। सो कार्यक्रममा संस्था स्थापनाको उद्देश्य सहित संस्थागत परिचय विद्वान विष्णुगोपाल रिसालले गराउनुभएको थियो भने प्रा. शिवगोपाल रिसालले सभापतिय मन्तव्य राख्नुभएको थियो। कार्यक्रममा सत्सङ्ग परिवारलाई योगदान पुर्‍याउने विभिन्न महानुभावलाई सम्मान एवं कदर पत्र प्रदान गरिएको थियो। समाजसेवी रामलाल श्रेष्ठलाई सम्मानपत्र र स्व. शेरवहादुर थापामगर, वद्रीनाथ सिम्खडा र श्यामवहादुर शाहीलाई प्रशंसापत्र प्रदान गरिएको थियो।

जावलाखेल र आसपासका जेष्ठ नागरिकहरुको अध्यात्म चिन्तन र विश्रामको थलोका रुपमा स्थापित सत्सङ्ग परिवार अहिले राष्ट्रिय स्तरको आध्यात्मिक केन्द्रका रुपमा स्थापित भएको सत्सङ्ग पारखीहरु वताउँछन्। सत्सङ्ग परिवारको सफलताको ॐकारवाणी परिवारका तर्फवाट शुभकामना।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवशक्ति महोत्सव

पशुपतिनाथ प्राङ्गण भुवनेश्वरी क्षेत्रमा श्रावण १ गते देखि १५ गतेसम्म शिवशक्ति महोत्सव आयोजना भैरहेको छ। शिवशक्ति महोत्सवमा नित्य रुद्राभिषेक नवग्रह शान्ति हवन, भजन कीर्तन एवं झुला महोत्सवका साथ शिवमहापुराणको पाठपारायण कथा वाचन हुने भएको छ। पं. सागर आचार्यवाट शिवमहापुराण वाचन हुने सो महोत्सवको समुद्घाटन पूर्व प्रधानमन्त्री लोकेन्द्र वहादुर चन्दले श्रावण चार गते गर्नुभएको छ। राष्ट्रमा शान्ति, सद्भाव एवम् धार्मिक सहिष्णुता गौवंश संरक्षण, वैदिक सनातन हिन्दू धर्म जागरणका लागि सो महोत्सव आयोजना गर्न लागेको कुरा राष्ट्रिय ज्योतिष विज्ञान सेवा समितिका अध्यक्ष विश्वप्रेम भट्टराईले वताउनुभयो। महोत्सवका लागि श्री रामभक्त श्रेष्ठको अध्यक्षतामा समिति निर्माण भइ सनातन धर्म सेवा समिति नेपाल आर्य समाज, श्री कृष्ण ज्योति तुलसी सञ्जीव नी सेवा समिति समेतको विशेष संलग्नता रहेको कुरा वताइएको छ।

वंशी रामेश्वर मन्दिरको सातौं वार्षिकोत्सव

श्री वंशी रामेश्वर मन्दिर वत्तिसपुतली खरीबोटको सातौं वार्षिकोत्सव यही आषाढ ६ गते मन्दिर परिसरमा विशेष धार्मिक सभाको आयोजना गरी सम्पन्न भएको छ। प्रमुख अतिथि निरञ्जन पीठाधिश्वर श्री १००८ महामण्डलेश्वर स्वामी पुण्यानन्द गिरी जी महाराजको समुपस्थितिमा सो कार्यक्रम आयोजना भएको हो। कार्यक्रममा व्यासाचार्य किशोरकुमार गौतम, वालयोगीजी महाराज, स्वामी दादा वेद चैतन्य महाराज लगायत दर्जन साधुसन्त र सयौं भक्तजनको समुपस्थिति रहेको थियो। पशुपति वंशी रामेश्वर समितिका अध्यक्ष सुना भण्डारीको सभापतित्वमा सो कार्यक्रम आयोजना भएको हो। धार्मिक सभालाई सम्वोधन गर्दै स्वामी पुण्यानन्दजी महाराजद्वारा वंशी रामेश्वर मन्दिरको नामाकरणको सार्थकताका साथै नेपालको धार्मिक महिमावारे चर्चा गर्नुभयो। कार्यक्रममा अमृतमय भजन सकीर्तन प्रस्तुत गरिनुका साथसाथै सहभागीहरुलाई प्रसादको व्यवस्था गरिएको थियो।

राष्ट्रिय विभूति दिवस

योगी नरहरीनाथ आध्यात्मिक परिषद् एवम् हिन्दू राष्ट्र वचाउ समितिको आयोजनामा २४५ औं वहादुर शाह जयन्ती एवम् राष्ट्रिय विभूति दिवस समारोह जेठ ६ गते नेपाल वारको सभाकक्ष रामशाहपथमा सम्पन्न भयो। कार्यक्रमका प्रमुख अतिथि राप्रपा नेपालका अध्यक्ष कमल थापाले राष्ट्रिय विभूतिहरुको सम्मान राज्यले गर्नुपर्नेमा जोड दिनुहुँदै अहिले राज्यका तर्फवाटै राष्ट्रिय पहिचानमाथि संकट उत्पन्न भएको वताउनुभयो। हिन्दू राष्ट्र वचाउ समितिका अध्यक्ष तारानाथ लुइँटेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा लुइँटेलले नेपालको निर्माण गर्ने राजसंस्था हटाइएका प्रति कटाक्ष गर्दै गणतन्त्रवादी दलहरुलाई भष्मासुरको आरोप लगाउनु भयो। लुइँटेलले राष्ट्रिय एकताका प्रतिक पृथ्वीनारायण शाहको तस्वीर नेपालको नोटमा छाप्नुपर्ने वताउनुभयो। कार्यक्रममा सीतामैया थापा, चैतन्यजंग हिमाली, प्रा. लक्ष्मीप्रसाद खरेल, दिवाकर विक्रम शाह, रामकुमार थापा, क्षेत्री समाजका कुमार थापा, पाण्डे समाजका गणेशबहादुर पाण्डेलगायतले मन्तव्य दिनुभएको थियो। शंकर पौडेलले स्वागत मन्तव्य दिनुभएको सो कार्यक्रममा भरतजंग राणावाट राष्ट्रिय भावसहितको कविता वाचन भएको थियो। कार्यक्रममा कवि निलमकुमार न्यौपानेलाई सम्मान अभिनन्दन गरिएको थियो।

सनातन धर्म सेवा समितिको सम्मान अभिनन्दन

सनातन धर्म सेवा समितिको तर्फवाट व्यास जयन्ती एवम् गुरुपूर्णिमाको अवसरमा सँधै जस्तै एक भव्य समारोहका वीच यस वर्षको गुरु सम्मान एवं अध्यात्म सेवा सम्मानको कार्यक्रम सम्पन्न भएको छ। असार ३० गते प्रज्ञा प्रतिष्ठानको सभाकक्ष कमलादीमा आयोजित कार्यक्रममा यस वर्षको गुरु सम्मान पं. रामकृष्ण उपाध्यायलाई प्रदान गरिएको थियो। यस्तै धर्मसंस्कृतिका क्षेत्रमा योगदान पुऱ्याउने नुवाकोटका समाजसेवी ध्रुवराज पाण्डे, काठमाडौंकी इन्दिरा खनाल, टीकाराम अर्याल र चितवनका विष्णुप्रसाद सापकोटलाई सम्मान अभिनन्दन गरिएको थियो। कार्यक्रमलाई सम्वोधन गर्दै प्रमुख अतिथि कांग्रेस नेता प्रकाशशरण महतले नेपालको सनातन हिन्दू परम्परामाथि चारैतिरवाट आक्रमण हुन लागेकोले हामी नेपालीहरुले नै त्यसको रक्षा गर्नुपर्ने कुरा वताउनुभयो। अर्का विशिष्ट अतिथि सासद नविन्द्रराज जोशीले हिन्दू धर्मले मात्रै मान्छेलाई कहिल्यै निराश नवनाउने दर्शन र पद्धति वोकेको छ भन्दै धर्म र संस्कृति क्षेत्रमा हामीले युवापुस्तालाई पनि आकर्षण गर्नुपर्ने वताउनुभयो। आचार्य प्रा. जनार्दन घिमिरेले रसमय सञ्चालन गर्नुभएको कार्यक्रममा पं. तिलकप्रसाद पौडेल र विश्वप्रेम भट्टराईले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वस्ति वाचन गर्नुभएको थियो भने डा. विष्णुराज आत्रेय, डा. हरिभक्त नेउपाने, पं. रामकृष्ण उपाध्याय, रामवावु प्रसाई, हेमवहादुर कार्की, मुक्ति अधिकारी, माधव न्यौपाने, विष्णु सापकोटालगायतले मन्तव्य दिनुर्भएको थियो । कार्यक्रममा सनातनको पहिलो नारी अध्यक्ष शिला पन्तको सक्रियतामा सनातन धर्म सेवा समितिलाई नेपाल सरकारले वानेश्वरको शंखमूल क्षेत्रमा एक रोपनी जग्गा प्राप्त भएकोमा सवैले अध्यक्ष पन्तको भारी प्रशंसा गरेका थिए । भवन निर्माणका लागि सरकारवाट दिएको जग्गामा पर्खाल लगाउनका लागि कार्यक्रम स्थलमा नै झण्डै पचहत्तर हजार रुपैयाँ सहयोग उठेको थियो । सनातन धर्मसेवा समितिको भवन निर्माणका लागि सवैको सामूहिक संकल्प गराउने उद्देश्य अनुरुप निर्माण स्थलको माटो टपरीमा राखी कार्यक्रम स्थलमै वैदिक विधिपूर्वक सामूहिक संकल्प गराइएको थियो । कार्यक्रममा समारोहकी अध्यक्ष शिला पन्तले भर्खरका नयाँ नयाँ संस्थाले समेत आफ्नो कार्यालय भवन वनाइसकेका अवस्थामा नेपालको धार्मिक क्षेत्रकै सवैभन्दा पुरानो संस्थाले आजसम्म भवन वनाउन नसकेकोमा आफू दुःखित रहेको भन्दै भवनको मूल लक्ष्य लिएर विभिन्न नेताहरुकोमा आफ्नो कुरा राखेर जग्गा प्राप्त गर्न सफल भएको वताउनुभयो । पन्तले आफ्नै कार्यकालमा पशुपति क्षेत्र विकास कोषवाट कार्यालय सञ्चालनका लागि कोठाको समेत व्यवस्था गर्न सकेका वताउनुभयो । उहाँले जग्गामा भवन वनाउने हामी सवैको साझा संकल्प र प्रयास हुनुपर्ने वताउनुभयो । समितिले विगतमा जस्तै श्रीकृष्ण जन्माष्टमीका अवसरमा यस वर्ष पनि भाद्र ४ गते भद्रकालीवाट श्रीकृष्ण शोभायात्रा आयोजना गर्ने भएको समाचार छ ।

शिवयोगको योगमय भागवत

शिवयोग साधना केन्द्र गङ्गाघरको आयोजनामा यही असार १८ देखि २५ गतेसम्म योगमय श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञको समापन भएको छ । अनन्तश्री विभूषित जगद्गुरु वालसन्त मोहनशरण देवाचार्यको करकमलवाट समुद्घाटन भएको सो महायज्ञमा पं. डिल्लीराम गौत मले कथावाचन गर्नुभएको थियो भने दैनिक रुपमा विभिन्न धार्मिक विद्वान विदुपीहरुले प्रवचन गर्नुभएको थियो । व्यासाचार्य किशोर गौतम, डा. चिन्तामणि योगी, डा. हरिप्रसाद मानसाग्नि, डा. काशीनाथ न्यौपाने, पं. रामचन्द्र भण्डारीले दिउँसोको समयमा आध्यात्मिक प्रवचन प्रस्तुत गर्नुभएको थियो । वृद्ध साधना गृह निर्माणका लागि दैवी ऊर्जा शक्ति आर्जन गर्ने उद्देश्य सहित आयोजना भएको विशुद्ध ज्ञान भक्ति र वैराग्यको त्रिवेणी यो यज्ञवाट मध्यपुर थिमी न.पा. १५, १६ र १७ नं. वडाका आमनागरिकले आध्यात्मिक लाभ लिएका छन् । महायज्ञ तैयारीका लागि केन्द्रकी अध्यक्ष राधिका भट्टराई, प्रकाश भट्टराई, आदर्श भट्टराई, शालिक गिरी, विन्दु मल्ल, ध्रुव हुमागाई, उत्तम घिमिरे, प्रमिला कार्की, सरस्वती थापा, सुभद्रा अधिकारी, राधा श्रेष्ठ, कमला पाण्डे, दधिराम पाण्डे, प्रेम रायमाझी, शोभा रायमाझी, खिमीकुमारी काफ्ले, माधव गौतम, नन्दमाया सिटौला, सागर गुरागाई, प्रेमा चन्द्र देवी चित्रकार लगायतले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । महायज्ञको शुभारम्भमा सयौं महिलाद्वारा कलश शोभायात्रा सम्पन्न भई फूलपाती विसर्जनमा समेत ठूलो संख्यामा मातृशक्तिको सहभागिता रह्यो । एक दशकदेखि योगसाधनाका माध्यमले सेवा पुऱ्याउँदै आउनुभएकी राष्ट्रवादी राधिका भट्टराईको वृद्ध साधना गृह निर्माण गर्ने संकल्पको सर्वत्र स्वागत र सम्मान भएको आम भक्तजनको भनाइ छ ।

पूर्वराजाको जन्मोत्सव

पूर्व राजा श्री ५ ज्ञानेन्द्रको ६५ औं जन्मदिवस यही आषाढ २३ गते सम्पन्न भएको छ । निर्मल निवास महाराजगञ्जमा आफ्ना हज्जारौं समर्थकहरुको शुभकामना ग्रहण गर्दै सो दिवस सम्पन्न भएको छ । जन्मोत्सव समारोहमा पुष्पगुच्छासहित राजावादी नेताहरु साथै धार्मिक क्षेत्रको ठूलो जमात निर्मल निवास पुगेको थियो । विभिन्न जातीय एवं सांस्कृतिक झाँकीहरु बाजागाजासहित निर्मल निवासमा प्रस्तुत भएका थिए । यसपाला ठूलो संख्यामा सर्वसाधारण र सञ्चारकर्मीको समेत उपस्थिति रहेको थियो । निर्मल निवासमा अपरान्ह पत्रकार सम्मेलन गरी पूर्वराजाबाट विशेष राजनीतिक सम्वोधन आउने धेरैको अनुमान रहेपनि प्रेस विज्ञप्तिमार्फत् जनताको हक अधिकार सुनिश्चित होस् भन्ने कामना गरिएको थियो । "६५ औं शुभजन्मोत्सवको सुखद सन्दर्भमा हार्दिक कृतज्ञता र मताभिव्यक्ति" भन्ने शीर्षकमा सार्वजनिक विचारमा आफ्ना पूर्वजहरुको योगदान नेपाली राजसंस्थाको राजधर्मका परम्पराका वारेमा चर्चा गर्दै स्वतन्त्र नेपालका लागि आफूले सवैकुरा त्याग गरेको उल्लेख गरिएको छ । २०६५ सालमा राजगद्दी र नारायणहिटी दरवार छाड्नुलाई सो प्रेस नोटमा नयाँ राष्ट्रिय भूमिकाको निर्वाह गरेको कुरा उल्लेख गर्दै राजसंस्था भूमिकाविहीन अवस्थामा नरहेको कुरा संकेत गरिएको छ । पूर्वराजाले अविभाज्य नेपाल र भाषिक, धार्मिक सांस्कृतिक र भौगोलिक विविधता वीचमा एकताको कामना गर्दै हिमाल, पहाड र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तराई मिलेर बनेको यो सुन्दर नेपालको भविष्यबारे सबैले चिन्तन गर्नुपर्नेमा जोड दिनुभएको छ ।

पूर्वराजाबाट नागेश्वरको समुद्घाटन

काठमाडौं महानगरपालिका ३५ पुरानो सिनामङ्गलस्थित नवनिर्मित नागेश्वर महादेव मन्दिरको समुद्घाटन एवं रुद्रभिषेक सहित विशेष शिवपूजन कार्यक्रम श्रावण २ गते सोमबार पूर्व राजा श्री ५ ज्ञानेन्द्रवाट सम्पन्न भएको छ । काठमाडौंको त्रिभुवन विमानस्थल क्षेत्रमा रहेको नागेश्वर शिवमन्दिरलाई सिनामङ्गल क्षेत्रमा स्थानान्तरण गरी यो नयाँ मन्दिर निर्माण गरिएको हो । मन्दिर समुद्घाटनका अवसरमा हज्जारौं भक्तजनहरुको उपस्थिति रहेको थियो । रुद्राभिषेकका लागि कर्मकाण्डका विद्वान आचार्य बाबुराम रिजालले गुरुको भूमिका निर्वाह गर्नुभएको थियो भने नायब बडागुरुज्यू प्रा.डा. माधव भट्टराई र स्वामी दिन दयालु महाराजको विशेष उपस्थिति रहेको थियो । मन्दिर उद्घाटनको कार्यक्रममा पूर्वराजालाई आमन्त्रण गरिएको विषयमा पत्रकारहरुद्वारा राखेको जिज्ञासामा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष प्रकाशजंग रायमाझीले सनातन हिन्दू धर्मको रक्षाको अधिकारी राजा मात्र भएकाले पूर्वराजाद्वारा समुद्घाटन गराइएको प्रतिक्रिया दिनुभयो । सो कार्यक्रममा सहभागी सबैलाई प्रसादीको सुव्यवस्था आयोजकले गरेको थियो । रायमाझी वंशका विशिष्ट व्यक्तित्वहरुको उपस्थिति रहेको सो कार्यक्रममा अरुणा रायमाझीको विशेष उपस्थिति थियो । यसैगरी ज्यो. पं. भैरवराज शर्मा कौसिक एवं श्रीमती जानकीको समेत उपस्थिति थियो ।

उत्तरगयामा श्रीमद्भागवत

आत्मसाधना आश्रम निर्माणको सहयोगार्थ नयाँपाटी उत्तरगया काठमाडौंमा श्रावण एक देखि आठ गतेसम्मका लागि श्रीमद्गभावत महायज्ञ सप्ताह भैरहेको छ । लोककल्याण सेवा प्रतिष्ठानको १०८ महायज्ञ अनुष्ठान अन्तर्गत तृतीय अनुष्ठान उत्तरगया क्षेत्रमा आयोजना भएको हो । बालव्यास पं. भुवनप्रसाद घिमिरेज्यूवाट अमृतमय कथावाचन भएको सप्ताह यज्ञमा गोकर्ण, नयाँपाटी, सुन्दरीजल क्षेत्रका धर्मप्रेमीहरुले आध्यात्मिक लाभ लिएका छन् । यो महायज्ञमा आत्म साधनानिर्माण सहयोगार्थ कामपा ३४ का महेश शर्मा ओलीले तीन लाख र गोकर्णेश्वर स्वास्थ्य चौकीमा कार्यरत शान्ति उपाध्यायले तीन लाख, सीता थापाले पैंसट्ठी हजार, चार्वहिलका ईश्वरी पौडेलले पच्चीस हजार नगद सहयोग गर्नुभएको छ । यसैगरी सयौं भक्तजनले एक हजार देखि पच्चीस हजार सम्म दान गरेका छन् । महायज्ञमा दैनिक भजनकीर्तन, झाँकी प्रदर्शन एवं प्रसाद वितरणको कार्यक्रम रहँदै आएको कुरा कार्यक्रममा लोककल्याण सेवा प्रतिष्ठानका महासचिव रामेश्वर खनालले बताउनुभयो । प्रतिष्ठानका सचिव नुच्छेमाया श्रेष्ठ र कोषाध्यक्ष नुच्छेलाल श्रेष्ठले महायज्ञ आयोजनामा विशेष योगदान पुर्‍याउनुभएको अध्यक्ष सावित्री टण्डनले बताउनुभयो ।

पशुपति भुवनेश्वरीमा शिवमहापुराण

लोककल्याण सेवा प्रतिष्ठानको सत्संकल्पमा १०८ महायज्ञ मध्ये चौथो महायज्ञ श्रावण १६ देखि पशुपतिमा भुवनेश्वरीमा आयोजना हुने भएको छ । सो कार्यक्रमको शुभसाइत एवम् यज्ञको संकल्प यही श्रावण चार गते लोककल्याण सेवा प्रतिष्ठान १०८ महायज्ञ व्यवस्थापन संयोजक रामेश्वरप्रसाद खनालले पशुपतिनाथमा गर्नुभएको हो । महायज्ञको मूल आयोजक समितिकी अध्यक्षता व्यासाचार्य किशोरकुमार गौतमले गर्नुभएको छ । महायज्ञमा झुला महोत्सव भजनसंकीर्तन सहित शिवमहापुराण वाचन हुने र दैनिक रुपमा विशिष्ट व्यक्तित्ववाट प्रवचन हुने कार्यक्रम समेत आयोजना हुने कुरा आयोजक संस्थाका महासचिव रामेश्वर खनालले जानकारी गराउनुभयो ।

पञ्चाङ्ग समितिमा पुनः भट्टराई

सरकारले नेपाल पञ्चाङ्ग निर्णायक समितिको अध्यक्षमा प्रा.डा. माधव भट्टराईलाई नै निरन्तरता दिएको छ । म्याद समाप्त हुनुअघि नै डा. भट्टराईको नेतृत्वमा केही नयाँ सदस्यहरु समेत समितिको म्याद थप गरेको हो । समितिमा अध्यक्षमा प्रा.डा. माधव भट्टराई, सदस्य सचिव ज्यो. पं. सूर्यप्रसाद ढुङ्गेल, सदस्यहरुमा प्रा.डा. साम्वराज आचार्य, प्रा. मङ्गलदास प्रधानाङ्ग, प्रा.डा. दीर्घराज घिमिरेका साथै नवनियुक्त सदस्यहरुमा प्रा.डा. देवमणि भट्टराई, प्रा.डा. रामचन्द्र गौतम, पं. तुलसीनाथ जोशी, प्रा. श्रीकृष्ण अधिकारी, स.प्रा. पुरुषोत्तम भट्टराई र डा. लोकराज पौडेल रहनुभएको समितिका सदस्य सचिव सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिनुभयो ।

यातु महादेवको पुस्तक

श्रावण महिनामा दर्शन गर्नैपर्ने शिवमन्दिरमध्ये निष्कलंकेश्वर महादेव (यातु महादेव) मन्दिरका विषयमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यकार हरि मञ्जुश्रीले जानकारीमूलक पुस्तक सम्पादन गर्नुभएको छ । भक्तपुर वागेश्वरी खरिपाटीमा रहेको यात्रु महादेव परिसरमा रहेका सवै देवदेवीहरुको वर्णन एवं तस्वीरसहितको सो पुस्तकको प्रा.डा. माधव भट्टराईले विमोचन गर्नुभएको हो । पुस्तक विमोचन समारोहमा यातु महादेव मन्दिर निर्माणमा अतुलनीय योगदान पुऱ्याउने समाजसेवी रामवहादुर ताम्राकारलाई अभिनन्दन गरिएको थियो । समारोहमा पूर्वप्रशासक चन्द्रवहादुर खड्का, धुलिखेलका वेलप्रसाद श्रेष्ठ, साहित्यकार हिरण्य भोजपुरे, लेखक सहकुल थापा लगायत सहभागी हुनुहुन्थ्यो ।

उपराष्ट्रपतिबाट साई विद्यालयको समुद्घाटन

श्री सन्जय साई सेवा अर्गनाइजेशन नेपालले आफ्नो वार्षिक कार्यक्रम अनुसार गर्नु पर्ने नियमित कार्यहरु गर्दै आएको छ । त्यस मध्ये २५५२ औं वुद्ध जयन्तिको अवसरमा वुद्धनगर स्थित अर्गनाईजेशनको प्राङ्गणमा रक्तदान कार्यक्रम गरीयो । प्रत्येक ६/६ महिनामा गरीने रक्तदान कार्यक्रममा १५० पिन्ट रगत जुनसुकै पटक पनि संकलन हुने गरेको छ । नेपाल रेडक्रस सोसाईटी व्लड वैंक शाखाले गत वर्ष सवै भन्दा वढी महिलाहरुको सहभागिता गराई रक्त संकलन गराएको भनी सो अर्गनाईजेशनलाई रनिङ्ग शिल्ड प्रदान गरेको ।

वुद्ध पूर्णिमाको दिन काभ्रे जिल्लाको सर्स्यूखर्कवाट वाजा गाजा सहित आएका वौद्ध भिक्षुहरु सहित अर्गनाइजेशन प्राङ्गणमा भेला भएका हजार वाह्रसय भक्तहरुको माझमा भगवान वावावाट वुद्ध प्रतिमा श्रृजना गरी दर्शन गराई वक्स्यो । सो दिन भगवान वुद्ध सहितका सर्वधर्मका भजन कीर्तन गरीयो । वावावाट सम्वोधनका क्रममा नेपाललाई जति सक्दो चाँडो शान्ति क्षेत्र कायम गर्न आशिर्वचन प्रदान गरी वक्स्यो ।

सन्जय साईसेवा अर्गनाईजेशनले प्रत्येक भक्तवाट मासिक रुपमा संकलन हुन आएको एक एक सय को जम्मा वाट संचालनमा आएको श्री साई शिक्षा ज्योती विद्यालयको भगवान संन्जय साई वावा र सम्माननिय उप-राष्ट्रपति श्री परमानन्द झा ज्यू समेतवाट मिति २०६८।०२।०७ मा विधिवत समुद्घाट्न भयो । उक्त विद्यालयमा यो वर्ष कक्षा ५ सम्म पठन पाठनको व्यवस्था गरिएको छ । हरेक मानिसले निःशुल्क रुपमा स्वास्थ्य,शिक्षा र पिउने पानि पाउनु पर्छ भन्ने मिशनको उद्धेश्य अनुसार निःशुल्क रुपमा दिन लागिएको विद्यालय शिक्षामा आजको भौतिक शिक्षा समेत नैतिक शिक्षा,चारित्रिक शिक्षा र आध्यामिक शिक्षा पर्दछ । स्वयं वावावाटै शिक्षा ग्रहण गर्न पाउने भएकोले अध्ययनरत वालवालिकाहरु खुसि छन् भने अध्ययनरत वालवालिकाका अभिभावकहरु आफ्नो घरमा शिक्षाको दीप प्रज्वलित भएकोले अव साच्चै मानवमा अकल्पनिय सुधार आउने विश्वास राख्दछन ।

समुद्घाटका दिन शिक्षा मन्त्रालयका सह-सचिव श्री जनार्दन नेपाल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री चित्रराज पनेरु,नेपाल सरकारका सचिव डा.श्री गोविन्द कुसुमले सो विद्यालयका वारेमा वोल्नु भएको थियो ।

सम्माननिय उप-राष्ट्रपति ज्यूवाट सम्वोधनका क्रममा यो विद्यालय मेरो जिल्लामा स्थापना भएको भए भौतिक व्यवस्था सवै म वाट गरिदिने थिएँ । यहा जो जसरी सहभागी हुनु भएको छ तपाईहरु धन्य हुनुहुन्छ । यो नै भगवानको मन्दिर हो । १/१ ईट्टा थप्नु तपाईहरुको अहो भाग्य हो भन्नु भयो ।

भगवान वावावाट सम्वोधनका क्रममा कक्षा ५ सम्म न भई यो मिशनले चाडै नै स्नात्तकोतर सम्मको पढाई हुने विश्व विद्यालय स्थापना गर्ने त्यो पनि निःशुल्क रुपमा स्थापना हुने अमृत वचन दिदै त्यस्मा सवैको सहभागीता हुने छ र सवैलाई भगवानको कृपा हुने छ भनी आशिर्वचन प्रदान गर्नु भयो ।

कर्मयोगीको स्मृति दिवस

कर्मयोगी वद्रीविक्रम थापा स्मृति सेवा गुठीको चौधौं वार्षिक कार्यक्रम एवं ८९ औं वद्रीविक्रम जन्मजयन्ती श्रावण ११ गते काठमाडौंको राष्ट्रिय सभागृहमा सम्पन्न भएको छ । कार्यक्रममा श्रीमती सुवर्णलता थापा र श्रीमती पुनम थापाद्वारा माल्यार्पण गरिएको थियो । उपस्थित व्यक्तित्वलाई स्वागत मन्तव्य कोषाध्यक्ष किरण थापाले गर्नुभएको थियो । लेखक हरि सोडारीद्वारा लिखित साधनाको अनन्त यात्रा नामक स्वामी डा. प्रपन्नाचार्यको जीवनी पुस्तकको विमोचन गरिएको थियो । कार्यक्रममा श्री रामहरि जोशी (कांग्रेस नेता) र श्री नरकान्त अधिकारी (पूर्व प्रशासक)लाई अभिनन्दन गरिएको थियो । हिन्दू विद्यापीठ नेपालका प्राचार्य डा. चिन्तामणि योगीले ओजस्वी प्रवचन राख्नुभएको कार्यक्रममा विद्यापीठकै नैतिकवान छात्रछात्रालाई पुरस्कार एवं प्रमाणपत्र वितरण गरिएको थियो । प्रमुख अतिथि संस्कृतविद श्री सत्यमोहन जोशीसहित मानवअधिकारवादी नेता कृष्ण पहाडीले मन्तव्य राख्नुभएको थियो । साहित्यकार जीवनचन्द्र कोइराला। हरि मञ्जुश्री, अमृता विष्ट। रमा शर्मा, डा. मुरली अधिकारी (हाल अमेरिका), डा. लोकविक्रम थापा लगायतका गरिमामय उपस्थिति रहेको थियो । कार्यक्रमको सभापतित्व स्वामी. डा. प्रपन्नाचार्यले गर्नुभएको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



नागेश्वर शिव मन्दिरको समुद्घाटन पूजा गर्दै
पूर्व राजा ज्ञानेन्द्र



नागेश्वर शिवलिंग पूजन कार्यक्रम

शिवयोग साधना केन्द्रको श्रीभद्भागवत कार्यक्रमको शोभायात्रा

शिवयोग साधना केन्द्रको श्रीभद्भागवत कार्यक्रममा
जगद्गुरु बालसन्त मोहनशरण देवाचार्य महाराज

सनातन धर्म सेवा समितिको सम्मान ग्रहण गर्दै समाजसेवी
ध्रुवराज पाण्डे

सनातन धर्म सेवा समितिको गुरु सम्मान ग्रहण गर्दै
पं. रामकृष्ण उपाध्याय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal